# खण्ड १
# जिल्ला वस्तुस्थिति विश्लेषण

## १.१ चितवन जिल्लाको ऐतिहासिक पृष्ठभूमि तथा नामाकरण

चितवनलाई विभिन्न जनजाति, भाषाभाषी र संस्कृतिको विविधतामा एकता भएको जिल्लाका रुपमा चिनिन्छ । आजभन्दा चालिस वर्ष अघिसम्म चितवन झण्डै कालापानी (Death Valley) को रुपमा चिनिन्थ्यो । अर्थात औंलोको घर भनेर चिनिन्थ्यो । औंलोको डरले पहाडतर्फका मानिसहरू मैदानी भागमा वसोवास गर्न रुचाउदैनथे। मैदानी भाग त केही आदिवासीहरूको वस्तीका रुपमा मात्र थियो । अधिकांश भाग जंगलले ढाकिएको र यसमा महत्त्वपूर्ण जंगली जीवजन्तुहरू पाइने हुनाले यसलाई विशेष भू-भाग रुपमा पनि ठानिएको थियो ।

लाखौं वर्षको भौगोलिक विकास र परिवर्तन (Evaluation) द्वारा निर्मित यहाँको मनोरम भूमि, प्राकृतिक सौन्दर्य, जैविक विविधता, विशेष जीवजन्तु र आदिम मानवको उत्पति थलो र आधुनिक विकासका सञ्जालहरू यी सवैका कारणले चितवन अनुपम रहेको मान्न सकिन्छ ।

यहाँ एकातिर मैदानी भागमा वर्षौदेखि वसोवास गर्दै आएका आदिवासी थारु जाति छन् भने अर्कोतर्फ पहाडी क्षेत्रमा (महाभारत पर्वत श्रृंखलातर्फ) अर्को आदिवासी चेपाङ जाति रहेको छ। तर अनौठो के छ भने ती दुवै आदिवासी जाति आ-आफ्नो भू-भागमा हजारौं वर्षदेखि डेग नचली वसोवास गरेका छन्। न त थारु जाति मैदानी भाग छोडेर कहिल्यै पहाडतर्फ उक्लेको पाइन्छ न चेपाङ त्यत्रो उर्वर मैदानमा नै कहिल्यै ओर्लेको देखिन्छ। यी दुवै थरी आदिवासी चितवनका धर्तीपुत्र हुन भन्दा अत्युक्ति हुँदैन होला। किनभने थारुजातिलाई चितवनमा औंलोपचार गरेको जाति भनिन्छ। मानिसले औंलो पचाउन तीन हजार वर्ष लाग्छ भन्ने विद्वानहरूको राय पाइन्छ। यसर्थ थारुजाति चितवनको रैथाने वा आगन्तुक जे भए पनि यो जातिको इतिहास तीनहजार वर्ष अघिसम्मको रहेछ भन्ने यसवाट थाहा लागेको छ ।

चितवनलाई केही पहिलेसम्म रापती भनिन्थ्यो। हुन त यहाँ रापती र रिऊ दुई वटा दून छन्। दून भनेको संस्कृत द्रोणी (डुंड) को अपभ्रंश रुप हुनु पर्छ। किनभने प्राचीनकालमा चितवन जो दुई पर्वतश्रृंखलाको वीचमा डुंड जस्तो भएर रहेको भू-भागलाई 'द्रोणी' भनिन्थ्यो। यही द्रोणीवाट द्रोणीवाल (द्रोणीवासी) हुँदै द्रोणीवार र दनुवार भएको उल्लेख पाइन्छ। यस भनाईले पनि यस'द्रोणी' वा 'दून' मा पहिले देखिनै मानवको वसोवास रहेछ भन्ने जनाउँदछ ।

'महाभारत' र 'रामायण' कालको झल्को दिने पुरातात्विक स्थलहरू र वस्तुहरूका अवशेषहरू वाल्मीकि आश्रम, गोद्धक, परशुरामकुण्ड, देवघाटको रामअश्वमेघ यज्ञकुण्ड, वागेश्वरीको सरस्वतीमन्दिर आदिले पनि ऐतिहासिक सभ्यतालाई जनाएको छ ।

इतिहासकारहरूको मतमा प्राचीनकालको पूर्वाद्धमै लिच्छवी राजा अंशुवर्माले चितवन हुँदै भारततर्फ जाने वाटो खुलाएका थिए । यो खुलाएको स्थान सोमेश्वर गढी नै हुनुपर्छ भन्ने धेरै

विद्वानहरूको राय पाइन्छ ।

सोमेश्वर पर्वतश्रृंखलाभन्दा दक्षिण गण्डक प्रशवन क्षेत्रको चर्चा प्राचीनकाल देखिनै हुँदै आएको पाइन्छ। यही क्षेत्रमा वाल्मीकि आश्रम, सीताको वानप्रस्थ स्थल, लवकुशको जन्मभूमि आदि कुराहरूको उपस्थिति छ ।

भारत र नेपालमा अखण्डरुपमा फैलिएको वुद्धधर्ममा त्यतिखेर ह्रास आउनथालेको थियो । यस धर्ममा अनेक सम्प्रदाय खडा हुनथालेका थिए। अहिंसक वुद्धधर्ममा हिंस्रक चरित्र भएको तान्त्रिक मतले प्रवेश गर्नथालेको थियो। वैधिक धर्ममा फैलिएको हिंसा, वर्णभेद, जातीय अहंकार, नारीमाथिको दमन इत्यादि विकृतिका विरुद्ध लक्षित रहेको तान्त्रिक मतले जातपात, वर्णव्यवस्था मान्दैनथ्यो। छुवाछुत मान्दैन्थ्यो। दासहरू र नारीहरूमाथिको अत्याचार दासहरूको किनवेच र नारीहरूले अनिवार्य पालना गर्नुपर्ने सती-प्रथा विरुद्ध तान्त्रिक मत लक्षित थियो। यसो भएकाले यस मतमा वर्णव्यवस्थाभित्र नपर्ने वा नमान्ने गैरआर्य जातिका मानिसहरूको वहुल्यता थियो। अर्थात् गैहवैदिक जातजातिका मानिसहरू यस मतवाट प्रभावित भैरहेका थिए। चितवनका थारु जाति पनि यही मतमा दीक्षित हुँदै आए। तन्त्र-मन्त्र, जादू, टुनामुनामा अझै पनि थारुजातिका मानिसहरूको अगाध् विश्वास रहेको छ ।

प्राचीनकालमा यस मतवाट थारुहरूमा कति प्रभाव पर्न गएको थियो भने यसको झलक तिनमा अझैपनि पाइने अनेक किंवदन्तीले जनाउँदछ। एउटा किंवदन्ती त हाल सोमेश्वरगढी नजिकै रहेको ढुङ्गाको डुँड (उनीहरू यसलाई डुङ्गा भन्छन्) सित सम्वन्धित छ। त्यो'ढुङ्गाको डुङ्गा'- थारु गुरौं (तान्त्रिक धार्मिक अगुवा) को तान्त्रिक डुङ्गा हो। त्यसमा चढेर थारु गुरौं जलमग्न रिऊ उपत्यका र रापती उपत्यका तरी डुङ्गा खियाएर महाभारत पर्वत श्रृंखलाका विभिन्न गढीहरूमा घुम्दथे रे। त्यतिखेर महाभारत पर्वत श्रृंखलाका विभिन्न भू-भागमा अर्को आदिवासी चेपाङहरूको त्यतिनै सुन्दर राज्य थियो। पछि त्यही डुङ्गा सोमेश्वरगढीमा पुगेको वेला पानी सुकेर डुङ्गा त्यही छोडिएको रे' भन्ने किंवदन्ती थारु समुदायमा पाइन्छ। ८/९ फिट लामो र झण्डै डेढ फिट खोपिएको ढुङ्गा साँच्चै नै डुङ्गा आकारकै छ।

पश्चिममा खसराज्यको उदय १२ औं शताव्दीमा भएको इतिहासकारहरूले मानेका छन्। यस खसराज्यको उदय भएपछि यसको सीमा फैलिएर गण्डकवारीसम्म आइपुगेको उल्लेख पाइन्छ - "जुन वखत खसराज्य नेपाल उपत्यकादेखि पश्चिमा गढवालको पल्लो छेउसम्म तराई, उत्तरमा व्रहमपुत्रदेखि दक्षिणमा तराईसम्म विस्तृत थियो" यसपछि पन्ध्रौं शताव्दीमा चितवन चौवीसी राज्य अन्तर्गत रहन गएको देखिन्छ ।

पाल्पाली सेनराज्य - मुकुन्दसेन प्रथमका छोरा भृङ्गि सेनले तनहू राज्य स्थापना गर्नु अघि चितवन विशाल पाल्पाराज्य अर्न्तगत थियो भन्न सकिन्छ। त्यतिमात्र नभै मुकुन्दसेन हाल चितवन र तनहूको सीमामा अवस्थित देवघाट धाममा आई तपस्या गरेका थिए। अझै देवघाटमा मुकन्द महादेवको मन्दिर र मुकुन्ददेश्वर चक्रशीला (शालीग्राम) देख्न पाइन्छ। यसको अर्थ चितवन विस्तारित पाल्पाराज्यको अधिनमा थियो भन्ने देखिन्छ ।

भृङ्गि सेनद्वारा तनहूमा सेनराज्य खडा भएपछि चितवन स्वत: यस राज्य अर्न्तगत परेको थियो। तनहू र चितवन यसको सम्वन्धलाई अहिलेका विद्वानहरू यसरी पनि सम्वोधन गर्ने गर्छन- "भूगोलविद डा. हर्क गुरुङ्गले गाउँ-गाउँको चरित्र इतिहासका घटनाक्रम वा यातायात निर्माणको सम्वन्धमा परिवर्तन

आउँदा त्यसको रुपै फेरिन्छ भन्दै डा. गुरुङका शव्दमा- "तनहूसुर वाजे हो, वन्दिपुर वावु हो र नारायणगढ नाति हो भने डुम्रे, विमलटार एवम् आँवुखैरेनी नारायणगढका भाइहरू र दमौली घरज्वाइँ भएको रोचक सत्य प्रसङ्ग उल्लेख गरेका छन् ।" वास्तवमा चितवन तनहूकै तराई हो ।

तनहूको सेन राज्यको सीमा दक्षिण तराईसम्म थियो। दक्षिणी तराई भनेको चितवन रामनगर र राजपुर पनि थियो। पछि सन् १८१६ को सुगौली सन्धिले यो क्षेत्र भारतमा गाभिएको हो। सन्धिपछि यो भारततर्फको भए तापनि तनहूका सेन राजाहरू भने पछि सम्म त्यहाँको रजौटाको रुपमा रहे। सन् १९४७ मा भारत स्वतन्त्र भएपछि मात्र त्यो भू-भाग पूर्ण रुपले भारतको अधिनमा गयो र सेन राज्यहरूको अस्तित्व विलिन हुन पुग्यो ।

"पाल्पाली राजा मुकुन्दसेन (प्रथम) का छोरा भृङ्गि सेनपट्टिको हाँगोले तनहूमा लगभग सवा दुईसय वर्षसम्म राज्य गरे। वि.सं. १८३९ मा तनहू नेपालमा गाभिएपछि तनहूका सेन वंशधरहरू विहार, चम्पारणको रामनगर राज्यमा गई रहन लागे। तनहूका राजाहरूमा हिउँदे दरवार पहिलेदेखिनै त्यहाँ विद्यमान थियो। तनहू राज्यको तत्कालीन दक्षिणी सीमा हालको भारतको चम्पारण जिल्लाको रामनगर रामपुरसम्म थियो। त्यसैले वि.सं. १८१० मै त्रिविक्रम सेनले सोमेश्वरगढी मुकाम गरी पत्र लेखेका थिए। साथै वि.सं. १८२७ मा तनहूका राजा कामरिदत्त सेनले गुणानन्द पन्तलाई'चितौन मौजा' को'सहलौली' 'गावू' 'विर्ता' दिएका थिएज्ञ र यिनले नै देवघाट 'मुकाम' गरी'इटलीका पोप' लाई पत्र समेत लेखेको देखिन्छ।

रामनगर राज्यमा सेनराजाहरू सन् १८७९ अर्थात् वि.सं. १९३६ सम्म रहे। यही साल त्यहाँका अन्तिम राजा प्रल्हाद सेनको पुत्रविहिन भै मृत्यु भएपछि तनहूको सेन राजवंशको अन्त्य भएको देखिन्छ। यस अघि तनहूका राजाहरूले रामनगर मोकाम गरी चितवन माडी तर्फका कतिपय जमिन विर्ता दिएको उल्लेख पाइन्छ।

रामनगर राज्यका राजा तेजप्रसाद सेनकी रानी तेजराज्य लक्ष्मी नेपालका राजा श्री ५ रणवहादुर शाहकी छोरी थिइन्। यिनलाई रणवहादुर शाहले ठोरी नजिकको १५ गाउँ दाइजो दिएका थिए र अहिले ती गाउँहरू भारततर्फ कै परेको मानिन्छ। यसैगरी रणवहादुर शाहका ज्वाई तेजप्रसाद सेनले सोमेश्वरगढी नजिकै एउटा महल वनाएका थिए। सोमेश्वरगढीवाट दक्षिण पानीढलोमा जङ्गलको वीचमा निकै ठूलो वंगलाको भग्नावशेष भेटिन्छ जुन त्यही महलको प्रमाण हुन सक्छन्।

रामनगरका राजाहरूको प्रसङ्ग आउँदा के पनि उल्लेख गर्नु पर्ने भएको छ भने तनहूका राजा हरकुमार दत्त सेन व्रिटिश- भारतका अंगेजहरूसित मिलेका थिए भन्ने आरोप फैलियो र त्यसै भएकाले नेपालका राजा प्रतापसिंह चितवनमा प्रशासक भई वसेका विचित्र सेनलाई कव्जामा लिई चितवनमाथि उपरदाङगढी, सोमेश्वरगढी, कविलासपुरगढी, कान्द्राङगढी आदि स्थापनमा आक्रमण गरी वि.सं. १८३४ मा विजय गरे। त्यस वेलामा तनहू राज्य पूर्णरुपमा विभक्त भैसकेको थिएन। यसको चितवनक्षेत्र वाहेक तनहूसुर, रामनगर र राजपुर यथावत थियो।

तनहू राज्यको पहाडतर्फको क्षेत्रपनि ठूलै थियो। यसको मुख्य राजधानी चुँदी नजिकै सुर भन्ने स्थानमा थियो। हालको चितवनसँग जोडिएको तनहूको पुछार- देवघाट त्यतिखेर पनि महत्त्वपूर्ण ठाउँ थियो। हिउँदभरि तनहूका सेन राजपरिवार यस देवघाटमा रहने गर्थे । हिउँदमा माघे सङ्ग्रातिदेखि

एक महिनासम्म देवघाटमा ठूलो मेला लाग्ने गर्दथ्यो। त्यस्तै मेला वाल्मीकि आश्रम नजिकै त्रिवेणीमा पनि लाग्दथ्यो। त्यसो भएकाले हिउँदमा त राजपरिवार लगायत पहाडतर्फका पुगि सरि आएका मानिसहरूको अत्यन्त चलखेल हुने ठाउँ वनेको थियो देवघाट र त्रिवेणी। त्यस्तै ठोरी, रामनगर, गोद्धक पनि आवतजावतका केन्द्र वनेका थिए।

त्यतिखेर जाडो याममा तराई क्षेत्रमा र गर्मीमा सोमेश्वर गढी, कविलासपुर आदि सेनहरूको बस्ने क्षेत्र थियो। कविलासपुरगढी, सोमेश्वरगढी, र देवघाट मुकाम वनाई त्रिविक्रम सेनले १८१०-१५ तिर लेखेको पत्रहरूको उल्लेख पाइन्छ।

मध्यकालीन चितवन भनेको केही गढीहरू, केही धार्मिक मेला स्थलहरू केही आदिवासी गाउँहरू, र आजको भारततर्फका उब्जाऊ भूमिहरू हुन्। अर्थात् त्यसवेलाको चितवन भनेको महाभारत चूरे पर्वत श्रृंखलामा रहेका केही गढीहरू महाभारत पर्वत श्रृंखलाका केही गाउँहरू, रापती र रिउ उपत्यकाका केही आदिवासीहरूका पातला वस्तीहरू, रामनगर र राजपुर, त्रिवेणी वाल्मीकि आश्रम, गोद्धक पर्शुराम कुण्ड, ठोरी, देवघाट आदि हुन्। यस वाहेक त चितवन पटेरधारी, ताप्रेधारी, ठूलाठूला सिमलका रुख र घना जंगल, जंगली जनावर र चराचुरुङ्गी, नदी र तालहरू आदि मात्र हुन्। त्यतिबेला वजार पुग्न ठोरी नै पुग्नु पर्दथ्यो। नून, तेलको खरिद विक्री पनि ठोरीवाटै हुने गर्दथ्यो। पहाडतर्फका हजारौं मानिसहरू ढाकर वोकेर नून, तेल लिन ठोरी झर्थे वा त्रिवेणी मेलामा जान्थे। केही देवघाटको सङ्क्रान्ति मेलामै किन्थे- अलि महङ्गोमा।

पृथ्वीनारायण शाहले वाईसी चौवीसी लगायतका अनेक स-साना राज्यहरूमा टुक्रिएको नेपाललाई एउटै सिङ्गो नेपाल अधिराज्य वनाउन शुरु गरे पनि नेपाल एकीकरण गर्ने कार्यको पूर्णता पृथ्वीनारायण शाहभन्दापछि प्रताप सिंह शाह, रणवहादुर शाह, नायव राजेन्द्र लक्ष्मी र वहादुर शाह र गिर्वाण युद्धहरूले दिएका हुन्। नेपाललाई एकीकरण गर्ने क्रममै चितवन पनि प्रतापसिंह शाहको पालामा नेपालमा गाभिन गएको हो। यसरी राजनैतिक एकीकरण गरी विशाल नेपालको निर्माण भए तापनि नेपाल अंग्रेज युद्धको समापन स्वरुप सुगौली सन्धि हुदा एकीकरणपछि प्राप्त गरेको विशाल नेपाल पुन: टुक्रियो अर्थात् नेपालको पश्चिमी पूर्वी र दक्षिणी ठूलो भाग सुगौली सन्धि मार्फत अंग्रेज-भारतलाई छोड्न वाध्य भएको देखिन्छ।

नेपालको नक्साको दक्षिणी सीमाना चितवनतर्फ ज्यादै भित्रसम्म भारतीय सीमा पसेको देखिन्छ। जव कि यस भेकको दक्षिण रामनगर र रामपुर त प्राचीन कालदेखिनै नेपालतर्फले चर्चिदै आएको थियो। झन् यसै क्षेत्रमा भारतीय सीमा सोमेश्वर डाँडासम्म नै रहेको देखिन्छ।

जङ्ग वहादुरको उदयपछि चितवनतर्फको स्थिति विचार गर्दा यहाँको जङ्गल देश-विदेशका राजा महाराजाहरूले शिकार खेल्ने थलोको रुपमा ग्रहण गरेको देखिन्छ। डिसेम्वर १८५१ तदनुसार १९०८ सालको मंसीर महिनामा प्रधानमन्त्री जङ्गवहादुर ठूलो दलवल सहित शिकार गर्न राप्ती उपत्यकाको जंगलमा गए। २० डिसेम्वर १८५१ मा जंगवहादुरको शिकार यात्रा राप्ती नदीको किनारमा पुग्यो। जङ्गवहादुरले ३९ वटा गैंडा, दुइवटा वाघ मारेका थिए।"

यसैगरी सन् १९११ मा वेलायतका जर्ज पंचमले वाघ गैंडा, चितुवा र भालु गरेर ११९ वटा वन्यजन्तुको शिकार यही चितवनको जंगलमा गरेका थिए। यसैगरी ब्रिटिश - भारतका भाइसराय

- लर्ड लिन्लीथगो ले सन् १९३८ मा चितवन आई वाघ १२० वटा, गैंडा ३८ वटा, चितुवा २७ वटा र भालु १५ वटा गरी २०० वटा वन्यजन्तुको शिकार गरेका थिए।

यसैगरी सन् १९०६ मा चन्द्र शम्शेरले वेलायतका प्रिन्स अफ वेल्सलाई शिकारको लागि वोलाई चितवनमा वाघको शिकार गराएको र त्यसवाट हण्टिड क्याम्पमा हैजा फैलिएर प्रिन्स अफ वेल्स भारततर्फ फर्किएको उल्लेख पाइन्छ। यसैगरी वेलायतकै शिकारका शौखिन राजा एडवर्ड अष्टम चितवनको जङ्गलमा आफ्ना रानीहरू लगायत ठूलो दलबल र लर्ड माउट वेटनले शिकार गरेर दर्जनौं जीवजन्तु मारेका थिए। नेपालमा राणा प्रधानमन्त्री जुद्ध शम्शेर पनि शिकारका अति शौखिन थिए। उनी तीन महिनासम्म शिकार खेलेर जान्थे। चितवनको जंगल राणाकालमा मोजमज्जा र शिकारको मस्ती गर्ने ठाउँको रुपमा थियो।

चितवन उपत्यकामा पहाडतर्फका मानिसहरू वसाइ झर्नु अघि चितवनमा जमिन्दारी प्रथा थियो। जमिन्दारहरूले मालपोत, सेमी उठाई केही रकम सरकारलाई वुझाएर अरु आफैं भोग चलन गर्दथे। त्यतिखेर रापती उपत्यका अति ठूलो थियो। यो उपत्यकामा दुईवटा शासन प्रवन्धहरू मिलाएको पाइन्छ। एउटा चितौन इलाका थियो, अर्को रमौली प्रतापपुर इलाका थियो। चितौन इलाकामा पाँच प्रगन्ना थिए। चितौन, वेलौद, कालावजार, टाँडी र माडी। यी पाँच प्रगन्नाको सदर मुकाम उपर्दाङगढीमा थियो । रमौली प्रतापपुरमा रमौली, प्रतापपुर, हेटौडा हर्नामाडी प्रगन्नाहरू थिए र यसको सदरमुकाम चिसापानी गढी थियो।

चितवनको अदालत उपर्दाङगढी र मालअड्डा त्यसकै केही तल शेरवास भन्ने ठाउँमा रहेको र त्यहाँ अदालतका हाकिम'डिठ्ठा' र मालका हाकिम'सुव्वा' रहन्थे भन्ने उल्लेख पाइन्छ।

वि.सं २०१४ सालमा चितवनको सदरमुकाम उपर्दाङगढीवाट भरतपुरमा सरेको देखिन्छ। हुन त यसअघि पनि उपर्दाङगढीवाट वि.सं. १९९२ सालमै सदरमुकाम झुवानीमा सरेको थियो। तर त्यहाँ ज्यादा गर्मी हुने भएकाले र औंलोको प्रकोप पनि भएकोले सदरमुकाम पुन: कङ्कालीकोटमा सरी त्यसपछि उपरदाङगढीमै सरेको उल्लेख पाइन्छ।

चितवनको जंगल र यसमा रहेको दुर्लभ वन्यजन्तु, नारायणी नदी, र रापतीमा पाइने दुर्लभ गोही, जैवीक विविधताका, अनेक थरिका चराचुरुङ्गी, वनस्पति, एक सिङ्गे गैंडा, पाटेवाघ, इत्यादिका कारणले चितवनमा २०३१ सालमा चितवन राष्ट्रिय निकुञ्ज स्थापना भई विश्व सम्पदा सूचीमा समेत परेको छ।

चितवन आन्तरिक र वाह्य पर्यटन दुवै हिसावले अति महत्त्वपूर्ण स्थल ठहरिएको छ। सौराहा, मेघौली, टाइगरटप्, चि.रा.नि., नारायणी र त्रिशुलीमा जल विहार जस्ता कुराहरू वाह्य पर्यटनका र देवघाट, त्रिवेणी, वाल्मीकि आश्रम, गोद्धक, विक्रमवावा, वागेश्वरी, चित्रसारी जस्ता धार्मिक स्थलहरू धार्मिक एवम् आन्तरिक पर्यटनको केन्द्र वन्दै गएका छन्। यसैगरी आन्तरिक र वाह्य दुवै पर्यटनको निम्ति महत्त्वपूर्ण स्थल हुन सक्ने उपर्दाङगढी, कविलासपुर गढी, कानदाङगढी, कंकाली कोट, सिराईचुली आदि छन्।

वि.सं. २०११/१२ सालदेखि औंलोको प्रकोप घट्न थालेपछि पहाडतर्फमा वासिन्दाहरु चितवन झरी आवादी वढ्न थाल्यो। जिल्लाको मध्यभागवाट पूर्व(पश्चिम महेन्द्र राजमार्ग गएको छ। नारायणगढ-मग्लिङ्ग पृथ्वी राजमार्गले काठमाडौं र पोखरासित चितवनलाई जोडेको छ। पूर्व-पश्चिम

राजमार्गले मेची-महाकालीसंग चितवनलाई जोडेको छ, जसवाट कृषि, शिक्षा, व्यापार, उद्योग, पर्यटन लगायतका क्षेत्रहरुमा चितवनले प्रशिद्धि कमाएको छ ।

## १.२ चितवनको नामाकरण

१. पञ्चतन्त्रमा "हिरण्यको नाम मुषक राजो गण्डकी तिरे चित्रवने निवसति" (हिरणक नाम गरेका मुसाका राजा गण्डकी नदीको किनार स्थित चित्रवनमा वस्दछन्) भनेर लेखिएको छ। यी राजा गण्डकी नदीको किनार चित्रवनमा वस्दछन् भन्ने तथ्यवाट पुष्टी हुन्छ कि चित्रवनवाट चितवन नामाकरण भएको हुन सक्दछ ।

२. पौराणीक कालमा स्कन्दपुराणँको हिमवत् खण्डमा चित्रवन शव्दको प्रयोग गरेको पाईन्छ यसै शव्दलाई चितापावनको नामाकरण भएको हुन सक्दछ। चितापावन भन्दाभन्दै चितवन हुन गएको भन्ने पनि अनुमान गरिएको छ ।

३. चित्रसेनको नामवाट यस स्थानको नाम चितवन भएको कुरा चितवन जिल्लाका आदिवासी भनिने थारु जातिका गुरौहरु बताउँछन्। चित्रसेन नामक राजावाट चित्रसारी हुँदै अन्त्यमा चितवन नाम रह्यो भन्ने धारणा छ ।

४. प्राचीन समयमा यस स्थानमा घना जंगल भएको र यहाँ प्रशस्त चितुवा पाईने हुनाले यस ठाउँको नाम चितुवा वन वाट चितवन नामाकरण भएको हुन सक्दछ भन्ने धारणा पनि पाईन्छ ।

५. त्रेता युगमा देवी सीताको वनवास यही भएको मानिन्छ । सीताको वास भएको वन भनेर "सीतावन" भनिने गरेको हुनाले कालान्तरमा आएर सीतावनवाट चितवन हुन गएको विश्वास गरिन्छ । वाल्मीकि आश्रम यंही रहनु र सीताप्रवासका लक्ष्यण पनि यंहीनै देखिएकोले र भाषाविज्ञानको दृष्टीमा "सीतावन" नै शास्त्र सन्निकट रहेको मानिएकोले, उक्त तर्कमा सत्यता भएको विश्वास गरिएको छ ।

## १.३ जिल्लाको भौगोलिक तथा भौतिक स्थिति चित्रण

### १.३.१ जिल्लाको भौगोलिक अवस्थिति

नेपालका ७५ जिल्लाहरुमध्ये एक चितवन जिल्ला नारायणी नदीको पूर्वि भागमा राप्ति उपत्यकाको नामले समेत परिचित जिल्ला हो। विश्व मानचित्रमा यस जिल्लाको अवस्थिति उत्तरी अक्षांश २७° २१'४५" देखि २७° ५२' ३०" सम्म र पूर्वी देशान्तर ८३°° ५४' ४५" देखि ८४° ४८' १५" सम्ममा पर्दछ ।

समुद्रि सतहवाट १४१ मिटर देखि १९४५ मिटरको उचाई सम्मको सतह भएको यो जिल्ला मध्यमाञ्चल विकास क्षेत्रको नारायणी अञ्चलमा तराईको भावर प्रदेश देखि महाभारत पर्वत सम्म फैलिएको छ। यस जिल्लाको पूर्व तर्फ मकवानपुर र पर्सा, पश्चिम तर्फ नवलपरासी र तनहू, उत्तर तर्फ गोर्खा र धादिङ्ग जिल्लाहरु पर्दछन् भने दक्षिण तर्फ भारतको विहार राज्य पर्दछ ।

यो जिल्लाको उत्तरी विन्दु इच्छाकामना गाउँपालिकाको कुरिनटार, दक्षिणविन्दु माडी न.पा. को वांदरझुला, पूर्वीविन्दु राप्ती नगरपालिका (साविक लोथर गा.वि.स.)को चौरस डाँडा र पश्चिमी विन्दु

चितवन राष्ट्रिय निकुञ्जको नारायणी नदीको किनारी भागहरु पर्दछन्। यो जिल्ला लगभग समकोण त्रिभुजको आकारमा रहेको छ, जसको पुर्व तथा दक्षिणँ तर्फ फराकिलो र पश्चिम तथा उत्तरतर्फ सागुरिएको देखिन्छ। पूर्व पश्चिम लम्वाई वढीमा ८८ कि.मि रहेको छ भने उत्तर दक्षिण चौडाई वढिमा ५० कि.मि र कम्तिमा २ कि.मि. रहेको छ।

### १.३.२ क्षेत्रफल (Area) तथा राजनैतिक, प्रशासनिक विभाजन

देशको कूल भूभागको १.५२ % क्षेत्रफल ओगट्ने यस जिल्लाको क्षेत्रफल वारे भिन्न भिन्न श्रोतमा भिन्न भिन्न तथ्याङ्क उल्लेख भएको पाईन्छ। स्थानीय श्रोत नक्साङ्कन परियोजन (Local Resource Mapping Project : LRMP) अनुसार यस जिल्लाको क्षेत्रफल २२०५.९० वर्ग कि.मी. छ। जि.स.स.को रेकर्डका आधारमा यस जिल्लाको क्षेत्रफल २२३८.३९ वर्ग कि.मी. छ। उक्त क्षेत्रफलमध्ये ९०८.७९ वर्ग कि.मि. चितवन राष्ट्रिय निकुञ्जले ढाकेको क्षेत्रफल वाहेक बाँकी क्षेत्रफल १३२९.६० वर्ग कि.मि.लाई १ गाउँपालिका, ५ नगरपालिका तथा १ महानगरपालिकामा विभाजन गरिएको छ क्षेत्रफलको दृष्टिकोणले यस जिल्लाका ७ स्थानीय तहहरुमध्ये सवभन्दा ठूलो भरतपुर महानगरपालिका हो र यसको क्षेत्रफल ४३२.९५ वर्ग कि.मि. छ भने सबभन्दा सानो रत्ननगर नगरपालिका हो, जसको क्षेत्रफल ६८.६८ वर्ग कि.मि. छ। एकमात्र गाउँपालिका इच्छाकामनाको क्षेत्रफल १६६.७३ वर्ग कि.मी. छ।

**तालिका १.१ चितवनको क्षेत्रफल सम्बन्धी विवरण**

| विवरण | क्षेत्रफल |
|---|---|
| जम्मा क्षेत्रफल | २२३८.३९ वर्ग कि.मी. |
| चितवन राष्ट्रिय निकुञ्जका क्षेत्रफल | ९०८.७९ वर्ग कि.मी. |
| इच्छाकामना गाउँपालिकाको क्षेत्रफल | १६६.७३ वर्ग कि.मी. |
| भरतपुर महा नगरपालिकाको क्षेत्रफल | ४३२.९५ वर्ग कि.मी. |
| रत्ननगर नगरपालिकाको क्षेत्रफल सबैभन्दा सानो न.पा. | ६८.६८ वर्ग कि.मी. |

स्रोत: जिल्ला समन्वय समिति, चितवन

**तालिका १.२ गाउँपालिका र नगरपालिकाहरुको क्षेत्रफल विवरण**

| क्र.सं. | गा.प./न.पा. | क्षेत्रफल (वर्ग कि.मी.) | क्र.सं. | गा.प./न.पा. | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|---|---|
| १ | भरतपुर महानगरपालिका | ४३२.९५ | २ | रत्ननगर नगरपालिका | ६८.६८ |
| ३ | कालिका न.पा. | १४९.०८ | ४ | राप्ती न.पा. | २१२.३१ |
| ५ | माडी न.पा. | २१८.२४ | ६ | खैरहनी न.पा. | ८५.५५ |
| ७ | इच्छाकामना गाउँपालिका | १६६.७३ | | | |

स्रोत: जिल्ला समन्वय समिति, चितवन

### १.३.३ भौगोलिक विभाजन

चितवन जिल्लालाई २ प्रकारको भौगोलिक क्षेत्रमा विभाजन गर्न सकिन्छ। सो अनुसार, यस जिल्लाको कूल भूभागको ३८.७५ प्रतिशत भू-भाग उपत्यका तथा मैदानी भागमा पर्दछ भने २०.६५

प्रतिशत भूभाग पहाडी क्षेत्रमा पर्दछ ।

**तालिका १.३ भौगोलिक क्षेत्र क्षेत्रफल विवरण**

| क्र.सं. | क्षेत्र | क्षेत्रफल(वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | मैदानी भाग | ८६७.३५ | ३८.७५ |
| २ | पहाडी भाग | ४६२.२५ | २०.६५ |
| ३ | राष्ट्रिय निकुञ्ज | ९०८.७९ | ४०.६० |
| | | **जम्मा** | **२,२३८.३९** |

स्रोत: जिल्ला पार्श्वचित्र, २०७०, चितवन

### १.३.४ स्थल स्वरुप (Topography) तथा भू-स्वरुप (Physiography)

नेपालको धरातलीय स्वरुपको आकृति र उचाईमा विविधता रहे जस्तै चितवन जिल्लाको भू–स्वरुपमा पनि विविधता रहेको छ। समुद्री सतहवाट १२१ देखि १९४७ मीटर सम्मको उचाईमा रहेको यस जिल्लाको अधिकांश भू-भाग समथर मैदानी भए पनि केही भू-भाग विकट पहाडि क्षेत्रमा पर्दछन्।

नेपालको सरकार, भूमिसुधार तथा व्यवस्था मंत्रालय, स्थलरुप नापी महाशाखाद्वारा सन् १९८६ मा संचालित स्थानीय श्रोत नक्सांकन योजना (Land Resource Mapping Project, LRMP) अनुसार नेपाल लाई कूल ६ भू-स्वरुपीय क्षेत्र (Physiographic Regions) मा विभक्त गरिएको छ। यी ५ क्षेत्रहरुमध्ये चितवनमा दुई क्षेत्रहरु पर्दछन्: सिवालिक क्षेत्र (Siwalic Physiographic Region) र मध्य पहाडी क्षेत्र (Middle Mountain Physiographic Region).

#### १.३.४.१ शिवालिक क्षेत्र

जिल्लाको कूल क्षेत्रफलको करिव ८० प्रतिशत भूभाग ढाक्ने यस क्षेत्रमा मुख्यतया: दुई भूभागहरु पर्दछन्: चुरे पर्वत र उपत्यकाको मैदानी भाग ।

#### १.३.४.१.१ चुरे पर्वत

यो पहाडी भूभाग वढीमात्रामा चितवन जिल्लाको दक्षिणमा रहेको छ। यसको सामान्य उचाई २५० मीटरदेखि ८६६ मीटरसम्म रहेको छ। यसको पूर्व पश्चिम लम्वाई करिव ८० कि.मी. रहेको छ। यसमा वढी मुलायम खुकुलो खालको वालुवा, क्वार्टज्, अभ्रख, पत्थर, ग्राभेल जस्ता पत्रे चट्टानी वस्तुहरु रहेको पाईन्छ। यसले कूल भूभागको २५ प्रतिशत भाग ओगटेको छ। यसको भिरालोपना उत्तर तर्फ केही मैदान र दक्षिणतर्फ केही भिरालो रहेको छ। यस क्षेत्रमा माटोको वनावट केही खुकुलो भएको हुनाले यो क्षेत्र मानवीय वसोवास तथा खेतिपातिको लागि अनुपयुक्त छ। यस क्षेत्रको अधिकांश भूभाग चितवन राष्ट्रिय निकुञ्जले ढाकेको छ। भूगोलशास्त्रिहरुका अनुसार यस क्षेत्रलाई अझ तिन भागमा वाँड्न सकिन्छ: सीमावर्ती चुरे, भित्री चुरे एवं गिरिपद चुरे ।

#### १.३.४.१.२ उपत्यकाको मैदानी क्षेत्र वा दून प्रदेश

यो भूभाग चुरे पर्वत र महाभारत पर्वतको वीचमा प्राय: पूर्वपश्चिम भएर रहेको छ। यसको सामान्य उचाई १४१ मी. देखि २५० मी. सम्मको छ। यो क्षेत्र हिमालय पर्वत निर्माण हुने तेश्रो

अवस्थामा एक विशाल तालको रुपमा रहेको मानिन्छ । र यसलाई नारायणी नदी प्रणालीले खोलेर मैदानी भू-भागको रुपमा निर्माण गराएको हुन सक्छ। स-साना तालहरुमा पाईने कालीमाटीलाई यसको प्रमाणको रुपमा लिन सकिन्छ भन्ने भूगर्भविद्‌हरुको मान्यता छ।

यस क्षेत्रको वढी उचाईमा नदीले वगाई ल्याएका ढुंगा, वालुवा, माटो, कंकड, आदि खस्रा वस्तुहरु पाईन्छन् भने कम उचाई तथा टोल क्षेत्रहरुमा उव्जाउवर्धक जैविक तत्वयुक्त मलिलो पांगो माटोको वाहुल्य रहेको छ। यस क्षेत्रले जिल्लाको कुल भूभागको ५५ प्रतिशत भाग ओगटेको छ। यस प्रदेशमा मूख्यतया दुई उपत्यकाहरु पर्दछन्: रिऊ उपत्यका (माडी) र राप्ती उपत्यका।

### १.३.४.२ मध्य पहाडी क्षेत्र

यसलाई पहाडी प्रदेश वा महाभारत क्षेत्रको नामले पनि चिनिन्छ। यो भू-भाग चितवन जिल्लाको उत्तरमा रहेको छ। सामान्यतया यसको उचाइ २५० मी. देखि १९४५ मी. सम्म रहेको छ। यसमा चुनायुक्त चट्टानी वस्तु तथा क्वार्ट्जाईट, निस आदि चट्टानहरु रहेका छन्। यो भूभाग पूर्व पश्चिम भई प्राय नागवेली आकारमा फैलिएको छ। यसले जिल्लाको कुल भूभागको २० प्रतिशत भाग ओगटेको छ। यसलाई स्वरुपको आधारमा सामान्यतया दुई भागमा बाँडिएको छ: महाभारत पहाडी क्षेत्रको उत्तर तथा त्रिशूली नदीको किनारी क्षेत्रमा रहेको सामान्यतया २५० देखि ५०० मीटर सम्मको उचाइको नदीवेशी तथा टार, एवं ५०० देखि १९४५ मीटरको उचाइमा रहेको पहाडी भूभाग-महाभारत श्रेणी।

### १.३.५ जिल्लाको भूस्वरुप

नेपालको धरातलिय स्वरुपको आकृति र उचाईमा विविधता रहे जस्तै चितवन जिल्लाको भूस्वरुप तथा उचाईमा पनि विविधता रहेको छ। १४१ मीटर को उचाई देखि १९४३ मीटर सम्मको उचाईमा भावर, चुरे, मैदान, टार, नदीवेसी, महाभारत पहाड आदि भूस्वरुप रहेको छन। साधारणतया यहांको भूस्वरुपलाई त्यसको आकृति र स्वभाव तथा बनौट अनुसार निम्न भागमा बाडीएको छ।

क) चुरे पर्वत
ख) उपत्याकाको मैदानी क्षेत्र वा दुन प्रदेश।
ग) महाभारत पर्वत तथा पहाडी प्रदेश।

### क) चुरे पर्वत

यस पहाडी भूभाग चितवनको प्राय दक्षिणी भागमा रहेको छ। औषत उचाई २५० मी. देखि ८६६ मी. सम्म रही पूर्व पश्चिम भएर फैलिएको छ। यसले कूल भूभागको लगभग २५ प्रतिशत भूभाग ओगटेको छ। यहां खुकुलो बस्तुहरुको बाहुल्य रहेको पत्थर आदि पत्रे चट्टानी बस्तुहरु रहेका छन। यस क्षेत्र मानवीय क्रियाकलापका लागि प्रतिकुल हुनाको कारण जनावदी प्राय शुन्य छ। यहांको अधिकांश भूभाग चितवन राष्ट्रिय निकुञ्जले ढाकेको छ। अनियन्त्रीत र मौसमी वर्षाको कारण भुक्षयको समस्या विकराल हुदै गइरहेको छ।

दक्षिणको सिमावर्ति क्षेत्रमा सोमेश्वर श्रृंखला सिमावर्ति चुरेको रुपमा रहेको छ। जहा कुम्भकर्ण, मनदेवा र सोमेश्वर टाकुरा रहेका छन। यस्तै माडी उपत्याका र राप्ती उपत्याकाको बीचमा हेर्दा नदी देखि नारायणी नदी किनारासम्म भित्री चुरे रहेको छ। जसमा त्रिवेणीदेखि बनकट्टा सम्म ढिस्का

ढिस्कीको रुपमा रहेको देखिन्छ भने बनकट्टा देखि पूर्वमा शनिश्चरे डांडाको नामले प्रख्यात भएको छ। यो शनिश्चरे समान उचाईको रुपमा पूर्व पश्चिम भएर रहेको भाग हो जहां निकुञ्जले आफ्नो अधिनमा राखेको छ। महाभारत पहाडको फेदीमा ससाना ढिस्का ढीस्की र डांडाहरु, चुरीया पर्वतको रुपमा रहेका छन। यहांका स्याउलीडांडा, गर्दासडाडा, सीमलढाप, सुमिटार आदि रहेका छन। यो महाभारतको दक्षिण तथा राप्ती उपत्याकाको उत्तरमा रहेको छ। यसलाई गीरीपद चुरेको पनि संज्ञा दिएको छ। यहाँ खहरे तथा तेस्रो स्तरका ससाना नदी तथा खोलाहरु उत्पन्न भई प्रवाहीत भएका छन।

**ख) उपत्याकाको मैदानी क्षेत्र वा दुन प्रदेश**

चितवन जिल्लाको यस मैदानी भूभाग दक्षिणको चुरे र उत्तरको महाभारत पर्वतको बीचमा पूर्व पश्चिम भएर रहेको छ। यस भूभाग १४१ मी. देखि २५० मी. सम्मको उचाईमा रहेको छ। यस मैदानको बीच बीचमा रहेका घोल, सिमसार क्षेत्र, तालतलैया र कालिमाटी जस्ता प्रमाणहरुको आधारमा भूगर्भवीद्हरुले यो क्षेत्र हिमालय पर्वत निर्माण हुने तेस्रो अवस्थामा एक बिशाल तालको रुपमा रहेको र सोताललाई नारायणी नदीले खोलेर नै मैदानी स्वरुपमा रुपान्तर भएको अभिमत प्रकट गरेको छन। यसले कुल भागको ५५ प्रतिशत भूभाग ओगटेको छ। यो जैवीक बस्तूयुक्त मलिलो माटो, ढुंगा, बालुवा, कंकडआदि विविध बस्तुहरु मिलेर रहेको छ। यो भूभागमा वि.सं. २०२१ सालसम्म अग्ला अग्ला ढड्डी, खर, खडाई, तथा घांसे क्षेत्रको रुपमा रहेको थियो। यसको बीच बीचमा घोल तथा टांडी क्षेत्रहरु नगन्य आवादी भूमीको रुपमा रहेका थिए। वर्तमान समयमा यो प्राय पूर्ण आवादी क्षेत्रमा रुपान्तरित भइसकेको छ।

राप्ती नदी बेसीन क्षेत्र नै राप्ती उपत्याका हो। जुन मैदानी भूभागकै रुपमा रहेको छ। यो भूभाग चितवन जिल्लाको मुख्य भूभाग हो। लोथर नदीदेखि नारायणी नदीसम्मको यस भूभागले लगभग ५० प्रतिशत भूभाग ओगटेको छ। यसको पश्चिमी भागका चितवनको सबै भन्दा होचो भूमी मेघौलीको भरतपुर समुद्र सतह देखि १४१ मी. को उचाईमा रहेको छ। बरण्डाभार जंगलदेखि पूर्वको पूर्वी चितवन र पश्चिमको पश्चिमी चितवनको नामबाट परिचित भएको छन। पूर्वी चितवनको भिरालोपना दक्षिणतर्फ ढल्केको छ। जहां खगेडी, कयर, पम्फा, बढीराप्ती, लदरा र लोथर खोलाहरु प्रवाहीत भएका छन। यीनै खोलाहरुबाट भूमी सिंचित भएको छ। यसको पूर्वी चितवनमा राप्ती, कालिका, खैरहनी र रत्ननगर नगरपालिका रहेका छन। पश्चिम चितवनको भूभाग बढी समथरिलो छ जसको भीरालोपना १०$^{\circ}$ को ढाल भन्दा कम रहेको छ। यसको बीच भागमा घोल र टाडीहरु रहेका छन। पश्चिम चितवनमा भरतपुर महानगरपालिका रहेको छ। यो सम्पुर्ण राप्ती उपत्याकामा पांगो माटो, बलौटे दोमट माटो, कालिमाटी र चिम्ट्याइलो माटो तथा बलौटे माटो रहेको छ। घोल क्षेत्रमा पांगो माटाका बाहुल्य रहेको छ भने टाडीमा बलाटे दोमट माटो बढी रहेको छ। माटोको मोटोपना घोलमा ५ मी. सम्म रहेको छ भने टांडीमा ५० से.मी. सम्म रहेको पाइन्छ। यहांको मूख्य नदीमा राप्ती र नारायणी हुन। पशिमी भागमा प्रवाहीत नारायणी नदीमा आएको बाढीको कारण शिवघाट देखि तलको प्रवाहीत क्षेत्रहरु भयभित हुनुपर्ने अवस्था हरेक वर्षायाममा रहेको छ। त्यसैले नारायणी नदीमा तटबन्धनको टड्कारो आवश्यकता रहेको छ। त्यस्तै राप्ती नदीमा पनि बाढीको प्रकोप दिनानुदीन बृद्धि हुदै छ भने चितवन राष्ट्रिय निकुञ्जको समिपवर्ति क्षेत्रका नगरपालिका क्षेत्रमा जंगली बन्य जन्तुको प्रकोप

पनि बढ्दो मात्रामा रहेको देखिन्छ ।

दक्षिणको सीमानामा रहेको सोमेश्वर चुरे श्रृंखला र राप्ती नदीको समीपमा अवस्थित शनिश्चरे डाडाको बीचमा पूर्व पश्चिम भएर रेवा उपत्यका रहेको जसलाई माडी उपत्यका पनि भनिन्छ। यो उपत्याका मलिलो पांगो माटो तथा बलौटे पांगो माटोद्धारा निर्मित मैदानी भूभाग हो यस्तो कूल भागको ५ प्रतिशत भूभाग ओगटेको छ। यहां माडी नगरपालिका रहेको छ। यहा रेवा नदीले आफ्नो प्रवाह मार्गलाई नदी कटानद्धारा बढी फराकिलो बनाएको छ। यहां बालुवा, ग्रावेलको मात्र बढी रहेको देखिन्छ। यसको भिरालोपना दक्षिणबाट उत्तरतर्फ ढल्केको छ। यहांको मुख्य नदी रेवा (रिउ) हो भने त्यसको अतिरिक्त पांग्रे, बघई, घाघरखोला, पतरे खोला, बादरमुढे खोला, रक्तेनी, देउती, चितई खोला जस्ता ससाना खोलाहरु त्यसका सहायक खोलाहरु हुन। रेवा नदीले पनि प्रसस्त मात्रामा आफ्नो प्रवाह मार्गको आसपासको जमीनलाई कटान गरी प्रवाह मार्गमा विस्तार गरेको हुदा नदी तटबन्धन गर्नुपर्ने प्रमुख समस्या रहेको छ। राप्ती र रिउ खोलामा आवागमनको लागि भर्खरै पक्की पुल निर्माण भएको छ। जसको माध्यमबाट माडी उपत्यकासंग आवागमन गर्न सजिलो र भारतको सिमानामा रहेको ठोरीसंग यातायातका साधन सञ्चालन गर्न सकिनुको साथै भारतसंगको व्यापार विविधिकरण र विस्तारमा बृद्धि हुदै जानेछ ।

**ग) महाभारत पर्वत तथा पहाडी प्रदेश**

यस भूभाग चितवन जिल्लाको उत्तरमा अवस्थित छ। यसको सामान्य उचाई २५० मी. देखि १९४३ मी. सम्म रहेको छ। यहां बढी मात्रामा चुनायुक्त खरीढुंगा बढी रहेका छन भने परिवर्तित चट्टानको रुपमा क्वार्टजाइट, निस र स्लेट पनि रहेका छन। यस्तै नदीवेसी र टारहरुमा बलौटे पत्थरिलो माटो रहेको छ। यस भूभागले कुल भागको २० प्रतिशत भूभाग ओगटेको पाइन्छ। यो क्षेत्र हिमालय पर्वत निर्माणको दोस्रो चरणमा निमाण भएको हो। यहां लोथर, सिद्धि, कोराक, शक्तिखोर, दाहाखानी, काउले, कविलास, चण्डिभञ्ज्यांग र दारेचोक साविकका ८ गा.वि.स.हरु रहेका छन। इच्छाकामना गाउँपालिकाका मुग्लीनटार, कुरिनटार, लेवाटार, नर्सिडटार, फिस्लीङ्टार रहेका छन । कुरिनटारको चेरेसबाट मनकामना केवुलकार सञ्चालन गरी यातायातको क्षेत्रमा नया आयाम थपिएको छ ।

यहांका पहाडी भूभागहरु विभिन्न दिशामा नागवेली आकृतिमा रहेका छन। यस पर्वत श्रेणीको उत्तरतर्फको मोहडा केही मन्द ढालको रुपमा रहेको छ भने दक्षिणी मोहडा तिर बढी भिरालोपना रहेको छ। साविक लोथर र कोराक गा.वि.स.तथा राप्ती नगरपालिकाका वडा नं. १०, ११, १२ र १३ पहाडको भिरालोपना भने दक्षिण मोहडातर्फ मन्द भिरालोपना र उत्तरतर्फ तिव्र भिरालोपना रहेको पाइन्छ। यस्तै इच्छाकामना गाउँपालिका र भरतपुर महानगरपालिकाको वडा नं. २९ मा बढी मात्रामा चुनढुंगा, खरिढुंगा, स्लेट, बलौटे पत्थरिलो ढुंगाहरु रहेका छन। केही मात्रामा निस, ग्रेनाइट, क्वार्टजाइट जस्ता चट्टानहरु पनि रहेका छन यहांको रिग्दीखोला काउलेडांडाबाट उत्पत्ति भई त्रिशुली नदीमा मिसिएको मुख्य खोला हो। त्यसको अतिरिक्त कालीखोला, सेतीखोला, मह खोला, पनि यहांका अन्य खोलाहरु हुन। यी नदीहरुले झरना, गल्छी तथा कन्दराहरु निर्माण गरेका छन।

यस पहाडी क्षेत्रको सर्वोच्च टाकुरा राप्ती नगरपालिकाको चौरसडाडा हो जसको उचाई समुद्र सतह देखि १९४३ मी. रहेको छ। यसको अतिरिक्त सो नगरपालिकामा सारलाङ्डाडा, गोठेडाडा,

वेलडाडा, इच्छाकामना गाउँपालिकामा उपरदाङ्गगढी, कोपेडाडा,लामिडाडा, नागदहडाडा, काउलेडाडा र चक्रवर्तिडाडा, कालिका नगरपालिकामा जैसथली र कण्डाडा आदि रहेका छन । धार्मिक तथा ऐतिहासीक दृष्टिकोणले कविलासपुरगढी र उपरदाङ्गगढी महत्त्वपुर्ण स्थान हुन । जसको संरक्षण र उत्थान गर्न सकेमा पर्यटकीय क्षेत्रमा समेत टेवा दिन सकिन्छ ।

महखोला देखि त्रिवेणीसम्म त्रिशुली तथा नारायणी नदी प्रवाहीत भएको छ। जसको किनारामा फिस्लीङ्ग, कुरिनघाट, मुग्लीन, जुगडी, देवघाटधाम, नारायणगढ, शिवघाट, सिखौलीघाट, र त्रिवेणीधाम आदि रहेका छन। यस नदीमा (र्‍याफटीङ्गको सुविधा सञ्चालन भई राखेको छ। यस प्रकार नदीबाट जलयातायातको सुविधा प्राप्त हुनुको साथै पिउने पानी र सिचाईको क्षेत्रमा पनि उपयोग भइरहेको छ।

वि.सं. २०२१ सालसम्म खासै आवादी राम्रो संग भई नसकेको चितवन जिल्ला वर्तमान समयमा एक सघन आवादी क्षेत्रको रुपमा विकसित भएको छ । यसको मुख्य कारक तत्वहरु नै राप्ती उपत्याकाको समथरिलो मैदान र रेवाको मैदानी भूस्वरुपहरु मलिलो तथा उब्जाउवर्धक अवस्थामा रहेका छन । यस्तै अवस्थितिको दृष्टिबाट चितवन नेपालकै केन्द्रवर्ति भागमा रही स्थलीय यातायातका साधनहरुको तीव्र विकास भएर अन्य विकासको पूर्वाधारहरु समेत स्थापना हुनु पनि कारक तत्वको रुपमा लिइएको छ। यति हुँदा हुँदै पनि वर्तमान समयमा यस जिल्लामा शहरीकरणको समस्या, औद्योगिकिकरण र बजार सम्बन्धी समस्या, जनसंख्या सम्बन्धी समस्या, भूक्षय सम्बन्धी समस्या, सिचाईको समस्या, नियोजित बस्ती विकास सम्बन्धी समस्या र सामाजिक उत्थान गराउने आधारशिलाहरुको राम्रो विकास हुन नसक्नु समस्याहरु कै रुपमा रहेका छन। त्यसैले यस किसिमका समस्याको सम्बन्धी उपायहरुको खोजी गर्नु सम्बन्धीत सबै सरकारी, गैरसरकारी संघसंस्था तथा नागरिकको पहिलो कर्तव्य भएको छ ।

## १.४ पर्यावरणीय स्वरूप (Ecological Features)

### १.४.१ हावापानी

अक्षांशीय विस्तार अनुसार चितवन जिल्ला समशीतोष्ण मण्डलमा पर्दछ भने हावापानीको क्षेत्र अनुसार उष्ण मौसमी हावापानीको क्षेत्रमा पर्दछ । यहाँको हावापानीलाई धरातलीय उचाइ तथा पहाडको उपस्थितिले प्रभाव पारेको छ भने समुन्द्रिक दूरी, जंगल, माटो आदिले पनि केही मात्रामा प्रभाव पारेको छ । यहाँको हावापानीको अवस्था निम्न ऋतु अनुसार भएको पाईन्छ ।

**क) ग्रीष्म ऋतु**

यो ऋतु चितवन जिल्लामा बैशाख महिनाबाट शुरु हुन्छ र भदौ महिना सम्म रहन्छ। यो ऋतुको शुरुमा पहाडी इलाकामा सामान्य न्यानो र मैदानी इलाकामा केही गर्मी हुन्छ। यो ऋतुको शुरुमा शुष्क वातावरण रहन्छ र बिहान बेलुका (रम्य) रमाइलो वातावरण हुन्छ। मैदानी इलाकाको तापक्रम अधिकतम २५-३० को बीचमा र पहाडी इलाकाको तापक्रम अधिकतम २०-२५ को बीचमा रहन्छ। न्युनतम तापक्रम मैदानी इलाकामा १५-२० को बीचमा र पहाडी इलाकाको १०-१५ को बीचमा रहन्छ। यो ऋतुको मध्यवधि जेष्ठ, आषाढ, र श्रावण हो। यस अवस्थामा सूर्य झण्डै सिधा पर्न जानाले मैदानी इलाकामा अधिकतम तापक्रम सालाखाला ३०-३५ से. सम्म पुग्दछ। पहाडी इलाकामा उचाई बढे अनुसार तापक्रम घट्दै जान्छ। उक्त महिनाहरुमा मनसुन बायुको प्रभावले गर्दा आषढको

१५ देखि श्रावण महिनाभर घनोघर पर्वतीय वर्षा हुन्छ। उत्तरको पहाडी इलाकामा बढी वर्षा र मैदानी इलाकामा केही कम वर्षा हुन्छ। यस्तै गरी दक्षिणको सोमेश्वर श्रेणीको पश्चिम चितवनमा सबभन्दा कम वर्षा हुन्छ। पहाडी इलाकामा २०० से.मी. सम्म वर्षा हुन्छ भने मैदानी तथा दक्षिणी इलाकामा वर्षा क्रमश घट्दै जान्छ। यो ऋतुको अन्त्य महिना भाद्र हो। त्यतिखेर मैदानी इलाकाको दैनिक अधिकतम तापक्रम २५-३० से. सम्म पुग्छ र पहाडी इलाकाको अधिकतम तापक्रम २०-२५ से. सम्म रहन्छ। बिहानपख केही ठण्डा र सांझतिर बातावरण रम्य हुन्छ। वर्षा नियमित रुपले नभई कहिलेकाही मात्र हुन्छ।

**ख) शरद ऋतु**

चितवन जिल्लामा यो ऋतु आश्विन महिनामा शुरु हुन्छ र कार्तिकको १५ सम्ममा समाप्त हुन्छ। यो ऋतु वास्तवमा राम्रो ऋतु हो। यस अवस्थामा मैदानी इलाकाको अधिकतम तापक्रम २०-२५ से को बीचमा र पहाडी इलकाको अधिकतम तापक्रम १५ -२० से. को बीचमा रहन्छ। आधारात पछि बिहानपख केही ठण्डा हुन्छ र शीत पर्न शुरु हुन्छ। वर्षा प्राय हुँदैन, भएपनि ज्यादै थोरै हुन्छ। यो ऋतुमा वातावरण रम्य हुन्छ।

**ग) शीत ऋतु**

चितवन जिल्लामा यो ऋतु कार्तिक १५ बाट शुरु भएर फागुन महिनाको ४, ५ सम्म पनि रहन्छ। मैदानी इलाका तथा होचा बेसीहरुमा शुरुबाटै कुहिरो लाग्ने तथा शीत पर्ने गर्दछ। मैदानी इलाकामा दिनको तापक्रम १० -१५ से. र पहाडी इलाकामा त्यो भन्दा पनि कम हुन्छ। यो ऋतुमा वर्षा कहिले हुँदै हुँदैन भएमा मात्र हुन्छ।

**घ) बसन्त ऋतु**

चितवन जिल्लामा यो ऋतु पनि शरद ऋतु जस्तै छोटो हुन्छ। फागुन महिनाको ४, ५ गतेबाट शुरु भएर चैत्रको अन्त्यसम्म रहन्छ। यो ऋतु पहाडी इलाकामा केही लामो र मैदानी इलाकामा ज्यादै छाटो हुन्छ। खेती बाली थन्क्याएर बसेका किसानहरु यो ऋतुको आनन्द लिन सक्छन। साथै ठाउंको दैनिक औसत तापक्रम २५ भन्दा तल हुन्छ। ऋतुको शुरुमा अति रम्य र अन्त्यतिर केही गर्मी हुन सक्छ। यो ऋतुमा वर्षा प्राय: हुँदैन तथा वातावरण शुष्क रहन्छ।

माथि उल्लेखित ४ ऋतुहरु चितवन जिल्लामा देखापरेता पनि यस जिल्लाको वार्षिक अवस्था हिउद र ग्रीष्म दुई प्रमुख अवस्था हुन। यिनैको आधारमा चितवनमा दुई प्रकारका हावापानीका प्रदेशहरु पाइन्छन।

**१. उष्ण मौसमी हावापानी**

यो हावापानी १४७ मी. माथि लगभग ११०० मी सम्म भित्री मधेश वा मैदान भुभाग भावर र चुरे पहाड सम्म पाइन्छ। ग्रीष्ममा यहांको तापक्रम २७-३० से. को आसपासमा र हिउदे तापक्रम १०-१५से. को बीचमा रहन्छ। वर्षा मौसमी वायुले ग्रीष्ममा लगभग १५० से.मी. सम्म र जम्मा वार्षिक वर्षा लगभग १७०० मी.मी. सम्म हुन्छ। यो प्रदेशमा ग्रीष्ममा प्राय आंधी आउने, भुमरी चल्ने र साथै वर्षा हुने गर्दछ। यो एक प्रकारको अर्धमरुस्थलीय हावापानी भएको क्षेत्र जस्तो लाग्दछ। यो क्षेत्रमा हिउदमा कमै वर्षा हुन्छ।

**२. समसीतोष्ण हावापानीको प्रदेश**

यो प्रदेश चितवन जिल्लाको लगभग ११०० मी. भन्दा माथि १९४७ मी. सम्म पर्दछ। यस अन्तर्गत उत्तरको महाभारत लेक र सोमेश्वर डाडाको माथिल्लो भाग पर्दछ। यो प्रदेशको हावापानी न धेरै गर्मी र न धेरै जाडो हुन्छ। ग्रीष्मकालको तापक्रम २० से. देखि २५ से. बीचमा रहन्छ। हिउदमा शीत पर्दछ तर तुसारो पर्दैन। हिउदमा केही दिन बाहेक हावापानी प्राय: रम्य हुन्छ। वर्षा ग्रीष्म ऋतुमा हुन्छ। सालाखाला ग्रीष्म वर्ष २०० से.मी. सम्म हुन्छ र जम्मा वार्षिक वर्षा २००० मी.मी. सम्म हुन्छ। यो प्रदेशमा हिउदमा प्राय: वर्षा हुदैन र भए पनि सिमसिमे हुन्छ।

### १.४.२ वनस्पति,खनिज तथा जीवजन्तु

हावापानीको विविधताका कारण चितवन जिल्लामा निम्न अनुसारको प्राकृतिक वनस्पतीहरु पाइन्छन ।

***१. उष्ण प्रदेशिय सदावहार वन***

| | | |
|---|---|---|
| उचाई | : | १४१ मी. देखि ११०० मी. सम्म |
| वनस्पती | : | उष्ण प्रदेशिय सदावहार वनस्पती |
| रुखहरु | : | साल, सिमल, सिसौ, खयर, सिरिस, टुनी, साज, कर्मा, टाटरी,बर्रो, जमुन, धाइरो, सतिसाल, पिपल, अमला, भलायो आदि। |
| घांसे मैदान | : | खरखडाई, ढड्डी, बाबियो, आदि। |
| बन्य जन्तु | : | हात्ति (पाल्तु र जंगली) गैडा, हरिण, बाघ, जरायो, भालु,दुम्सी, लोखर्के, स्याल, बांदर, ब्वांसो, मगरगोही, घडीयाल गोही, अजिंगर, विभिन्न किसिमका सर्पहरु पर्दछन। |
| पंक्षिहरु | : | मयुर, कालिज, वन कुखुरा, तित्रा, सुगा, मैना, भंगेरा, जुरेली, धनेष, गिद्ध, गरुड, चिल, पानीहांस, आदि हुन। |

***२. समशितोष्ण प्रदेशिय मिश्रीत वन तथा पतझर वन***

| | | |
|---|---|---|
| उचाई | : | ११०० मी. देखि माथिका पहाडी भुभागहरु। |
| वनस्पती | : | समशीतोष्ण मिश्रीत वनस्पती |
| रुख | : | साल, सिमल, खयर, कटुस, चिलाउने, भोगटे, बांस, निगालो, चुलेत्रो, चुत्रो, बर्रो, आदि। |
| वन्य जन्तु | : | चितुवा, मृग, हरिण, भालु, बांदर, मलसाप्रो आदि। |
| पंक्षि | : | मयुर, सुगा, डांफे, ढुकुर, भंगेरा, जुरेली, वनकुखुरा, तित्रा, लाम्पुछ्रे आदि। |

**ख) खनिज साधन**

कुनै पनि देश वा क्षेत्रको औद्योगीक विकासका निमित्त खनिज साधनको अत्यन्त महत्त्वपुर्ण स्थान हुन्छ तर चितवन जिल्लामा यो साधन त्यती मात्रामा पाइएको छैन र यसको लागि उपयुक्त सर्वेक्षण पनि भएको छैन। हालसम्मको सर्वेक्षण तथा अनुमान अनुसार निम्न स्थानमा निम्न बमोजिमका खनिज पदार्थहरु पाइन्छन :

***फलाम :***

यो खनिज पदार्थ चितवन जिल्लाको कान्द्राङ्गगढी, जीरवाङ्ग र गोठेडँडँमा भएको अनुमान छ तर

स्तर र परिमाण भने थाहा हुन सकेको छैन।

***तामा :***

यो खनिज पदार्थ जुगेडी तथा यसको आसपासमा भएको अनुमान गरिएको छ। चितवन जिल्लाको विभिन्न ठाउँमा चुनढुंगा, क्वार्टजाइट, फाइलाइट, जस्ता, खनिज पदार्थका नमुनाहरु पाइएका छन। रिग्दी खोला तथा माडीको मगुई खोलाको बालुवामा सुन पाइन्छ। रिग्दी खोलाको किनारमा खनेको ढुंगामा सुन पाइन्छ। माडी क्षेत्रको दक्षिणमा रहेको सोमेश्वर डाडाको फेदी तथा चितई खोलाको वरपर कोइला खानी भेटीएको छ। तर स्तर र परिमाण भने थाहा छैन। त्यस्तै गरि चितवन जिल्लामा पेट्रोल खानी पनि भएको अनुमान गरिएको छ।

***ग) जीवजन्तु***

चितवन राष्ट्रिय निकुन्ज उष्ण हावापानी अन्तर्गत पर्ने भएकाले यहां विशेष गरी सालको घना जंगल पाइन्छ। वन्य जन्तु र बनस्पतीको सुरक्षाको लागि हाल विभिन्न निकाय तथा संघसंस्थाहरुबाट पहलहरु भैरहेको छ। चितवन राष्ट्रिय निकुन्ज क्षेत्र तथा यसका वरपरका जंगल तथा क्षेत्रहरुमा बाघ, एकसिंहे गैडा, हात्ति तथा चराचुरुङ्गीहरु ५२६ प्रजाती, स्तनधारी प्राणी ५६ किसिमका प्रजाती, जलचर १२६ प्रजाती, घिस्रने जातका ४७ प्रजाती, र ५०० प्रजाती भन्दा धेरै वनस्पती जन्य जन्तुहरु पाइएको छ।

*यी माथिका वन्यजन्तुहरुको वासस्थान ३ किसिमबाट वर्गीकरण गर्न सकिन्छ।*

| | | |
|---|---|---|
| १. | घांसे क्षेत्र | २०५ वर्ग कि.मी |
| २. | वन क्षेत्र | १०५ वर्ग कि.मी |
| ३. | नदी तटीय वन | ७०५ वर्ग कि.मी |

## **१.५ जल भण्डार** (Hydrology)

### १.५.१ नदी नाला

चितवन जिल्ला पहाडी तथा मैदानी जिल्ला हुनाले यहां धेरै नदी र खहरे खोलाहरु छन। यहांका नदी तथा खहरे खोलाहरु ५०० भन्दा पनि बढी छन। तर यी नदीहरुको श्रोत अवस्था तथा उपयोगीता एकनासको छैन। यी नदीहरु मध्ये करिव ८८ प्रतिशत वर्षादी नदीहरु हुन र १२ प्रतिशत मात्र हिउद तथा वर्षाद बाह्रै महिना बगीरहन्छन।

चितवन जिल्लामा सयौं ससाना खोल्सा खोल्सीदेखि ठूला नदीहरु प्रवाहित भएका छन। यहाँका नदीहरुलाई उद्गम स्थानका आधारमा निम्न लिखित ३ भागमा वाँड्न सकिन्छ :

**अ. पहिलो स्तरका नदी**

हिमालय पहाडबाट उत्पत्ति भएर चितवन जिल्लाको उत्तर हुदै पश्चिमसम्म बग्ने नदी सप्तगण्डकी हो। उत्तरबाट त्रिशुली नदी गोर्खा र चितवनको सिमाना हुदै पछि चितवन र तनहुंको सिमाना हुदै देवघाटमा काली गण्डकी नदीसंग मिलि नारायणी नामले चितवनको पश्चिम सीमा हुदै त्रिवेणी हुदै बहन्छ यो नदी चितवन जिल्लाको महत्त्वपुर्ण नदी हो। यसबाट सिचाई, जलविद्युत, यातायात, खानेपानी तथा निर्माणका साधनहरुको काम लिन सकिन्छ। नारायणी नदी त्रिवेणी या भैंसालोटन सम्म ८४ कि.मि. छ। यो नदीको औषत जल प्रवाह १५६ घन मी. प्रति सेकेण्ड भएको

देखिन्छ यो नदीको किनारमा रहेको देवघाट जस्तो पवित्र तिर्थस्थलले चितवन जिल्लाको महत्त्व झन बढाएको छ। त्रिशुली तथा नारायणी नदी पर्यटकहरुका लागि निकै आकर्षक बनेका छन्।

हिमालय पर्वतलाई उद्गम स्थान वनाएका नदी अन्तर्गत नारायणी नदी पर्दछ। यो नदी चितवन जिल्लाको उत्तर तथा पश्चिमको सिमानामा वगेको छ। मोवाखोलाको सीमानावाट त्रिशुली नदीले गोर्खा जिल्लासंग सीमाना वनाउँदै प्रवाहित भएको छ। मुग्लीनमा मर्स्याङ्दी नदी र गाईघाटमा सेती गण्डकी मिसिएको छ भने देवघाटमा काली गण्डकी मिसिएपछि नारायणी नदीको नामले प्रवाहित भएको छ। मोवाखोलादेखि त्रिवेणीसम्म लगभग १३० कि.मि. दूरीसम्म प्रवाहित भएपछि यो नदी भारतमा प्रवेश गरेको छ। पानीको आयतन वढी हुनाका कारण यस नदीलाई - जल यातायात संचालन, विद्युत उत्पादन लगायत सिंचाई एवं खानेपानी आदि विभिन्न प्रयोजनको लागि उपयोग गर्न सकिने सम्भावना रहेको छ। यस्तै यस नदीको किनारी क्षेत्रमा हिन्दूहरुको पवित्र धार्मिक स्थल देवघाटधाम, शिवघाट, सिखौलीघाट, त्रिवेणीधाम रहेकोले पर्यटकीय तथा धार्मिक दृष्टिकोणले वढी महत्त्वपूर्ण रहेको छ।

**आ. दोस्रो स्तरको नदी**

महाभारत पर्वतलाई उद्गम स्थान वनाई यस जिल्लामा प्रवाहित हुने नदी अन्गर्तत राप्ती र त्यसका सहायक नदीहरु पर्दछन। राप्ती नदी मकवानपुरको चिसापानीगढीवाट उत्पन्न भई हेटौंडावाट पूर्व पश्चिम भई वहन्छ। यस नदीको दक्षिणी भागमा शाही चितवन राष्ट्रिय निकुञ्ज, सौराहा, कसरा क्याम्प, विक्रमवावा मन्दिर तथा टाईगर टप्स जस्ता क्षेत्र रहेकोले पर्यटकीय दृष्टिले अत्यन्तै महत्त्वपूर्ण भएको पाईन्छ, जुन मेघौली गा.वि.स.को दक्षिणी पश्चिमी भागमा खोरिया मोहननेर नारायणी नदीसंग मिसिएको छ। राप्ती नदीका मूख्य सहायक खोलाहरु लोथर, पम्फा, वुढीराप्ती, लदरा, कयर, खगेरी आदी हुन।

लोथर खोला चितवनको पूर्वी सीमानामा प्रवाहित भएको खोला हो। यो खोला चौरसडांडा, कान्द्राङ्गगढी तथा काण्डांडावाट उत्पन्न भएको छ। लोथर खोलामा सार्लिन खोला, कालीखोला, रेउती खोला, इम्ती खोलाहरु मिसिएका छन्। लोथर खोलाको पानी सिंचाईको लागि प्रयोगमा ल्याइएको छ भने जल विद्युत उत्पादन गर्न सकिने अवस्था रहेको छ। यो खोला पिप्ले गा.वि.स.को पूर्वी भागमा राप्ती नदीसंग मिसिएको छ।

कयर खोला पनि महाभारत पहाडवाट निस्कने अर्को महत्त्वपूर्ण खोला हो। सिद्धि गा.वि.स.को तीन दोभानमा पेमारन, देउजर र मझवाङ्ग खोला मिसिएपछि कयर नामले प्रवाहित भएको छ। शक्तिखोर गा.वि.स.मा उत्तर दक्षिण भई प्रवाहित भएको यस खोलाले पिठूवा गा.वि.स.मा पुगेपछि धेरै भूमिलाई सिंचित गरेको छ। यो खोला वछौली गा.वि.स.मा राप्ती नदीसंग मिसिन्छ।

चितवनको उत्तरी पहाडी क्षेत्रमा रहेको अर्को महत्त्वपूर्ण खोला रिग्दी खोला हो। यो काउलेको लेकवाट उत्तरतर्फ प्रवाहित भएको छ भने चण्डीभञ्ज्याङ्ग गा.वि.स.मा अत्यन्तै नागवेली आकारमा गल्छी र छांगाहरु वनाउँदै पूर्व-पश्चिम भएर वहेको छ। यो नदी लगभग ३० कि.मि. को लम्वाईमा रहेको छ। यो खोला वर्ल्याङ्घाटमा त्रिशुली नदीमा मिसिएको छ।

यस्तै थामडांडाको पश्चिमी ढालवाट सेती खोला प्रवाहित भई नारायणीमा मिसिएको छ भने थामडांडाको उत्तरपाट्टी तथा १८२८ मी. को चिसापानी डांडावाट पश्चिमतर्फ कालीखोला प्रवाहित भएकोछ, जुन नारायणी नदीमा मिसिएको छ। त्यस्तै मुग्लीनदेखि दक्षिणपट्टि खहरेखोला र उत्तरपूर्वतिर

नाग्दीखोला प्रवाहित हुदै नारायणीमै मिसिएका छन। यिनीहरुमा हिउदको समयमा पानी ज्यादै न्यून मात्रामा रहन्छ।

**इ. तेस्रो स्तरका नदी**

चूरे पर्वतीय क्षेत्रवाट उत्पन्न भएका यस तहका नदी अन्तर्गत रेवा (रिउ) नदी मूख्य रुपमा दक्षिणको माडी उपत्यकामा पूर्ववाट पश्चिम तर्फ प्रवाहित भएको छ। यो नदी कुम्भकर्ण तथा सोमेश्वर श्रृंखलावाट उत्पन्न भएको छ। यसमा मूलत : वाङ्गरे, ऐरेनी, वघई, घांघर, टुनामुना, घरुई, पतरे, चन्द्रे, वांदरमुढे, रक्तेनी, मगुई, चितई, देउती आदि खोलाहरु मिसिएका छन्। यसरी रेवा नदी वनेपछि यो नदी राप्ती नदीमा मिसिएको छ। यी खोलाहरुमा वर्षायाममा पानीको मात्र वढी हुन्छ भने हिंउदमा प्राय: शुष्क अवस्थामा रहेका हुन्छन। वीचमा चूरेवाट उत्पन्न भई उत्तरतिर प्रवाहित प्रवाहित हुने खोलाहरुमा हर्दा, वरदाह, भालु, भोवारसूत, जर्नेली खोला पर्दछन। यी राप्तीमा नै मिसिन्छन।

## १.५.२ ताल तलैया

चितवन जिल्लामा तालहरु नगण्य मात्रामा रहेका छन। तथापि राष्ट्रिय निकुञ्जभित्र तथा राप्ती नदीको नजिकको क्षेत्रमा ससाना तालहरु रहेका छन। यी तालहरु विशेषत: राप्ती नदीको आफ्नो प्रवाहमार्ग परिवर्तन हुंदा निर्माण भएका छन्। त्यस्तै केही तालहरु घोलहरुमा लाम्चिएर कम गहिराईमा रहेका छन। त्यस्तै केही तालहरु सुकेर लोप भएको देखिन्छ। यहाँका तालहरुमध्ये खगेरी नहरसंग जोडिएका घोलहरुमा निर्मित तालहरुको समूह मूख्य छ, जसलाई वीसहजार ताल भनिन्छ। यो ताल मनमोहक, आकर्षक र नौका विहारको लागि उपयुक्त छ।

यस वाहेक, अन्य तालहरुमा मुण्डा ताल, देवी ताल, लामे ताल, तमोरघैला ताल, कसरा ताल, नन्दभाउजु ताल, अट्ठाईसहजार ताल, विस हजार ताल, सत्रहजार ताल, मन्जुरा ताल, भिल्ले ताल, गडुवा ताल, अन्जना ताल, परशुराम कुण्ड, वैकुण्ठे कुण्ड आदि रहेका छन।

## १.६ चितवनका केही प्रमुख धार्मिक र ऐतिहासीक स्थलहरू

चितवन र यसको छिमेकी क्षेत्रहरु मानव बसोबासका दृष्टिले पनि महत्त्वपुर्ण रहदै आएको कुरा ती क्षेत्रमा प्राप्त ऐतिहासीक मानवका अवशेष, प्रस्तर औजार आदिबाट अवगत हुन्छ। यसरी सत्य युगमा सत्यवती, त्रेतायुगमा तपोवती, द्धापर युगमा मुक्ति सोपान र कलियुगमा नेपाल नामले प्रसिद्ध यस नेपाल भूखण्ड अन्तर्गत चितवन पनि पदर्छ। चितवन क्षेत्र सत्ययुगदेखि नै विभिन्न योग साधनारत ऋषि महर्षिहरुको तपस्या स्थल बन्दै आएको कुरा पौराणिक ग्रन्थहरुबाट पनि जानकारी हुन्छ। यस क्षेत्रमा विभिन्न कलाकृति, किल्ला, प्राचित मानव बस्तीका अवशेष आदि पनि देखिन्छन। यस क्षेत्रमा पुरातात्वीक उत्खनन भएको छैन। भएमा यस क्षेत्रले पनि प्राचित मानव संस्कृतीबारे जानकारी दिन सक्ने बलियो सम्भावना देखिन्छ। चितवनका केही प्रमुख धार्मिक एवं ऐतिहासिक स्थलहरु बारे यहां चर्चा गरिन्छ।

**(१) देवघाट**

देवघाट पश्चिमोत्तर तर्फबाट बग्दै आएको कालीगण्डकी र पूवोत्तर क्षेत्रबाट बग्दै आएको

त्रिशुली गण्डकी संगमस्थानमा पर्दछ। यो स्थान नारायणी अञ्चलको चितवन, गण्डकी अञ्चलको तनहुं र लुम्बिनी अञ्चलको चितवन ३ वटा जिल्लाको संगम स्थलको रुपमा रहेको छ। यो स्थल नारायणगढ बजारदेखि करिव ६ कि.मी. पश्चिमोत्तर कोणमा पर्दछ। जलदेवीको पसिनाबाट झरेका सात धारा (काली, त्रिशुली, मर्स्याङ्दी, दरौदी, सेती, मादी र बुढीगण्डकी) ले नदीको रुप लिई बगेका छन। यिनै सात गण्डकीको सामुहिक रुपलाई सप्तगण्डकी नामले सम्बोधन गरिएको कुरा हिमवत्खण्डमा उल्लेख भएको पाइन्छ। देवताहरुको समय समयमा आगमन भइरहने हुदा यो क्षेत्र देवघाटवा देवघाट क्षेत्रमा पर्दै आएका लोकोक्त पनि सुनिन्छ। बिक्रमको सोह्रौं शताब्दीको अन्त्य र सत्रौं शताब्दीको शुरु तिरका पाल्पाली राजा मुकुन्द सेन प्रथम पनि यसै क्षेत्रमा आई करिव १२ वर्ष तपस्विको रुपमा रहेर त्यही प्राण विसर्जन गरेको मानिन्छ। देवघाट क्षेत्र अन्तर्गत तनहुँको धेरै भाग तथा चितवन र चितवनको केही भाग पर्दछ। यस क्षेत्रमा रहेका धार्मिक ऐतिहासीक एवं पुरातात्वीक महत्त्वका बस्तुहरु निम्न लिखित छन।

**(२) बागीश्वरी**

देवघाट देखि करिव १ माइल पूर्व नारायणी नदीको पूर्वि किनारमा बागीश्वरी भनिने स्थान छ। यस स्थानमा अगाडी ठूलो सिमलको फेदमा २ वटा प्रत्थर सिंहका मूर्ति र एक मन्दिरको गजुर जस्तो आकृति रहेका थिए। त्याहां वागीश्वरी नामबाट मानीसहरुले पूजा गर्ने गर्दछन। पछि त्याहां बागीश्वरीको मन्दिर बनाउने भनेर खन्न थाल्दा त्यो ठूलो सिमलको रुख ढल्यो। त्याहां खन्दै जांदा प्राचित प्रस्तर शिवालयको अवशेष, बृष मुर्ति, भैरवका आकृति, पत्थरको डुड एवं बट्टे प्रस्तरहरु, पैसा, तामाको दियो, आदि प्राप्त भएका छन। यसै क्षेत्रमा प्राचिन किल्ला, बगैचा, दरवारका आकृतिका अवशेष भएको अनुमान हुन्छ।

**(३) गणेशस्थान**

चितवनका धार्मिक एवं पुरातात्वीक महत्त्वका स्थान मध्ये बसेनीको गणेशस्थान पनि पर्दछ। यस अन्तर्गत मठ मन्दिर यस प्रकारका छन :

***(क) सिद्धि विनायस गणेश मन्दिर :***

यस क्षेत्रका मूर्ति र मन्दिर मध्ये गणेशको पत्थर मूर्ति र सो मूर्ति स्थापना गरी बनेको मन्दिर पुराना हुन। यो मूर्ति मध्येकाल तिरै निर्माण भई मन्दिर बनेकोमा सो भत्कीई मूर्ति चाही जंगलमा रहेको थियो। हाल मानव बसोबासको क्रममा २०१६ सालमा सो मूर्ति प्राप्त भएको थियो। पछि २०२२ सालमा आएर सो मूर्तिको निर्माण भएको छ।

***(ख) शिवपार्वती मन्दिर :***

गणेशको उक्त मन्दिर देखि पश्चिम तर्फ शिवपार्वतीको मन्दिर रहेको छ। यो मन्दिर वि.सं. २०४८ सालमा श्री प्रेमकुमार श्रेष्ठ र उनका परिवारले बनाएको कुरा उक्त मन्दिरका भित्तामा अंकित अभिलेखमा अवगत छ।

***(ग) सन्तोषी माताको मन्दिर***

उक्त शिवपार्वतीको मन्दिर देखि पश्चिमतर्फ सन्तोषि माताको मन्दिर रहेको छ। मन्दिरको द्धारनेर बाहिरी भित्तामा राखिएको अभिलेख अनुसार सो मन्दिर २०४५ सालमा कृष्ण कुमार श्रेष्ठ र उनका परिवारले बनाएको कुरा अवगत हुन्छ।

**(३) सरस्वती मन्दिर :**

गणेश मन्दिरदेखि पूर्वतर्फ सरस्वती मन्दिर रहेको छ। यस मन्दिरको निर्माण शैली अरु मन्दिरको भन्दा बेग्लै छ। यस मन्दिरको निर्माण २०२८ सालमा भएको अवगत हुन्छ। यस मन्दिर भित्र सरस्वती र बुद्धका मूर्ति राखिएका छन र मन्दिर निर्माण स्तुप शैली समेत मिसीनु आदिबाट यसलाई धार्मिक सहिष्णुताको प्रतिकको रुपमा पनि लिन सकिन्छ।

**(४) शिवघाट**

नारायणगढ बाट करिव ५ कि.मि. दक्षिण पश्चिम नारायणीको किनारमा शिवघाट क्षेत्र पर्दछ। यहां हाल मुकुन्देश्वर महादेवको अतिरिक्त वि.सं. २०४१ सालमा हरि कुमार श्रेष्ठद्धारा स्थापना गरिएको एक अर्को शिवालय मन्दिर पनि छ। यहां गणेश रामसीता, हनुमान, आदीका मुर्ति स्थापना गरी बनेका मन्दिर पनि उल्लेखनीय छन।

**(५) त्रिवेणी**

राप्ती उपत्यकाबाट नारायणी नदी बाहिरी मधेशतर्फ निस्कने स्थानमा पूर्व तर्फबाट सोना नदी र तमासा नदी आएर मिल्दछन। यिनै ३ नदीको संगमलाई त्रिवेणी भनिन्छ। यस क्षेत्रको पवित्रता र सुसभ्यताले गर्दै धेरै अगाडि देखि मानव आकर्षित हुदै आएका प्रशङ्ग पौराणीक ग्रन्थहरुमा पनि पाइन्छ। स्कन्द पुराणको हिमवत्खण्ड परिशिष्टतामा प्रकाशित गण्डकी महात्म्यमा यी क्षेत्र परम पुजनिय त्रिवेणी भनी पृथ्वी भरमा चिनिएको कुरा उल्लेख भएको छ। यसै त्रिवेणी क्षेत्रको पूर्वी भागमा त्रेतायुगीन बाल्मीकी ऋषिको आश्रम थियो भनिन्छ। यस क्षेत्रमा हाल प्राचिन पत्थर खण्डहरु, मूर्ति, मन्दिर आदिका अवशेष रहेका छन। रामायणमा वर्णित बाल्मीकी आश्रम, सीता वनबास, लवकुसको जन्म उनीहरुलाई बाल्मीकीद्धारा शिक्षा दिक्षा रामश्वमेध आदिका आधारमा उक्त क्षेत्रमा रहेका बस्तुको नामाकरण गरिएको पनि छ। यसै स्थानमा २०५२ सालमा निर्मित एक काठे मन्दिर भित्र वरिपरि दुर्गा भवानी, गणेश, विष्णु, बराह, लक्ष्मीनारायण, हनुमान, सूर्य, आदिको पत्थर मूर्ति र वीचमा हरिहरको मूर्ति राखिएको छ। हवन कुण्डको आमा विष्णु चक्र रहेको छ। यस क्षेत्रमा प्रतिवर्ष माघे सक्रान्ती र औसीमा विशेष मेला लाग्ने गर्दछ।

**(६) गोद्धक**

माडी उपत्यकाको दक्षिणतर्फ सोमेश्र पर्वतबाट निस्की उत्तरतर्फ बग्दै आइ रिउ (रेवा) नदीमा मिल्ने विभिन्न नदीमध्ये देवती खोला पनि एक हो। यसमा हिन्दु देवीदेवताका आकारका अनेक पत्थर आकृति देखिने हुदा यस खोलाको नाम देवती खोला रहेको पाइन्छ। यसै खोलामा पर्शुराम कुण्ड एवं गोद्धक स्नान क्षेत्र समेत पर्दछ। यस खोलाको जलको उत्पत्ति गाईको खुरको आकृतिको बहानाबाट भएकोले उक्त जललाई गौद्धक (गौं उदक) भन्ने गरिएको हो भनिन्छ। यस क्षेत्रको धार्मिक एर्व आध्यमत्मिक महत्त्व छदैछ। त्यस बाहेक पंचपाण्डबका मुर्ति, चतुर्वाहु विष्णु, शिवलिङ्ग, गणेश, पार्वती आदिका प्राचीन पत्थर तर मूर्तिहरु समेत यस क्षेत्रमा रहेको हुदा यस क्षेत्रको गरिमा झनै बढेको छ। यस क्षेत्रमा प्रत्येक वर्ष रामनवमीका दिनमा गोद्धक स्नान र ७ दिनसम्म ठूलो मेला लाग्ने गर्दछ।

**७) विक्रमबाबा**

विक्रमबाबा भन्ने शब्दलाई झलक्क हेर्दा बलियो वा पराक्रमी बाबा भन्ने लाग्दछ। तर यो

चितवनका आदिवासी थारु समुदायमा पितृदेवता वा ऐतिहासीक देवताको रुपमा स्थान प्राप्त गर्दै आएको देवता विशेष भन्ने बुझिन्छ। चितवन राष्ट्रिय निकुन्ज अन्तर्गत राप्ती नदीको आडमा रुखको फेदमा विक्रमबाबा भन्ने देवता रहेको छन। चितवनका थारुहरु प्रति वर्ष रामनवमीमा विक्रमबाबाको स्थानमा गई पुजा गर्ने, पशु हांस, परेवा आदि बली दिने गर्दछन। यसो गरेमा इच्छा सिद्धि हुन्छ। सन्तान नहुनेले समेत सन्तान पाउछन भन्ने धारणा थारु समुदायमा रहेको पाइन्छ। हाल अन्य जातिको आत्मालाई पनि यिनले छुन पुगेको छ ।

**(८) चित्रसारी**

पूर्वी चितवनको टांडीबाट सौराहा जाने बाटोमा पर्ने बूढी राप्तीको किनारमा चित्रसारी भन्ने ठाउँ छ। यहाँ पुराना दुई मन्दिर र ती भित्र पत्थर र माटोका अनेक देवी देवता जनावर, पशु, चरा आदिका आकृति देखिन्छन। यिनलाई थारु जातिले पुरा गर्दछन। थारु कथन अनुसार चित्रसेन नामक राजाले चितवन राज्यको स्थापना गरेको र उनको दरवार चित्रसारीमा थियो भन्ने जानकारी हुन्छ। यस क्षेत्रको पनि ऐतिहासीक महत्त्व रहेको छ।

**(९) जुटपानी कालिका**

टाँडी बजारबाट उपरदाङ्गगढी तर्फ जाने बाटोमा पर्वतको घोंचमा जुटपानी बजार रहेको छ। यसको आडमा एक प्राचिन कालिन शिलालाई स्थानीय बासीन्दाहरुले कालिका भनी पुजा गर्दथे। २०४८ सालमा प्यागोडा सैलीको मन्दिर बनाई उक्त शिलालाई मन्दिर भित्र स्थापना गरिएको छ। यसको आसपासमा अरु पनि अनेक देवी देवताका मूर्ति, शिला, आदि रहेका छन।

**(१०) गंगानगरकी सीतामाई**

भरतपुर महानगरपालिकाको पटिहानीमा अन्तर्गत श्री सीतामाईको मन्दिर रहेको छ। यसको आसपासमा अरु पनि शिला स्थापना गरी अन्य देवी देवताका नामबाट पुजा गरिन्छ। बरण्डाभार जंगल, गंगानगर, मानबस्ती र राप्ती नदीको बीचको रमणीय स्थानमा यो क्षेत्र रहेको हुदा धार्मिक दृष्टिले मात्र नभई पर्यटकीय दृष्टिले पनि निकै आकर्षण देखिन्छ।

यि बाहेक पूर्वी चितवन तर्फ पनि कंकालीकोट कालिका, जुटपानी कालिका आदिका साथै पहाडी क्षेत्रका देवी देउराली, चण्डी आदिका स्थानले पनि स्थानीय बासीन्दाको आत्मालाई आकर्षण गरी पर्व पर्वमा पुजा र जात्रा चल्दै आएको पाइन्छ। चितवनमा राप्ती विकास योजना २०१३ लागु भए पछि पनि मानव बस्तीको विकास संगसंगै अरु पनि देवी देवताका मठ मन्दिर बनेका देखिन्छन। यस्ता विविध धार्मिक स्थलले मानलाई शान्ति सत्ज्ञान र नैतिकता जस्ता सन्देश मात्र दिने ति क्षेत्र धार्मिक पर्यटनका दृष्टिले पनि महत्त्वपुर्ण देखिन्छन। अत: त्यस्ता क्षेत्र हुदै चक्रपथ आवास एवं होटलको राम्रो व्यवस्था गरिएमा यिनको माध्यमबाट पर्यटन व्यवसाय समेत बृद्धि हुनुको साथै नेपालको अर्थतन्त्रमा पनि टेवा मिल्न सक्ने देखिन्छ।

**(११) बिसहजार ताल र पशुपंक्षी**

बिसहजार ताल चितवन जिल्लाको भरतपुर महानगरपालिकाको दक्षिण भागमा रहेको टिकौली गेट देखि दक्षिण पश्चिमको जंगल भित्र अवस्थित छ। वि.सं. २०२२ सालमा सिंचाईको निमित्त नहर खनी खगेरी खोला देखि बस्ती तिर पानी लांदा उक्त स्थानमा पानी जमेर ताल बनेपछि मात्र अगाडी

जाने नहरतीर बढेको हो भन्ने सुन्न र पत्र पत्रिकामा पढन पाउंछौं। उक्त तालमा भएको पानीको मात्रा तालको एक छेउ किनारामा रहेको नहर हुदै बस्ती तिर गएको छ।

## १.७ चितवन जिल्लाका मुख्य मुख्य गढीहरू

### १. उपरदाङ्गगढी

चितवन जिल्लाको रत्ननगर नगरपालिकाको टाडी बजारको महेन्द्रराजमार्ग देखि ६ माइल उत्तर महाभारत पर्वत श्रृंखलाको इच्छाकामना गाउँपालिकाको वडा नं. ७ मा यो गढी रहेको छ। यो गढी महाभारत पर्वतमै समुद्र सतहबाट करिव १०४० मिटरको उचाईमा रहेको छ। बनावटका दृष्टिले महाभारत पर्वतीय श्रृंखलामा रहेका गढीहरु मध्ये यो निकै आकर्षक र बलियो देखिन्छ। वि.सं. १८२८ मा चितवनको राजश्व उठाई बहादुर शाहले आफ्नो नायवी कालमा उनका जेठा छोरा शत्रुभञ्जन शाहले बनाएको हो भन्ने भनाई छ। यसको उत्तर तर्फ एउटा १५ फिट चौडा माथि सांगुरीदै गएको र चारैतिर तोप हान्ने मुख निकालिएको देखिन्छ। किल्लाको बाहीर चारैतिर ७, ८ फिट गहिरो र ७, ८ फिट चौडा खाडल खनिएको देखिन्छ। नजिकैको खानीबाट ठूला चाक्ला लाम्चा र बाक्ला ढुंगाहरु झीकी यो गढी बनाइएको छ। यो गढीलाई बाहीरबाट तोपले छेड्न नसक्ने खालको बज्र लेपनद्धारा बनाइएको छ। यसको दक्षिण तर्फ १०९ फिट उत्तरमा १३४ फिट उत्तरमा १३४ फिट पश्चिममा १०९ र पूर्वमा ६७ फिट क्षेत्रफलको छ। यस गढीको भित्रपट्टी हतियार राख्ने एक घर र वर्षाको पानी संकलन गर्ने एउटा सुख्खा इनार पनि बनाइएको छ। यो हतियार राख्ने घरमा हाल प्रा.वि. स्कुल चलाइएको छ। शत्रुभञ्जन त्यही सुरक्षाको निम्ती बसेको थिए। वि.सं. २०१३ सालमा यो गढीमा चितवनको सदरमुकाम रहेको थियो। पछि वि.सं. २०१४ सालमा यो गढीमा रहेको सदरमुकाम भरतपुरमा सारियो। अनि उपरदाङ्गगढी एवं सेरेवास क्षेत्रबाट मानिसको सम्पर्क घट्दै गरेको हुनाले हाल उपरदाङ्गगढी पनि भत्कने अवस्थामा पुगेको छ। तर यहांबाट चितवनको मैदान चुरे र हिमाल देख्न सकिने ऐतिहासीक र दृष्यावलोकन गर्न सकिने हुनाले यो गढी प्रति मानिसहरु आकर्षित हुदै गएका छन।

### २. सोमेश्वर गढी

माडीको दक्षिणमा रहेको सबैभन्दा अग्लो सोमेश्वर पर्वतको शिखरमा किल्लाको भग्नावशेषहरु छन। पाल्पाका राजा मुकुन्दसेनले अंग्रेजबाट देश जोगाउन बनाएको गढीलाई सोमेश्वर गढी भनिन्छ। यस गढीको शिखरको पश्चिम फेदीमा अंग्रेजले पनि किल्ला बनाएको बुझीन्छ। सुलका कारण किल्लाका आवश्यकता कम भई मर्मतको अभावमा किल्ला पुरानो भएको छ। सोमेश्वर नजिकै कालिका भगवतीको मन्दिर छ। यसको ४०० मिटर दक्षिणमा नेपाल भारत सिमाना को ४५ नं. स्तम्भ छ। कालिका मन्दिरको स्थानमा प्राचीन तरबार र कलात्मक ढंगले पुरानो शैलीमा कुंदीएको एउटा ठूलो ढुंगा छ। नेपाल भारत दुबैतर्फ देख्न सकिने हुंदा दृश्यावलोकन केन्द्र र ऐतिहासीक धार्मिक महत्त्व यसले राख्दछ।

### ३. कविलासपुर गढी

भरतपुर महानगरपालिकाको वडा नं. २९ मा मुग्लीन नारायणगढ मदनआश्रित राजमार्गको

जुगेडी देखी पूर्व करिव ३ घण्टा उकालो चढेपछि  कविलासपुर गढी पुगीन्छ। यो गरी महाभारत श्रृंखलामा पर्दछ। यहां पाल्पाका राजा मुकुन्दसेनले किल्ला निर्माण गराएका थिए। यो गढी समुद्र सतह देखि ११८४ मिटरको उचाईमा रहेको छ। यस गढीको पूर्वी आडमा मध्यकालिन दरवारको अवशेष देखिन्छ। यस गढीको दक्षिणतर्फ ठूलो भीर छ। पूर्व र पश्चिम धारिलो परेर पहाड तेर्सिएको छ। त्यसैको चुचुरोमा बसेको छ। पहराबाट झिकिएका पातलो कालो रंगका पत्थरद्वारा थिचेर यस गढीको निर्माण भएको छ। यो गढी भग्नावस्थामा छ। यस गढीको निर्माण शैली र यसैको हाराहारीमा देवघाट देखि माथि तनहुं तर्फको प्याउली गढीको निर्माण शैली प्राय मिन्छ। परन्तु यो गढीको जग चारपाटे भइकन चारै पाटाबाट केही टुडो निकाली त्यसैको ढोका बनाएको देखिन्छ। बीच बीचमा बाहीर हेर्ने प्वाल बनाएको देखिन्छ। यस गढीको निमाण पनि निकै वैज्ञानीक तरिकाबाट भएको देखिन्छ। गारो करिव २ मीटर चौडाईमा साथ बनेको यो गढीको भित्री घेरा करिव ४० मिटर छ। यो गढी सेन कालमा बनेका र केही पछि सम्म प्रयोगमा आएर हाल भग्नावस्थामा रहेको जानकारी हुन्छ। हाल किल्लाका भग्नावशेष देखिने यो ठाउं पहाड र तराईको दोहोरो दृष्य हेर्न लायक एवं ऐतिहासीक स्थलको रुपमा पनि यो ठाउ परीचित छ।

### ४. पुरानो (चिसापानी) गढी

यो हाल इच्छाकामना गाउँपालिका साविक चण्डीभञ्याङ्ग गा.वि.स. मा अन्तर्गत पर्दछ। यसको पूर्वतर्फ धरमथली, पश्चिमतर्फ उपल्लो चण्डिभञ्ज्याङ्ग र दक्षिणतर्फ तुन्तेष गाउ अवस्थित छ। इच्छाकामनाको दक्षिण पश्चिम फेदीमा रहेको यो गढी उपरदाङ्गगढी भन्दा पहिलेनै बनेको हुनाले यसलाई पुरानो गढी भनिने र यसैको काखमा सानो कुवामा जम्मा भइरहने पानी अत्यन्त चिसो हुंदा कसैले यसलाई चिसापानी गढी भनेको पनि सुनिछ।

# खण्ड २
# स्थानीय तहहरुको विवरण

## २.१ स्थानीय तहको व्यवस्था

संविधानको धारा ५६ अनुसार नेपाल राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरिएको छ। संविधानत: राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ। स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने उल्लेख गरको छ। स्थानीय तहको अधिकार अनुसूची - ८ मा व्यवस्था गरिएको छ भने संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची - ९ मा उललेख गरिएको छ। संविधानको धारा २९५(३) अनुसार गाउँपालिका, नगरपालिका तथा विशेष,संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग गठन भएको थियो। जिल्ला तहमा गठन भएको स्थानीय तह पुनसंरचना प्राविधिक सहयोग समितिको सुझावको आधारमा आयोगले ७ वटा स्थानीय तहको सिफारिश नेपाल सरकारमा गरेको थियो। नेपाल सरकारले गठन गरेका नेपालका ७४४ तह मध्ये चितवनमा १ महानगरपालिका, ५ नगरपालिका र १ गाउँपालिका रहेका छन्।

**तालिका २.१ अधिकारहरुको सूचि**

| स्थानीय तहको अधिकारको सूची | | संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची | |
|---|---|---|---|
| १ | नगर प्रहरी | १ | सहकारी |
| २ | सहकारी संस्था | २ | शिक्षा, खेलकूद र पत्रपत्रिका |
| ३ | एफ. एम सञ्चालन | ३ | स्वास्थ्य |
| ४ | स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क,सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर,व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन | ४ | कृषि |
| ५ | स्थानीय सेवाको व्यवस्थापन | ५ | विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरू |
| ६ | स्थानीय तथ्यांक र अभिलेख संकलन | ६ | सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्तरोयल्टी, पर्यटन शुल्क |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू | ७ | वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरणतथा जैविक विविधता |

| स्थानीय तहको अधिकारको सूची | | संघ,प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची | |
|---|---|---|---|
| ८ | आधारभूत र माध्यमिक शिक्षा | ८ | खानी तथा खनिज |
| ९ | आधारभूत स्वास्थ्य र सरसफाइ | ९ | विपद व्यवस्थापन |
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता | १० | सामाजिक सुरक्षा र गरीबी निवारण |
| ११ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ | ११ | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक |
| १२ | गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप रमध्यस्थताको व्यवस्थापन | १२ | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन | १३ | सुकुम्बासी व्यवस्थापन |
| १४ | घर जग्गा धनी पुर्जा वितरण | १४ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी | १५ | सवारी साधन अनुमति |

## २.२.भरतपुर महानगरपालिका

### भरतपुर महानगरपालिका

मध्य नेपालमा अवस्थित चितवन जिल्लाको सदरमुकाम रहेको भरतपुर नगरपालिकाको स्थापना वि.सं. २०३५ सालमा भएको थियो। त्यसबेला साविकका भरतपुर र नारायणगढ गाउँ पञ्चायत समावेश गरी भरतपुर नगर पञ्चायत बनाइएको थियो। बहुदलीय व्यवस्थाको पुनर्स्थापना भए पछि २०४८ सालमा भरतपुर नगरपालिकाको रुपमा १४ वडामा विभाजित भइ कृयाशिल रहेकोमा नेपाल सरकारको मिति २०७१०८१३ को निर्णय अनुसार चितवन जिल्लाका साविकका मंगलपुर, फूलवारी, शिवनगर, गितानगर, पटिहनी गा.वि.स. हरु समाहित गरी उप महानगरपालिकामा स्तरबृद्धि गरिएको थियो। भरतपुर महानगरपालिका स्थानिय तह पुर्नसंरचना पश्चात निर्माण भएको देशका ४ वटा महानगरपालिका मध्ये एक हो। पछि नेपाल सरकारको निर्णय बमोजिम विराटनगर र विरगञ्ज उप महानगरपालिकाहरुलाई महानगरपालिका घोषणा गरेपछि महानगरपालिकाको संख्या ६ पुगेको छ। भरतपुर महानगरपालिका साविकका भरतपु उप महानगरपालिका, चित्रवन र नारायणी नगरपालिकाहरुलाई मिलाएर वनाइएको हो। ऐतिहासिक, भौगोलिक, आर्थिक, सामाजिक, सास्कृतिक स्थितिले महानगरले निकै सम्भावना वोकेको छ। प्राकृतिक श्रोत एवं साधन, पर्यटनका दृष्टीले पनि उत्तिकै सम्भावित छ। विविध प्राकृतिक तथा साँस्कृतिक विशेषताहरु बोकेको पाइन्छ। यस क्षेत्रमा धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको अवस्थितिले यस महानगरपालिकालाई आर्थिक विकास र सम्बृद्धिका लागि योगदान दिने छ। भौगोलिक रुपमा सुगमता भएको कारण आवश्यक भौतिक तथा सामाजिक पुर्वाधारको अवस्था राम्रो छ। शिक्षा, स्वास्थ्य,गरिवि,तथा अन्य सुचकहरु पनि तुलनात्मक रुपमा देश कै महानगरपालिका र नगरपालिकाको तुलनामा मजबुत देखिन्छ। यहाँ २ वटा मेडिकल कलेजहरु, नमूना भरतपुर अस्पताल बि.पि कोइराला मेमोरियल क्यान्सर अस्पताल र धैरै नै निजी अस्पताल तथा नर्सिङ्ग होमको अवस्थितिले यसलाई मेडिकल सिटीको रुपमा विकास गर्न सकिने आधार खडा गरेको छ। साथै कृषि तथा वन

विश्वविद्यालय भएको कारण देश कै शैक्षिक विकासको संभावना बोकेको ठाँउ हो ।

## २.२.१ भरतपुर महानगरपालिका सिमाना तथा वडा विभाजन

समावेश भएका साविकका न.पा. र गा.वि.स.हरु : भरतपुर उप महा न.पा., चित्रवन न.पा., नारायणी न.पा.र कविलास गा.वि.स.
केन्द्र : साविकको भरतपुर उप महा न.पाको कार्यालय वडा संख्या : २९
सीमाना :
पूर्व : रत्ननगर न.पा., कालिका न.पा. र ईच्छाकामना गा.प. पीश्चम : चितवन राष्ट्रिय निकुञ्ज र नवलपरासी जिल्ला
उत्तर : तनहुँ जिल्ला दक्षिण : चितवन राष्ट्रिय निकुञ्ज

**तालिका २.२.१ : वडा विभाजन तथा जनसंख्या**

| वडा नं. | समावेश भएका साविकका न.पा.न.पा. तथा गा.वि.स.हरु | साविक वडा नं. | पुरुषको संख्या | महिलाको संख्या | जम्मा जनसंख्या | घरपरिवार संख्या |
|---|---|---|---|---|---|---|
| १ | भरतपुर | १, ३ | ५९९४ | ५१७५ | १११६९ | २५०६ |
| २ | भरतपुर | २ | ८४८९ | ८२४२ | १६७३१ | ४१६८ |
| ३ | भरतपुर | ४ | ७९९२ | ६८२२ | १४८१४ | ३५३५ |
| ४ | भरतपुर | ५, ६ | ६९५३ | ७६०० | १४५५३ | ३६३६ |
| ५ | भरतपुर | १३, १४ | ३९५१ | ४२९७ | ८२४८ | १८८६ |
| ६ | भरतपुर | २१, २२ | ५१०२ | ५७२२ | १०८२४ | २६१० |
| ७ | भरतपुर | ७ | ५०८७ | ५४१८ | १०५०५ | २६९० |
| ८ | भरतपुर | ८ | ३४०५ | ३६७५ | ७०८० | १५६९ |
| ९ | भरतपुर | ९ | ४३६१ | ४७९६ | ९१५७ | २३४४ |
| १० | भरतपुर | १० | १२३६२ | ११०९६ | २३४५८ | ६४९७ |
| ११ | भरतपुर | ११ | १०२३७ | १०८७६ | २१११३ | ५३१८ |
| १२ | भरतपुर | १२ | ५३७४ | ५५७५ | १०९४९ | २८३८ |
| १३ | भरतपुर | २०, २८ | २८४१ | ३१७७ | ६०१८ | १४८५ |
| १४ | भरतपुर | २४, २५, २९ | ४२२२ | ५१०७ | ९३२९ | २२९२ |
| १५ | भरतपुर | १५, १९, २३ | ५२७० | ५८६३ | १११३३ | २६४८ |
| १६ | भरतपुर | १६, १७, १८ | ६४१७ | ७३०२ | १३७१९ | ३२३६ |
| १७ | चित्रवन | १, २, ११ | ३०१८ | ३६९२ | ६७१० | १५१४ |
| १८ | चित्रवन | ५, ७, १० | ३१५० | ३८६८ | ७०१८ | १६७५ |
| १९ | चित्रवन | ३, ४, ६ | २७९१ | ३३८४ | ६१७५ | १४७३ |
| २० | चित्रवन | ५, ८ | ३०५७ | ३६४७ | ६७०४ | १५७७ |
| २१ | नारायणी | ७, ८, ९ | २९३७ | ३५६९ | ६५०६ | १६१४ |
| २२ | भरतपुर | २६, २७ | २३७५ | २८९४ | ५२६९ | १२९४ |

| वडा नं. | समावेश भएका साविकका न.पा.न.पा. तथा गा.वि.स.हरु | साविक वडा नं. | पुरुषको संख्या | महिलाको संख्या | जम्मा जनसंख्या | घरपरिवार संख्या |
|---|---|---|---|---|---|---|
| २३ | नारायणी | १०, ११ | ३३१४ | ३८४५ | ७१५९ | १६५५ |
| २४ | नारायणी | १२ | २०८१ | २२६० | ४३४१ | ९८२ |
| २५ | नारायणी | ४, ५, ६ | ३६९३ | ४३६४ | ८०५७ | १८६३ |
| २६ | चित्रवन | १२, १३, १४ | ३८३५ | ४५६० | ८३९५ | १९३८ |
| २७ | नारायणी | २, ३ | ३५०६ | ४३३९ | ७८४५ | १७६५ |
| २८ | नारायणी | १ | २८७५ | ३४९४ | ६३६९ | १३२३ |
| २९ | कविलास | १ देखी ८ | २८२२ | २९९७ | ५८१९ | ११६५ |




## २.२.२ घर तथा आवासीय इकाइको स्वामित्व र बनौट

**(क) घर/आवासीय इकाइको स्वामित्व**

कुल ६९ हजार ३५ परिवार मध्ये ६९.८९ % परिवारहरु आफ्नै घरमा बसेका छन् भने २४.६५% परिवारहरु अरुको घरमा भाडामा बसेको पाइन्छ। त्यस्तै २.०१ % परिवारहरु संस्थागत भवनमा र ३.४५ % परिवारहरु अन्य प्रकारको स्वामीत्व भएको घरमा बसोबास गरेका छन्। शहरी क्षेत्र भएका कारण अन्य स्थानीय तहमा भन्दा अरुको घरमा भाडामा बस्ने घरपरिवारको संख्या बढी रहेको छ। विगतको तुलनामा अरुको घरमा भाडामा बस्ने परिवारहरु निरन्तर बढ्दै गएको पाइन्छ। कामको अवसर तथा अध्ययनको लागि अन्य क्षेत्रबाट यस महानगरपालिकामा ओइरिने क्रम जारी छ।

**तालिका २.२.२ : घरको स्वामित्वअनुसार परिवारहरुको विवरण**

| एकाई | जम्मा | घर वा आवासिय इकाइको स्वामित्व | | | |
|---|---|---|---|---|---|
| | | आफ्नै | भाडामा | संस्थागत | अन्य |
| घरपरिवार | ६९,०३५ | ४८,२४७ | १७,०२० | १,३८६ | २,३८२ |
| प्रतिशत | १००.०० | ६९.८९ | २४.६५ | २.०१ | ३.४५ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

### (ख) घर/आवासीय इकाइको बनौट

परिवार बसोबास गरिरहेको घर वा आवासीय इकाइको बनौटलाई सो घर/आवासीय इकाइको भौतिक संरचनाका मुख्य अङ्गहरू जग, बाहिरी गारो र छानाको बनावटको आधारमा विश्लेषण गरिएको छ। नतिजाअनुसार परिवारहरूले प्रयोग गरिरहेको घरहरूमध्ये ४५.९२ प्रतिशतको सिमेन्ट जडित इटा/ढुङ्गाबाट बनेका, २३.४९ प्रतिशतको ढलान पिलरसहितको ,११.७४ प्रतिशतको काठको खम्बा गाडिएको, १६.२१ प्रतिशतको जग माटो जडित इटा/ढुङ्गाबाट बनेको र बाँकी अन्य बनौटको जग रहेको देखिएको छ।

**तालिका २.२.३: घरको जग अनुसार परिवार संख्या**

| जम्मा | घर/आवासीय इकाइको जग | | | | | |
|---|---|---|---|---|---|---|
| | माटो जडित इटा/ढुंगा | सिमेन्ट जडित इटा/ढुंगा | ढलान पिलर सहितको | काठको खम्बा | अन्य | नखुलेको |
| ६९,०३५ | ११,१९४ | ३१,७०२ | १६,२१६ | ८,१०६ | १,१८५ | ६३२ |
| १००.०० | १६.२१ | ४५.९२ | २३.४९ | ११.७४ | १.७२ | ०.९२ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

बजार क्षेत्रमा ढलान पिलरसहितको जग रहेका घर/आवासीय इकाइहरूको धेरै देखिन्छन् साथै घरहरूको जग सिमेन्ट जडित इटा/ढुङ्गा बनेका पनि देखिन्छन् र ग्रामीण क्षेत्रमा भने घरहरूको जग माटो जडित इटा/ढुङ्गा तथा काठको खम्बाबाट बनेको देखिन्छ।

यस महानगरका सबैभन्दा कढी परिवारहरु ७४.७३ प्रतिशत बाहिरी गाह्रो सिमेन्टको जोडाई ढुंगा वा ईट्टा भएको घरमा बसेको पाइन्छ। बाहिरी गाह्रो माटोको जोडाई ढुंगा वा ईट्टा भएको घरमा ८.८६ प्रतिशत परिवारहरु तथा बाहिरी गाह्रो काठ वा फलेक भएको घरमा ६.७८ प्रतिशत परिवारहरु बसोबास गर्दछन्।

**तालिका २.२.४ : घरको गाह्रो अनुसार परिवार संख्या**

| जम्मा | | | घर/आवासीय इकाइको गाह्रो | | | | |
|---|---|---|---|---|---|---|---|
| | माटो जोडाई इटा/ढुंगा | सिमेन्ट जोडाई इटा/ढुंगा | बाँस | काठ वा फलेक | काँचो ईटाँ | अन्य | नखुलेको |
| ६९,०३५ | ६,११५ | ५१,५८९ | १,७८५ | ४,६८१ | १,६३० | २,५५७ | ६७८ |
| १०० | ८.८६ | ७४.७३ | २.५९ | ६.७८ | २.३६ | ३.७० | ०.९८ |

: राष्ट्रिय जनगणनाको प्रतिवेदन:२०६८

आवासीय घरको छानाको बनौट हेर्दा कुल परिवारले बसोबासका लागि प्रयोग गरिरहेका घरहरू मध्ये ४८.२९ प्रतिशतको जस्ता/टिनबाट, ४१.५७ प्रतिशतको सिमेन्ट/ढलानबाट, ७.८१ प्रतिशतको खर/परालबाट छाना बनेको देखिएको छ। त्यसैगरी बाँकी छाना अन्य सामग्रीको प्रयोगबाट बनेको देखिन्छ। बजार क्षेत्रका प्राय धेरैजसो घरहरूको सिमेन्ट/ढलानबाट बनेको देखिन्छ भने अन्य क्षेत्रमा जस्ताबाट छाना निर्मित घरहरूको बाहुल्यता रहेको देखिन्छ।

**तालिका २.२.५ : घरको छाना अनुसार परिवार संख्या**

| जम्मा | घर/आवासीय इकाइको छाना | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खर वा पराल | जस्ता पाता | टायल वा स्लेट | ढलान | काठ वा फलेक | अन्य | नखुलेका |
| ६९०३५ | ५३९५ | ३३३३७ | ४९० | २८६९६ | १६७ | २३३ | ७१७ |
| १०० | ७८१ | ४८.२९ | ०.७१ | ४१.५७ | ०.२४ | ०.३४ | १.०४ |

श्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

## २.२.३ परिवारले पिउने पानीको मुख्य स्रोत

राष्ट्रिय जनगणना २०६८ मा देशभित्रका हरेक परिवारले पिउने पानीको मुख्य स्रोत सम्बन्धी विवरण सङ्कलन गरिएको थियो। सो गणनाको नतिजाअनुसार यस महानगरमा कुल ६९ हजार ३५ परिवार मध्ये ३०.५५ प्रतिशत परिवारले धारा/पाइप, ट्युववेल/हाते पम्पबाट ४५.३२ प्रतिशत, ढाकिएको इनार/कुवाबाट ९.४६ प्रतिशत, २.७६ प्रतिशतले खुला इनार/कुवाबाट पिउने पानी मुख्यरूपमा आपूर्ति गर्ने गरेको पाइएको छ। मूल धारा, नदी/खोला र अन्य स्रोतबाट पिउने पानी आपूर्ति गर्ने परिवारहरू कुल परिवारको क्रमशः ०.२३ , ०.१४ र १.१३ प्रतिशत रहेका छन्।

**तालिका २.२.६ : खानेपानीको स्रोतअनुसार परिवार संख्या**

| जम्मा | पिउने पानीको स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | धारा वा पाइप | ट्युवबेल वा हाते पम्प | ढाकिएको इनार वा कुवा | नढाकिएको इनार वा कुवा | मूल धारा | नदी वा खोला | अन्य | नखुलेको |
| ६९,०३५ | २१,०८९ | ३८,१९३ | ६,५३१ | १,९०४ | १६१ | ९५ | ७८० | २८२ |
| १०० | ३०।५५ | ५५।३२ | ९।४६ | २।७६ | ०।२३ | ०।१४ | १।१३ | ०।४१ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

## २.२.४ परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन

राष्ट्रिय जनगणना २०६८ को नतिजाले यस महानगरका कुल परिवार मध्ये अधिकांश परिवारले खाना पकाउन अक्सर एल.पि. ग्यास प्रयोग गर्ने गरेको देखाएको छ। कुल परिवारको ५२.७४ प्रतिशतले खाना पकाउन अक्सर एल.पि. ग्याँस प्रयोग गर्ने गरेको देखिन्छ। विगत जनगणनामा एल.पि. ग्यास प्रयोग गर्ने परिवारहरू भन्दा यस जनगणनामा उल्लेख्य वृद्धि भएको देखिन्छ। त्यस्तै खाना पकाउन अक्सर गोबर ग्याँस प्रयोग गर्नेको हिस्सा ८.५२ प्रतिशत रहेको छ । खाना पकाउन काठ तथा दाउरा प्रयोग गर्ने परिवारको प्रतिशत ३६.६४ रहेको छ। खाना पकाउन काठ तथा दाउरा

प्रयोग गर्ने परिवारको संख्या क्रमश घट्दै गएको देखिन्छ।

**तालिका २.२.७ : खाना पकाउन प्रयोग इन्धन अनुसार परिवार संख्या**

| जम्मा | खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | काठ/ दाउरा | मटितेल | एल पि ग्यास | गुईठा | गोबर ग्याँस | विजुली | अन्य | नखुलेको |
| ६९,०३५ | २५,२९५ | ६६६ | ३६,४१२ | ८८ | ५,८८१ | १४० | २६९ | २८४ |
| १०० | ३६.६४ | ०.९६ | ५२.७४ | ०.१३ | ८.५२ | ०.२० | ०.३९ | ०.४१ |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

## २.२.५ परिवारमा वत्ति बाल्न अक्सर प्रयोग गरिने साधन

भरतपुर महानगरका धेरैजसो घरपरिवारहरूले आफू बसोबास गरेको घर/आवासीय इकाइमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ। जनगणना २०६८ अनुसार बिजुली प्रयोग गर्ने परिवार ९७.२१ रहेको छ। बत्ती बाल्नका लागि अक्सर मटितेल प्रयोग गर्ने परिवार १.९२ प्रतिशत मात्र देखिएको छ। बत्ती बाल्नका लागि अक्सर सोलार र अन्य इन्धन प्रयोग गर्ने परिवार क्रमश: ०.०९ र ०.१२ प्रतिशत रहेको देखिन्छ। गोबरग्यास प्रयोग गर्ने परिवारहरू केवल ०.२३ प्रतिशत मात्र रहेका छन्।

**तालिका २.२.८ : अक्सर बत्ती बाल्ने स्रोत अनुसार परिवार संख्या**

| जम्मा | अक्सर बत्ती बाल्ने स्रोत | | | | |
|---|---|---|---|---|---|
| | विजुली | मट्टितेल | वायोग्याँस | सौर्य | अन्य | नखुलेको |
| ६९,०३५ | ६७,१०९ | १,३२३ | १५७ | ६३ | ८४ | २९९ |
| १०० | ९७.२१ | १.९२ | ०.२३ | ०.०९ | ०.१२ | ०.४३ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

## २.२.६ परिवारले प्रयोग गर्ने शौचालयको सुविधा

महानगरका २.८७ प्रतिशत परिवारहरूसग आफू बस्ने घरमा अझै पनि शौचालयको सुविधा नभएको तथ्याङ्क राष्ट्रिय जनगणना २०६८ को नतिजाले देखाएको छ। हाल ८३.४४ प्रतिशत परिवारहरूले सेप्टिक ट्याङ्कमा जोडिएको फ्लस भएको आधुनिक शौचालय प्रयोग गर्ने गरेको पाइएको छ। त्यसैगरी साधारण शौचालय प्रयोग गर्ने परिवारहरूको संख्या १३.२५ प्रतिशत देखिएको छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट प्राप्त रेकर्डका आधारमा यो जिल्ला खुला दिसामुक्त घोषणा भएको छ।

**तालिका २.२.९ : चर्पीको सुविधा अनुसार परिवार संख्या**

| जम्मा | चर्पी नभएका घरपरिवार | चर्पी भएका जम्मा घरपरिवार | आधुनिक चर्पी भएका | साधारण चर्पी भएका | नखुलेको |
|---|---|---|---|---|---|
| ६९,०३५ | १,९८४ | ६६,७५१ | ५७,६०५ | ९,१४६ | ३०० |
| १०० | २.८७ | ९६.६९ | ८३.४४ | १३.२५ | ०.४३ |

श्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

## २.२.७ परिवारले प्रयोग गर्ने सुविधाको पहुँच

महानगरका ३.५५ प्रतिशत परिवारहरूसँग अझै पनि एकपनि सुविधा नभएको तथ्याङ्क राष्ट्रिय जनगणना २०६८ को नतिजाले देखाएको छ। टि.भि. प्रयोग गर्ने परिवारको संख्या ६२.६३ प्रतिशत छ। हाल ८४.०१ प्रतिशत परिवारहरूले मोबाइलको प्रयोग गर्ने गरेको पाइएको छ। त्यसैगरी साइकल प्रयोग गर्ने परिवारहरूको संख्या ६८.२० प्रतिशत देखिन्छ। यहाका १६.४७ प्रतिशत परिवारहरुले मात्र टेलिफोनको सुविधा उपभोग गरेको देखिन्छ। करिब १० प्रतिशत परिवारसँग इन्टरनेटको पहुँच देखिन्छ। २५.६२ प्रतिशत परिवारहरुले मोटरसाइकलको सुविधा लिएको देखिन्छ।

**तालिका २.२.१० :सुविधाको पहुँच अनुसार परिवार संख्या**

| जम्मा | एकवटा पनि सुविधा नभएका | कम्तिमा एकवटा सुविधा भएको | रेडियो | टि.भि. | केबुल टि.भि. | कम्प्यूटर | इन्टरनेट |
|---|---|---|---|---|---|---|---|
| ६९,०३५ | २,४५३ | ६५,९४१ | ४५,२५८ | ४३,२३९ | ३४,१२२ | १२,५५० | ६,९७६ |
| १०० | ३.५५ | ९५.५२ | ६५.५६ | ६२.६३ | ४९.४३ | १८.१८ | १०.११ |
| **फोन** | **मोबाइल** | **मोटर** | **मोटरसाइकल** | **साइकल** | **अन्य** | **फ्रिज** | **नखुलेको** |
| ११,३७१ | ५७,९९६ | २,१६५ | १७,६८६ | ४७,०८२ | ५५४ | १९,४२३ | ६४१ |
| १६.४७ | ८४.०१ | ३.१४ | २५.६२ | ६८.२० | ०.८० | २८.१४ | ०.९३ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

## २.२.८ उमेर समूह अनुसार जनसंख्या

जनसङ्ख्याको उमेरगत संरचनालाई ५ वर्षको उमेर समूहमा विभाजन गरी अध्ययन गर्दा १० देखि १४ वर्ष उमेर समूहमा कुल जनसङ्ख्याको सर्वाधिक अंश रहेको देखिन्छ। यो उमेर समूहमा कुल जनसङ्ख्याको ११.९२ प्रतिशत हिस्सा रहेको देखिन्छ। यसलाई ११.८१ प्रतिशत जनसङ्ख्यासहित १५ देखि १९ वर्ष उमेर समूहले पछ्याएको छ। पुरूषको हकमा कुल पुरूष जनसङ्ख्याको सबैभन्दा धेरै १० देखि १४ वर्ष उमेर समूहमा र महिलातर्फ पनि कुल महिलाको सबैभन्दा धेरै १५ देखि १९ वर्ष उमेर समूहका व्यक्तिहरूमा रहेको देखिन्छ। ५ देखि ९ वर्ष उमेर समूहमा कुल जनसङ्ख्याको हिस्सा ९.३८ प्रतिशत छ। ० देखि ४ वर्षका वालवालिकाहरुको जनसंख्या ६.९२ प्रतिशत रहेको छ। कुल प्रजनन् दर घट्दै गएको देखिन्छ। परिवार नियोजनको प्रभाव तथा मानिसमा सानो परिवार प्रतिको आकर्षण बढेको छ। १० देखि १४ वर्ष पछि उमेर समूह वढ्दै जाँदा जनसङ्ख्याको प्रतिशत पनि कम हुँदै गएको देखिन्छ।

**तालिका २.२.११ : उमेर समूह अनुसार जनसंख्या**

| उमेर समुह | ०-४ | ५-९ | १०-१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०-४४ | ३५-३९ | ४०-४४ | ४५-४९ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल जनसंख्या | १९,३९७ | २६,३१७ | ३३,४३५ | ३३,१३५ | २८,६३६ | २४,१३१ | २१,३०९ | १९,२५४ | १६,३९६ | १४,०५१ |
| प्रतिशत | ६.९२ | ९.३८ | ११.९२ | ११.८१ | १०.२१ | ८.६० | ७६० | ६.८६ | ५.८५ | ५.०१ |
| पुरूष | १०,२९८ | १३,७५९ | १७,१३४ | १६,८६२ | १२,५५७ | ९,४८८ | ८,९१७ | ८,४०६ | ७,७११ | ६,९०५ |
| महिला | ९,०९९ | १२,५५८ | १६,३०१ | १६,२७३ | १६,०७९ | १४,६४३ | १२,३९२ | १०,८४८ | ८,६८५ | ७,१४६ |

| उमेर समुह | ५०-५४ | ५५-५९ | ६०-६४ | ६५-६९ | ७०-७४ | ७५ वा माथि |
|---|---|---|---|---|---|---|
| जम्मा | ११,७५३ | ८,७९५ | ७,४११ | ५,७९१ | ४,२४७ | ६,४४४ |
| प्रतिशत | ४.१९ | ३.१४ | २.६४ | २.०६ | १.५१ | २.३० |
| पुरूष | ५,९४० | ४,४४६ | ३,६२१ | २,८२० | २,१०० | ३,०३७ |
| महिला | ५,८१३ | ४,३४९ | ३,७९० | २,९७१ | २,१४७ | ३,४०७ |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

## २.२.९ जातजाति अनुसार जनसंख्याको संरचना

वि.सं.२०६८ को राष्ट्रिय जनगणना अनुसार यस महानगरमा बसोवास गर्दै आएका मुख्य जातजातीहरूमा क्रमश ब्राम्हण पहाडी ९६,२५५ (३३.७५%), क्षेत्री ३५,३८५ (१२.४१%), गुरुङ्ग २४,४८५ (८.५९%), तामाङ्ग १७,८६२ (६.२६%), नेवार १७,२४२ (६.०५%), मगर १४,४९० ( ५.०८%) थारु १७,१५६ (६.०२%), कामी १५,९२३ (५.५८%), मुस्लिम ३,५२५ (१.२४%), घर्ती २,१०२ (०.७४%), सार्की ४,४७३ (१.७५%), कुमाल ६,७७१(२.२३%), , दमाई ६,२७० (२.२०%), बोटे १,०९३ (०.३८%), दराई ३,१०६ (१.०९%),ठकुरी २,३६४ (०.८३%), सन्यासी १,७४४ (०.६१%) आदी रहेका छन्। यस महानगरमा करिब ४८ प्रतिशत बाहुन, क्षेत्री आदी, ३७ प्रतिशत जनजातिहरु, १० प्रतिशत पहाडी दलित र मधेशी दलित साथै ५ प्रतिशत मधेशी तथा अन्यको बसोबास रहेको छ। जनजातिमा मुख्य गरी मगर, थारु, कुमाल, नेवार आदी पर्दछन् भने मधेशीमा यादव, तेली, मुस्लिम, केबट, कहर, कुर्मी आदी रहेका छन्। दलित तर्फ कामी, साकी, दमाई,हरिजन,पासी,मुसहर, चमार आदि छन्। यहाँको विस्तृत जातजातिको तुलनात्मक तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.२.१२: जातजाति अनुसार महानगरको जनसंख्या**

| जातजाति | जनसंख्या | जातजाति | जनसंख्या | जातजाति | जनसंख्या | जातजाति | जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| ब्राहमण पहाड | ९६,२५५ | घर्ती | २,१०२ | मारवाडी | ४०६ | लोहार | ८५ |
| क्षेत्री | ३५,३८५ | सन्यासी | १,७४४ | हजाम | ३८५ | माली | ८० |
| गुरुङ्ग | २४,४८५ | राई | १,२१८ | कुर्मी | ३३४ | धानुक | ७८ |
| तामाङ्ग | १७,८६२ | चेपाङ्ग | १,१९४ | दुरा | ३१३ | शेर्पा | ६२ |
| नेवार | १७,२४२ | काठवनिया | १,१३६ | लिम्बु | २६६ | सोनार | ६१ |
| थारु | १७,१५६ | बोटे | १,०३० | बंगाली | १९९ | गाइने | ६० |
| कामी | १५,९१३ | घले | ९७३ | माझी | १९१ | पासी | ४२ |
| मगर | १४,४९० | तेली | ८७१ | मल्लाह | १८८ | राजवंशी | १४ |
| कुमाल | ६,७७१ | यादव | ८२३ | थकाली | १४६ | दनुवार | १३ |
| दमाई | ६,२७० | कलवार | ६९६ | सुधी | ९९ | अन्य | १४० |
| सार्की | ४,४७३ | बादी | ६१० | नुनिया | ९८ | दलित अन्य | १३० |
| मुसलमान | ३,५२५ | कानु | ५४३ | धोबी | ९२ | तराई अन्य | ३०६ |
| दराई | ३,१०६ | सुनुवार | ४१८ | मुसहर | ९० | विदेशी | १०६ |
| ठकुरी | २,३६४ | कोइरी | ४०८ | स्रोत: जनगणना २०६८ को प्रतिवेदन | | | |

## भरतपुर महानगरपालिकाका निर्वाचित पदाधिकारीहरु

| सि.नं. | उम्मेदवार | | पद | लिङ्ग | राजनितीक दल | प्राप्त मत |
|---|---|---|---|---|---|---|
| १ | रेणु दाहाल | | मेयर | महिला | माओवादी केन्द्र | ४३१२७ |
| २ | पार्वती शाह ठकुरी | | उपमेयर | महिला | नेपाली काँग्रेस | ४७१९७ |
| **सि.नं.** | **उम्मेदवार** | **वडा** | **पद** | **लिङ्ग** | **राजनितीक दल** | **प्राप्त मत** |
| १ | जयराम श्रेष्ठ | १ | वडा अध्यक्ष | पुरुष | नेपाली काँग्रेस | ११७७ |
| २ | यम बहादुर वायेमगर | १ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १२६६ |
| ३ | शुक्रकुमार श्रेष्ठ | १ | वडा सदस्य | पुरुष | नेकपा एमाले | १२९२ |
| ४ | राममाया पिया | १ | महिला सदस्य | महिला | नेपाली काँग्रेस | १२६९ |
| ५ | गंगादेवी पोखरेल | १ | दलित महिला सदस्य | महिला | नेपाली काँग्रेस | १२३० |
| ६ | पूर्णबहादुर श्रेष्ठ | २ | वडा अध्यक्ष | पुरुष | नेकपा एमाले | १९२६ |
| ७ | मन बहादुर राना | २ | वडा सदस्य | पुरुष | नेकपा एमाले | १९३९ |
| ८ | विष्णुप्रसाद अधिकारी | २ | वडा सदस्य | पुरुष | नेकपा एमाले | १८४१ |
| ९ | सरिता सुवेदी | २ | महिला सदस्य | महिला | नेकपा एमाले | २०९५ |
| १० | धनकुमारी विश्वकर्मा | २ | दलित महिला सदस्य | महिला | नेकपा एमाले | २०७१ |
| ११ | चन्द्रमित्र पण्डित | ३ | वडा अध्यक्ष | पुरुष | नेपाली काँग्रेस | १५३० |
| १२ | रविन्द्र गौतम | ३ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | ११६५ |
| १३ | भरतप्रसाद लामिछाने | ३ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | ११३२ |
| १४ | इन्दु पण्डित | ३ | महिला सदस्य | महिला | नेपाली काँग्रेस | १२३४ |
| १५ | सुकमाया परियार | ३ | दलित महिला सदस्य | महिला | नेपाली काँग्रेस | १३११ |
| १६ | हरिप्रसाद अर्याल | ४ | वडा अध्यक्ष | पुरुष | नेकपा एमाले | १७२० |
| १७ | अर्पण पोखरेल | ४ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १६०५ |
| १८ | प्रेमप्रसाद शर्मा | ४ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १५९८ |
| १९ | पवित्रा के.सी | ४ | महिला सदस्य | महिला | नेपाली काँग्रेस | १८८१ |
| २० | कोपिला परियार | ४ | दलित महिला सदस्य | महिला | नेपाली काँग्रेस | १८२७ |
| २१ | पदमपाणि सुवेदी | ५ | वडा अध्यक्ष | पुरुष | नेकपा एमाले | १७८० |
| २२ | दामोदर सुवेदी | ५ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १५९७ |
| २३ | रविलाल भट्टराई | ५ | वडा सदस्य | पुरुष | नेकपा एमाले | १७२० |
| २४ | मुनाकुमारी श्रेष्ठ | ५ | महिला सदस्य | महिला | नेकपा एमाले | १६६८ |
| २५ | शारदा नेपाली परियार | ५ | दलित महिला सदस्य | महिला | नेपाली काँग्रेस | १९३६ |
| २६ | हरिविलास कोइराला | ६ | वडा अध्यक्ष | पुरुष | नेपाली काँग्रेस | २३१९ |
| २७ | देवमित्र पण्डित | ६ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | २२४० |
| २८ | बाबुराम न्यौपाने | ६ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | २०५१ |
| २९ | आइतीमाया रानामगर | ६ | महिला सदस्य | महिला | नेपाली काँग्रेस | २१७४ |
| ३० | शर्मिला परियार | ६ | दलित महिला सदस्य | महिला | नेपाली काँग्रेस | २३३३ |
| ३१ | राजेन्द्रमणि काफ्ले | ७ | वडा अध्यक्ष | पुरुष | नेकपा एमाले | १४९५ |
| ३२ | बुद्धिप्रसाद सापकोटा | ७ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १४६५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३३ | राजेन्द्रबहादुर तामाङ्ग | ७ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १४४९ |
| ३४ | सरिता सुवेदी | ७ | महिला सदस्य | महिला | नेपाली काँग्रेस | १५५० |
| ३५ | रिता दर्जी | ७ | दलित महिला सदस्य | महिला | नेपाली काँग्रेस | १५६३ |
| ३६ | दामोदर न्यौपाने | ८ | वडा अध्यक्ष | पुरुष | नेपाली काँग्रेस | १४५६ |
| ३७ | डिल्लीराम लामिछाने | ८ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १३७७ |
| ३८ | तीलकबहादुर दर्लामी मगर | ८ | वडा सदस्य | पुरुष | नेकपा एमाले | १२९० |
| ३९ | लालकुमारी सुवेदी | ८ | महिला सदस्य | महिला | नेपाली काँग्रेस | १४५५ |
| ४० | सावित्री विश्वकर्मा | ८ | दलित महिला सदस्य | महिला | नेपाली काँग्रेस | २४३८ |
| ४१ | यमलाल कँडेल | ९ | वडा अध्यक्ष | पुरुष | नेकपा एमाले | १५३५ |
| ४२ | सूर्य प्रसाद खनाल | ९ | वडा सदस्य | पुरुष | नेकपा एमाले | १३२१ |
| ४३ | किशोर सापकोटा | ९ | वडा सदस्य | पुरुष | नेकपा एमाले | १२९५ |
| ४४ | रत्नकुमारी अधिकारी (तिवारी) | ९ | महिला सदस्य | महिला | नेकपा एमाले | १३३८ |
| ४५ | सुमिताकुमारी विश्वकर्मा | ९ | दलित महिला सदस्य | महिला | नेकपा एमाले | १३६५ |
| ४६ | अरुण पीडित भण्डारी | १० | वडा अध्यक्ष | पुरुष | नेकपा एमाले | २३१६ |
| ४७ | बलराम जिसी | १० | वडा सदस्य | पुरुष | नेकपा एमाले | २१२३ |
| ४८ | कृष्णप्रसाद अधिकारी | १० | वडा सदस्य | पुरुष | नेकपा एमाले | २३२१ |
| ४९ | नरीमाया तमाङ्ग | १० | महिला सदस्य | महिला | नेकपा एमाले | २१९७ |
| ५० | मायादेवी नेपाली | १० | दलित महिला सदस्य | महिला | नेकपा एमाले | २२६२ |
| ५१ | बाबुराम अधिकारी | ११ | वडा अध्यक्ष | पुरुष | नेकपा एमाले | ३०४१ |
| ५२ | ज्ञानबहादुर कुमाल | ११ | वडा सदस्य | पुरुष | नेकपा एमाले | ३०३० |
| ५३ | चिन्तामणि लम्साल | ११ | वडा सदस्य | पुरुष | नेकपा एमाले | ३००१ |
| ५४ | विना गुरुङ्ग | ११ | महिला सदस्य | महिला | नेकपा एमाले | ३१२५ |
| ५५ | विमला विश्वकर्मा | ११ | दलित महिला सदस्य | महिला | नेकपा एमाले | ३१७० |
| ५६ | नरेन्द्रकुमार कन्दङवा | १२ | वडा अध्यक्ष | पुरुष | नेकपा एमाले | १६११ |
| ५७ | ईश्वर रिमाल | १२ | वडा सदस्य | पुरुष | नेकपा एमाले | १६७७ |
| ५८ | कृष्णबहादुर क्षेत्री | १२ | वडा सदस्य | पुरुष | नेकपा एमाले | १५८४ |
| ५९ | विमला भट्टराई | १२ | महिला सदस्य | महिला | नेकपा एमाले | १७४४ |
| ६० | देवी परियार | १२ | दलित महिला सदस्य | महिला | नेकपा एमाले | १७९९ |
| ६१ | प्रकाश दवाडी | १३ | वडा अध्यक्ष | पुरुष | माओवादी केन्द्र | १४३८ |
| ६२ | गजराज न्यौपाने | १३ | वडा सदस्य | पुरुष | माओवादी केन्द्र | १३२९ |
| ६३ | किशोर पौडेल | १३ | वडा सदस्य | पुरुष | माओवादी केन्द्र | १३४४ |
| ६४ | कुमारी माया | १३ | महिला सदस्य | महिला | माओवादी केन्द्र | १३९९ |
| ६५ | सीता दर्जी | १३ | दलित महिला सदस्य | महिला | माओवादी केन्द्र | १३७४ |
| ६६ | ओमप्रसाद पोखरेल | १४ | वडा अध्यक्ष | पुरुष | नेपाली काँग्रेस | १५५२ |
| ६७ | मञ्जु महतो | १४ | वडा सदस्य | महिला | नेपाली काँग्रेस | १२०८ |
| ६८ | प्रकाश गुरुङ्ग | १४ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १५४६ |
| ६९ | सरस्वती भण्डारी | १४ | महिला सदस्य | महिला | नेपाली काँग्रेस | १५९७ |
| ७० | सन्जु परियार | १४ | दलित महिला सदस्य | महिला | नेपाली काँग्रेस | १४५६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७१ | शम्भुबहादुर भण्डारी | १५ | वडा अध्यक्ष | पुरुष | नेपाली काँग्रेस | २३५४ |
| ७२ | भरत अधिकारी | १५ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १८५७ |
| ७३ | वीरबहादुर लामा | १५ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | २०५० |
| ७४ | सिर्जना अधिकारी | १५ | महिला सदस्य | महिला | नेपाली काँग्रेस | २४०३ |
| ७५ | सीता सापकोटा परियार | १५ | दलित महिला सदस्य | महिला | नेपाली काँग्रेस | २३८७ |
| ७६ | चतुरमान गुरुङ्ग | १६ | वडा अध्यक्ष | पुरुष | नेकपा एमाले | २१३२ |
| ७७ | ओमबहादुर रावल | १६ | वडा सदस्य | पुरुष | नेकपा एमाले | २२७८ |
| ७८ | रामप्रसाद ढकाल | १६ | वडा सदस्य | पुरुष | नेकपा एमाले | २११५ |
| ७९ | सावित्रीदेवी देवकोटा | १६ | महिला सदस्य | महिला | नेकपा एमाले | २३८२ |
| ८० | चन्द्रमाया सर्किनी | १६ | दलित महिला सदस्य | महिला | नेकपा एमाले | २३०१ |
| ८१ | ललितमान तमाङ्ग | १७ | वडा अध्यक्ष | पुरुष | नेपाली काँग्रेस | १०५७ |
| ८२ | राजकुमार तमाङ्ग | १७ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १०६४ |
| ८३ | मंगलध्वज गुरुङ्ग | १७ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १०९१ |
| ८४ | लक्ष्मीदेवि महतो | १७ | महिला सदस्य | महिला | नेपाली काँग्रेस | ११४९ |
| ८५ | सरस्वती सुनार | १७ | दलित महिला सदस्य | महिला | नेपाली काँग्रेस | ११५४ |
| ८६ | दिपक लामा | १८ | वडा अध्यक्ष | पुरुष | नेपाली काँग्रेस | १३३५ |
| ८७ | बाबुराम रानामगर | १८ | वडा सदस्य | पुरुष | नेकपा एमाले | १२४२ |
| ८८ | जितबहादुर तमाङ्ग | १८ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | ११७० |
| ८९ | ज्योत्सना अधिकारी | १८ | महिला सदस्य | महिला | नेपाली काँग्रेस | १२४८ |
| ९० | सरिता नेपाली | १८ | दलित महिला सदस्य | महिला | नेपाली काँग्रेस | १३१२ |
| ९१ | कर्णबहादुर गुरुङ्ग | १९ | वडा अध्यक्ष | पुरुष | नेपाली काँग्रेस | १४७८ |
| ९२ | द्रोणबहादुर गुरुङ्ग | १९ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १४९९ |
| ९३ | जयनारायण सापकोटा | १९ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १५३५ |
| ९४ | साधना पराजुली | १९ | महिला सदस्य | महिला | नेपाली काँग्रेस | १५९५ |
| ९५ | चुन्चा परियार | १९ | दलित महिला सदस्य | महिला | नेपाली काँग्रेस | १६१५ |
| ९६ | मणिलाल तामाङ्ग | २० | वडा अध्यक्ष | पुरुष | नेपाली काँग्रेस | १४४७ |
| ९७ | लोकेन्द्र गुरुङ्ग | २० | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १२४५ |
| ९८ | यज्ञप्रसाद घिमिरे | २० | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १२५० |
| ९९ | मन्दिरा पोखरेल | २० | महिला सदस्य | महिला | नेपाली काँग्रेस | १२८६ |
| १०० | मठै दमै | २० | दलित महिला सदस्य | महिला | नेपाली काँग्रेस | १४१५ |
| १०१ | चित्रसेन अधिकारी | २१ | वडा अध्यक्ष | पुरुष | नेपाली काँग्रेस | १५३८ |
| १०२ | कृष्णकुमार गुरुङ्ग | २१ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १३०० |
| १०३ | राजु तामाङ्ग | २१ | वडा सदस्य | पुरुष | नेकपा एमाले | १२१८ |
| १०४ | शान्ति पराजुली | २१ | महिला सदस्य | महिला | नेपाली काँग्रेस | १२३९ |
| १०५ | फूलकुमारी परियार | २१ | दलित महिला सदस्य | महिला | नेकपा एमाले | १२०२ |
| १०६ | विष्णुराज महतो | २२ | वडा अध्यक्ष | पुरुष | नेकपा एमाले | १००६ |
| १०७ | प्रेमबहादुर थापा | २२ | वडा सदस्य | पुरुष | नेकपा एमाले | १०३५ |
| १०८ | सोमबहादुर गुरुङ्ग | २२ | वडा सदस्य | पुरुष | नेकपा एमाले | १०५७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०९ | सीता पुन | २२ | महिला सदस्य | महिला | नेकपा एमाले | १०३७ |
| ११० | देउमाया विश्वकर्मा | २२ | दलित महिला सदस्य | महिला | नेकपा एमाले | १०२५ |
| १११ | नरिनारायण पौडेल | २३ | वडा अध्यक्ष | पुरुष | नेकपा एमाले | १०२२ |
| ११२ | बाबुलाल थिङ | २३ | वडा सदस्य | पुरुष | नेकपा एमाले | ११७३ |
| ११३ | जितबहादुर बस्न्यात | २३ | वडा सदस्य | पुरुष | नेकपा एमाले | ११०१ |
| ११४ | विन्दु दराई | २३ | महिला सदस्य | महिला | नेकपा एमाले | १०२४ |
| ११५ | अन्जु परियार | २३ | दलित महिला सदस्य | महिला | नेकपा एमाले | ११३३ |
| ११६ | कान्छा मल्ल | २४ | वडा अध्यक्ष | पुरुष | नेकपा एमाले | ६३२ |
| ११७ | अचिर बहादुर विश्वकर्मा | २४ | वडा सदस्य | पुरुष | नेकपा एमाले | ६४० |
| ११८ | बुद्धलाल घिसिङ | २४ | वडा सदस्य | पुरुष | नेकपा एमाले | ६२३ |
| ११९ | हिरामाया विश्वकर्मा | २४ | महिला सदस्य | महिला | नेकपा एमाले | ६५५ |
| १२० | विनुकुमारी विश्वकर्मा | २४ | दलित महिला सदस्य | महिला | नेकपा एमाले | ६७१ |
| १२१ | विजयकुमार भुजेल | २५ | वडा अध्यक्ष | पुरुष | माआवादी केन्द्र | ११०० |
| १२२ | कमलबहादुर गोदार | २५ | वडा सदस्य | पुरुष | नेकपा एमाले | १२०१ |
| १२३ | युवराज चौधरी | २५ | वडा सदस्य | पुरुष | नेकपा एमाले | ११८१ |
| १२४ | गौरी जमरकटेल | २५ | महिला सदस्य | महिला | नेकपा एमाले | ११०३ |
| १२५ | पार्वती विश्वकर्मा | २५ | दलित महिला सदस्य | महिला | नेकपा एमाले | ११४३ |
| १२६ | ज्ञानप्रसाद खनाल | २६ | वडा अध्यक्ष | पुरुष | माआवादी केन्द्र | १६४७ |
| १२७ | रामकृष्ण चौधरी | २६ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १५०७ |
| १२८ | लिलाधर पौडेल | २६ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १३११ |
| १२९ | गीताकुमारी शर्मा | २६ | महिला सदस्य | महिला | नेपाली काँग्रेस | १५७९ |
| १३० | सीताकुमारी दर्जी | २६ | दलित महिला सदस्य | महिला | नेपाली काँग्रेस | १५६७ |
| १३१ | गोविन्द तामाङ | २७ | वडा अध्यक्ष | पुरुष | नेपाली काँग्रेस | ११२९ |
| १३२ | शान्तबहादुर महतो | २७ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | १०१० |
| १३३ | राजबहादुर भण्डारी क्षेत्री | २७ | वडा सदस्य | पुरुष | नेपाली काँग्रेस | ११४० |
| १३४ | राधादेवी क्षेत्री | २७ | महिला सदस्य | महिला | नेकपा एमाले | १११९ |
| १३५ | तिलकुमारी सुनार | २७ | दलित महिला सदस्य | महिला | नेपाली काँग्रेस | १०५९ |
| १३६ | आशबहादुर कुमाल | २८ | वडा अध्यक्ष | पुरुष | नेकपा एमाले | ७४५ |
| १३७ | भिमबहादुर कुमाल | २८ | वडा सदस्य | पुरुष | नेकपा एमाले | ७६५ |
| १३८ | नेत्रप्रसाद आचार्य | २८ | वडा सदस्य | पुरुष | नेकपा एमाले | ८७५ |
| १३९ | सीताकुमारी बस्न्यात | २८ | महिला सदस्य | महिला | नेकपा एमाले | ८८२ |
| १४० | शान्ति दर्जी | २८ | दलित महिला सदस्य | महिला | नेकपा एमाले | ८३५ |
| १४१ | मनबहादुर मगर | २९ | वडा अध्यक्ष | पुरुष | नेकपा एमाले | १०४९ |
| १४२ | रामबहादुर मगर | २९ | वडा सदस्य | पुरुष | नेकपा एमाले | १११७ |
| १४३ | बलराम तामाङ्ग | २९ | वडा सदस्य | पुरुष | नेकपा एमाले | ११३५ |
| १४४ | भीमकुमारी थापा मगर | २९ | महिला सदस्य | महिला | नेकपा एमाले | ११४६ |
| १४५ | माया कामी | २९ | दलित महिला सदस्य | महिला | नेकपा एमाले | ११३७ |
| | | | | | | |

## २.१४ मातृभाषा अनुसार जनसंख्याको संरचना

राष्ट्रिय जनगणना २०६८ ले महानगरभित्र अक्सर बसोबास गर्ने व्यक्तिहरूले बोल्ने मातृभाषाको संख्या ३८ वटा रहेको देखाएको छ। मातृभाषा नेपाली हुने व्यक्तिहरूको सर्वोच्च हिस्सा रहेको देखाएको छ। यसअनुसार नेपाली भाषा मातृभाषा हुनेहरूको अंश ७७.८३ प्रतिशत रहेको देखिन्छ। नेपाली पछि थारु मातृभाषा हुनेहरू ५.१७ प्रतिशत हिस्सासहित दोस्रो बाहुल्यतामा छन्। यसैगरी तेश्रो स्थानमा देखिएको भाषा गुरुङ्ग हो जसको प्रतिशत ४.२१ छ। तामाङ्ग मातृभाषा हुनेहरूको संख्या ३.५२ प्रतिशत तथा नेवार मातृभाषा हुनेको हिस्सा २.२२ प्रतिशत रहेको छ। मगर मातृभाषा हुनेको हिस्सा १.७४ प्रतिशत रहेको पाइन्छ।

**तालिका २.२.१३ भाषा अनुसारको जनसंख्या**

| क्र.सं. | मातृभाषा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नेपाली | २२१९४१ | ७७८३ |
| २. | थारु | १४७५६ | ५१७ |
| ३. | तामाङ | १००३० | ३५२ |
| ४. | गुरुङ | १२०११ | ४·२१ |
| ५. | चेपाङ | ३३६ | ०१२ |
| ६. | नेवार | ६३१८ | २·२२ |
| ७. | मगर | ४९६० | १·७४ |
| ८. | दराइ | २२१२ | ०·७८ |
| ९. | भोजपुरी | ४७३७ | १·६६ |
| १०. | हिन्दी | १९४३ | ०·६८ |
| ११. | वोटे | ७३० | ०·२६ |
| १२. | मैथिली | २१३२ | ०·७५ |

स्रोत: जनगणना २०६८ को प्रतिवेदन

## २.१५ अपाङ्गता भएका व्यक्तिहरूको विवरण

यस महानगरको कुल जनसङ्ख्याको ०.६६ प्रतिशत हिस्सामा वा ६,२३७ जनामा कुनै एक वा वढि प्रकारको अपाङ्गता रहेको देखिएको छ। शारीरिक अपाङ्गता भएका कुलव्यक्तिहरू १,८४० मध्ये १,१०१ पुरूष र बाँकी ७३९ महिला रहेको देखिन्छ। अपाङ्गता भएका व्यक्तिहरूमध्ये २९.५० प्रतिशतमा शारीरिक अपाङ्गता, २९.१८ प्रतिशतमा दृष्टिसम्बन्धी अपाङ्गता, १३.७६ प्रतिशतमा सुनाइसम्बन्धी अपाङ्गता, १.९७ प्रतिशतमा श्रवण दृष्टिबिहिनता, ८.९० प्रतिशतमा स्वर बोलाइसम्बन्धी अपाङ्गता, ५.९८ प्रतिशतमा मानसिक अपाङ्गता, ३.१६ प्रतिशतमा बौद्धिक अपाङ्गता र ७.५५ प्रतिशतमा बहुअपाङ्गता भएको पाइएको छ।

**तालिका २.२.१४ : अपाङ्गता भएका व्यक्तिहरूको विवरण**

| अपाङ्गताको प्रकार | पुरूष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| शारीरिक अपाङ्गता | ११०१ | ३३१२ | ७३९ | २५.३७ | १८४० | २९.५० |
| दृष्टिसम्बन्धी अपाङ्गता | ९०३ | २७१७ | ९१७ | ३१.४८ | १८२० | २९.१८ |
| सुनाईसम्बन्धी अपाङ्गता | ४१३ | १२.४२ | ४४५ | १५.२८ | ८५८ | १३.७६ |
| श्रवण तथा दृष्टि सम्बन्धी अपाङ्गता | ५० | १.५० | ७३ | २.५१ | १२३ | १.९७ |
| स्वर/वोलाई सम्बन्धी अपाङ्गता | ३१६ | ९.५१ | २३९ | ८.२० | ५५५ | ८.९० |
| मानसिक अपाङ्गता | १८५ | ५.५७ | १८८ | ६.४५ | ३७३ | ५.९८ |
| बौद्धिक अपाङ्गता | १११ | ३.३४ | ८६ | २.९५ | १९७ | ३.१६ |
| बहुअपाङ्गता | २४५ | ७३७ | २२६ | ७७६ | ४७१ | ७५५ |
| **जम्मा** | **३३२४** | **१००.००** | **२९१३** | **१००.००** | **६२३७** | **१००.००** |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

## २.३ कालिका नगरपालिका

### कालिका नगरपालिका

चितवन जिल्लाको सदरमुकामबाट पूर्वी भागमा रहेको कालिका नगरपालिकाको स्थापना वि.सं. २०७१ सालमा भएको थियो। त्यसबेला साविकका पदमपुर,जुटपानी र शक्तिखोर गाउँ विकास समितिहरु समावेश गरी कालिका नगरपालिका बनाइएको थियो। यस नगरपालिका गठन हुदा प्रत्येक साविकका गा.वि.स.हरु बाट ४ वडाका दर जम्मा १२ वडामा विभाजित गरी कृयाशिल रहेको थियो। राज्यका स्थानीय तह पुनसंरचना गर्दा कालिका नगरपालिका साविकका कालिका नगरपालिका र सिद्धि गाउँ विकास समितिहरुलाई मिलाएर वनाइएको हो। हाल यस नगरपालिकामा ११ वडाहरुमा विभाजित गरी नगरपालिकाको प्रशासनिक काम संचालन गरिएको छ। भौगोलिक, आर्थिक, सामाजिक, सास्कृतिक स्थितिले यस नगरले निकै सम्भावना वोकेको छ। प्राकृतिक श्रोत एवं साधन पनि सम्भावनाहरु रहेका छन्। विविध प्राकृतिक तथा साँस्कृतिक विशेषताहरु बोकेको पाइन्छ। यस क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना हुने भएकाले यस नगरपालिकालाई आर्थिक विकास र सम्बृद्धिका लागि योगदान दिने छ। पहाडी क्षेत्रका वडाहरु बाहेक अन्य वडाहरु समथर भुभाग भएको कारण आवश्यक भौतिक तथा सामाजिक पुर्वाधारको अवस्था राम्रो देखिन्छ। यस क्षेत्रमा फस्टाउदो केरा खेती, तरकारी खेति तथा दूग्ध व्यवसायले नगरवासीहरुको आर्थिक अवस्थामा सुधार ल्याएको छ।

### २.३.१ नगरपालिकाको वडा विभाजन तथा जनसंख्या

समावेश भएका साविकका न.पा. र गा.वि.स.हरु : कालिका न.पा.र सिद्धि गा.वि.स.

केन्द्र : साविकको कालिका न.पा.को कार्यालय वडा संख्या : ११

सीमाना :

पूर्व : राप्ती न.पा. पश्चिम : भरतपुर महा न.पा.

उत्तर : ईच्छाकामना गा.प. र धादिङ्ग जिल्ला दक्षिण : रत्ननगर, खैरहनी र राप्ती न.पा.

**तालिका २.३.१ वडा विभाजन तथा जनसंख्या**

| वडा नं. | समावेश भएका साविकका न.पा. तथा गा.वि.स.हरु | साविक वडा नं. | वडा नं. | पुरुषको संख्या | महिलाको संख्या | जम्मा जनसंख्या | घरपरिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | कालिका | ८ | १ | १५७८ | १७८८ | ३३६६ | ७५४ |
| २ | कालिका | ९ | २ | १९२८ | २२४६ | ४१७४ | ९३१ |
| ३ | कालिका | ११ | ३ | २०१८ | २१११ | ४१२९ | ९१२ |
| ४ | कालिका | १० | ४ | १२९४ | १४१६ | २७१० | ५६५ |
| ५ | कालिका | १२ | ५ | १८६४ | २०४७ | ३९११ | ८२३ |
| ६ | कालिका | ६, ७ | ६ | २९९५ | ३३७८ | ६३७३ | १५०७ |
| ७ | कालिका | ५ | ७ | २०५३ | २५३२ | ४५८५ | १०६४ |
| ८ | कालिका | ३, ४ | ८ | ३१९० | २८८१ | ६०७१ | ११६५ |
| ९ | कालिका | १, २ | ९ | ३५२० | २२३२ | ५७५२ | ७५४ |
| १० | सिद्धि | २, ७, ८, ९ | १० | १००६ | १०१५ | २०२१ | ३५६ |
| ११ | सिद्धि | १, ३, ४,५,६ | ११ | ८८५ | ९२१ | १८०६ | २९५ |



### २.३.२ घर तथा आवासीय इकाइको स्वामित्व र बनौट

**(क) घर/आवासीय इकाइको स्वामित्व**

कुल ९ हजार ११६ परिवार मध्ये ९२.४६ % परिवारहरु आफ्नै घरमा बसेका छन् भने ५.६१ % परिवारहरु अरुको घरमा भाडामा बसेको पाइन्छ। त्यस्तै ०.१२ % परिवारहरु संस्थागत भवनमा र १.८१ % परिवारहरु अन्य प्रकारको स्वामीत्व भएको घरमा बसोबास गरेका छन्।

**तालिका २.३.२ : घरको स्वामित्वअनुसार परिवारहरुको विवरण**

| एकाई | जम्मा | घर वा आवासिय इकाइको स्वामित्व | | | |
|---|---|---|---|---|---|
| | | आफ्नै | भाडामा | संस्थागत | अन्य |
| घरपरिवार | ९,११६ | ८,४२९ | ५११ | ११ | १६५ |
| प्रतिशत | १०० | ९२.४६ | ५.६१ | ०.१२ | १.८१ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

**(ख) घर/आवासीय इकाइको बनौट**

जनगणनामा परिवार बसोबास गरिरहेको घर वा आवासीय इकाइको बनौटलाई सो घर/आवासीय इकाइको भौतिक संरचनाका मुख्य अङ्गहरू जग, बाहिरी गारो र छानाको बनावटको आधारमा विश्लेषण गरिएको छ। नतिजाअनुसार परिवारहरूले प्रयोग गरिरहेको घरहरूमध्ये ३९.५८ प्रतिशतको काठको खम्बा गाडिएको, १६.३७ प्रतिशतको सिमेन्ट जडित इटा/ढुङ्गाबाट बनेको, ३९.०९ प्रतिशतको जग माटो जडित इटा/ढुङ्गाबाट बनेको, ४.२९ प्रतिशतको ढलान पिलरसहितको र बाँकी अन्य बनौटको जग रहेको देखिएको छ।

**तालिका २.३.३ : घरको जग अनुसार परिवार संख्या**

| जम्मा | घर/आवासीय इकाइको जग | | | | | |
|---|---|---|---|---|---|---|
| | माटो जडित इटा/ढुंगा | सिमेन्ट जडित इटा/ढुंगा | ढलान पिलर सहितको | काठको खम्बा | अन्य | नखुलेको |
| ९,११६ | ३,५६३ | १,४९२ | ३९१ | ३,६०८ | १५ | ४७ |
| १०० | ३९.०९ | १६.३७ | ४.२९ | ३९.५८ | ०.१६ | ०.५२ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

बजार क्षेत्रमा ढलान पिलरसहितको जग रहेका घर/आवासीय इकाइहरूको बाहुल्यता रहेको देखिन्छ र अन्य क्षेत्रमा भने घरहरूको जग माटो जडित इटा/ढुङ्गा तथा काठको खम्बाबाट बनेको देखिन्छ।

यस कालिका नगरपालिकामा सबैभन्दा कढी परिवारहरु ३८.५० प्रतिशत बाहिरी गाह्रो माटोको जोडाई ढुंगा वा ईट्टा भएको घरमा बसेको पाइन्छ। बाहिरी गाह्रो सिमेन्टको जोडाई ढुंगा वा ईट्टा भएको घरमा २८.६७ प्रतिशत परिवारहरु तथा बाहिरी गाह्रो बाँस भएको घरमा १८.७९ प्रतिशत परिवारहरु साथै बाहिरी गाह्रो काठ वा फलेक भएको घरमा ७.२९ प्रतिशत परिवारहरु बसोबास गर्दछन्।

### तालिका २.३.४ : घरको गाह्रो अनुसार परिवार संख्या

| जम्मा | घर/आवासीय इकाइको गाह्रो | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | माटो जोडाई इटा/ढुंगा | सिमेन्ट जोडाई इटा/ढुंगा | बाँस | काठ वा फलेक | काँचो ईटा | अन्य | नखुलेको |
| ९,११६ | ३,५१० | २,६१४ | १,७१३ | ६६५ | ८ | ५५८ | ४८ |
| १०० | ३८·५० | २८·६७ | १८·७९ | ७२९ | ०·०९ | ६१२ | ०·५३ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन:२०६८

आवासीय घरको छानाको बनौट हेर्दा कुल परिवारले बसोबासका लागि प्रयोग गरिरहेका घरहरू मध्ये ६९.४६ प्रतिशतको जस्ता/टिनबाट, १०.१३ प्रतिशतको सिमेन्ट/ढलानबाट, १४.३५ प्रतिशतको खर/परालबाट छाना बनेको देखिएको छ। त्यसैगरी बाँकी छाना अन्य सामग्रीको प्रयोगबाट बनेको देखिन्छ। बजार क्षेत्रका धेरैजसो घरहरूको सिमेन्ट/ढलानबाट बनेको देखिन्छ भने अन्य क्षेत्रमा जस्ताबाट छाना निर्मित घरहरूको बाहुल्यता रहेको देखिन्छ।

### तालिका २.३.५ : घरको छाना अनुसार परिवार संख्या

| जम्मा | घर/आवासीय इकाइको छाना | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खर वा पराल | जस्ता पाता | टायल वा स्लेट | ढलान | काठ वा फलेक | अन्य | नखुलेको |
| ९,११६ | १,३०८ | ६,३३२ | ३६७ | ९२३ | २७ | ९९ | ६० |
| १०० | १४।३५ | ६९।४६ | ४।०३ | १०।१३ | ०।३० | १।०९ | ०।६६ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

## २.३.३ परिवारले पिउने पानीको मुख्य स्रोत

राष्ट्रिय जनगणना २०६८ मा देशभित्रका हरेक परिवारले पिउने पानीको मुख्य स्रोत सम्बन्धी विवरण सङ्कलन गरिएको थियो। सो गणनाको नतिजाअनुसार यस कालिका नगरपालिकामा कुल ९ हजार ११६ परिवार मध्ये ६१.५५ प्रतिशत परिवारले धारा/पाइप, ट्युववेल/हाते पम्पबाट १२.४८ प्रतिशत, ढाकिएको इनार/कुवाबाट १०.७९ प्रतिशत, ११.८६ प्रतिशतले खुला इनार/कुवाबाट पिउने पानी मुख्यरूपमा आपूर्ति गर्ने गरेको पाइएको छ। मूल धारा, नदी/खोला र अन्य स्रोतबाट पिउने पानी आपूर्ति गर्ने परिवारहरू कुल परिवारको क्रमश: ०.९९, ०.५४ र १.५० प्रतिशत रहेका छन्।

### तालिका २.३.६ : खानेपानीको स्रोतअनुसार परिवार संख्या

| जम्मा | पिउने पानीको स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | धारा वा पाइप | ट्युवबेल वा हाते पम्प | ढाकिएको इनार वा कुवा | नढाकिएको इनार वा कुवा | मूल धारा | नदी वा खोला | अन्य | नखुलेको |
| ९११६ | ५६११ | ११३८ | ९८४ | १०८१ | ९० | ४९ | १३७ | २६ |
| १०० | ६१·५५ | १२·४८ | १०·७९ | ११·८६ | ०·९९ | ०·५४ | १·५० | ०·२९ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

### २.३.४ परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन

ईच्छाकामन गाँउपालिका स्थानीय तह पुर्नसंरचना पश्चात निर्माण भएको चितवनको एक मात्र गाँउपालिका हो। यस गाँउपालिकाको सदरमुकाम साविकको चण्डीभञ्याङ्ग गा.वि.स.को कार्यालयमा राखिएको छ। यो तह चितवन जिल्लाका ४ वटा साविकका पहाडी गा वि स हरुलाई मिलाएर वनाइएको हो। यस गाँउपालिका अर्न्तगतका साविक गा वि स हरुमा चण्ढीभञ्याङ्ग, दाहाखानी, दारेचोक र काउले हुन। ऐतिहासिक, भौगोलिक, आर्थिक, सामाजिक, सास्कृतिक स्थितिले यो गाँउपालिकाले निकै सम्भावना वोकेको छ। प्राकृतिक श्रोत एवं साधन, पर्यटनका दृष्टिले पनि उत्तिकै सम्भावित छ। कुरिनटारमा रहेको मनकामना केबुलकार दर्शन प्रा. लि., त्रिशुलीमा हुने र्‍याफ्टिङ्ग, दाहाखानीको उपरदाङ्गगढी, काउलेको हात्तीवन आदि पर्यटनका दृष्टीले महत्त्वपूर्ण मानिन्छन्। भौगोलिक रुपमा विकट भएकोले आवश्यक पुर्वाधारको अवस्था कमजोर नै छ। शिक्षा, स्वास्थ्य,गरिवि तथा अन्य सुचकहरु पनि तुलनात्मक रुपमा कमजोर देखिन्छ। चेपाङ्ग, गुरुङ्ग तथा मगर जातिको उच्चतम वसोवास यस क्षेत्रमा पाउन सकिन्छ। जनगणना २०६८ को नतिजाको आधारमा इच्छाकामना गा.प..को साक्षरता दर ६३.४ प्रतिशत छ जस मध्ये पुरुषको साक्षरता ६९.८ प्रतिशत र महिलाको साक्षरता ५७.० प्रतिशत मात्र रहेको देखिन्छ। स्नातक सम्म पढाइ हुने सरस्वती बहुमुखी क्याम्पस, दारेचोकमा संचालनमा छ। सामुदायिक विद्यालय तर्फ ५८ वटा विद्यालयहरु र संस्थागत तर्फ ४ वटा विद्यालय गरी जम्मा ५८ वटा विद्यालयहरु संचालनमा छन्। बित्तीय संस्थामा विभिन्न बैकका शाखाहरु मग्लिङ्ग र कुरिनटारमा रहेका छन्। सुन्तला खेतिको दृष्टिले  यो क्षेत्र पकेट क्षेत्रको रुपमा लिइन्छ।

### २.८.१ वडा विभाजन तथा जनसंख्या

समावेश भएका साविकका न.पा. र गा.वि.स.हरु : दारेचोक, चण्डीभञ्याङ्ग, काउले रदाहाखानी  गा.वि.स.

केन्द्र : साविकको चण्डीभञ्याङ्गको गा.वि.स.को कार्यालय वडा संख्या : ७
सीमाना :
पूर्व : गोरखा र धादिङ्ग जिल्ला पश्चिम : भरतपुर महा न.पा. र तनहुँ जिल्ला
उत्तर : तनहुँ र धादिङ्ग जिल्ला दक्षिण : कालिका न.पा.

**तालिका २.८.१ वडा विभाजन**

| वडा नं. | समावेश भएका साविकका गा.वि.स.हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | काउले | १ देखि ४ सम्म | |
| २ | चण्डीभञ्याङ्ग | १ देखि ४ सम्म | |
| | काउले | ५ देखि ९ सम्म | |
| ३ | दारेचोक | १, २, र ५ देखि ९ सम्म | |
| ४ | दारेचोक | ३ | |
| ५ | चण्डीभञ्याङ्ग | ५ | |
| | दारेचोक | ४ | |
| ६ | चण्डीभञ्याङ्ग | ६, ७, ८, ९ | |
| | दाहाखानी | ५, ६ | |
| ७ | दाहाखानी | १ देखि ४ सम्म र ७, ८, ९ | |

| वडा नं. | पुरुषको संख्या | महिलाको संख्या | जम्मा जनसंख्या | घरपरिवार संख्या |
|---|---|---|---|---|
| १ | १५५८ | १५१६ | ३०७४ | ५०५ |
| २ | १८२१ | १७२३ | ३५४४ | ६२२ |
| ३ | १६०४ | १५८३ | ३१८७ | ६५२ |
| ४ | १७८२ | १७७१ | ३५५३ | ७२० |
| ५ | १९९० | १९९२ | ३९८२ | ८३५ |
| ६ | १८१५ | १८७९ | ३६९४ | ६५२ |
| ७ | १९३७ | २०९६ | ४०३३ | ७९४ |

## २.८.२ घर तथा आवासीय इकाइको स्वामित्व र बनौट

### (क) घर/आवासीय इकाइको स्वामित्व

कुल ४ हजार ७७८ परिवार मध्ये ८२.५२ % परिवारहरु आफ्नै घरमा बसेका छन् भने ११.१६ % परिवारहरु अरुको घरमा भाडामा बसेको पाइन्छ। त्यस्तै ०.५४ % परिवारहरु संस्थागत भवनमा र ५.७८ % परिवारहरु अन्य प्रकारको स्वामीत्व भएको घरमा बसोबास गरेका छन् ।



**तालिका २.८.२ : घरको स्वामित्वअनुसार परिवारहरुको विवरण**

| एकाई | जम्मा | घर वा आवासिय इकाइको स्वामित्व | | | |
|---|---|---|---|---|---|
| | | आफ्नै | भाडामा | संस्थागत | अन्य |
| घरपरिवार | ४,७७८ | ३,९४३ | ५३३ | २६ | २७६ |
| प्रतिशत | १०० | ८२·५२ | ११·१६ | ०·५४ | ५·७८ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

### (ख) घर/आवासीय इकाइको बनौट

जनगणनामा परिवार बसोबास गरिरहेको घर वा आवासीय इकाइको बनौटलाई सो घर/आवासीय इकाइको भौतिक संरचनाका मुख्य अङ्गहरू जग, बाहिरी गारो र छानाको बनावटको आधारमा विश्लेषण गरिएको छ। नतिजाअनुसार यस गाँउपालिकामा परिवारहरूले प्रयोग गरिरहेको घरहरूमध्ये ६१.९५ प्रतिशतको जग माटो जडित इटा/ढुङ्गाबाट बनेका, १९.२३ प्रतिशतको काठको खम्बा गाडिएको, १३.१४ प्रतिशतको सिमेन्ट जडित इटा/ढुङ्गाबाट बनेको, ५.०९ प्रतिशतको ढलान पिलरसहितको र बाँकी अन्य बनौटको जग रहेको देखिएको छ।

**तालिका २.८.३ : घरको जग अनुसार परिवार संख्या**

| जम्मा | घर/आवासीय इकाइको जग | | | | | |
|---|---|---|---|---|---|---|
| | माटो जडित इटा/ढुंगा | सिमेन्ट जडित इटा/ढुंगा | ढलान पिलर सहितको | काठको खम्बा | अन्य | नखुलेको |
| ४७७८ | २९६०।०० | ६२८।०० | २४३।०० | ९१९।०० | ८।०० | २०।०० |
| १००।०० | ६१·९५ | १३·१४ | ५·०९ | १९·२३ | ०·१७ | ०·४२ |

यो क्षेत्र बढी ग्रामीण इलाका भएकोले माटो जडित इटा/ढुङ्गाबाट बनेका जग रहेका घर/आवासीय इकाइहरूको बाहुल्यता रहेको देखिन्छ।

यस ईच्छाकामना गाँउपालिकामा सबैभन्दा कढी परिवारहरु ६१.९३ प्रतिशत बाहिरी गाह्रो माटोको जोडाई ढुंगा वा ईट्टा भएको घरमा बसेको पाइन्छ। बाहिरी गाह्रो सिमेन्टको जोडाई ढुंगा वा ईट्टा भएको घरमा १९.८६ प्रतिशत परिवारहरु तथा बाहिरी गाह्रो बाँस भएको घरमा १५.०७ प्रतिशत परिवारहरु बसोबास गर्दछन्।

**तालिका २.८.४ : घरको गाह्रो अनुसार परिवार संख्या**

| जम्मा | घर/आवासीय इकाइको गाह्रो | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | माटो जोडाई इटा/ढुंगा | सिमेन्ट जोडाई इटा/ढुंगा | बाँस | काठ वा फलेक | काँचो ईटाँ | अन्य | नखुलेको |
| ४,७७८ | २,९५९ | ९४९ | ७२० | ८८ | ३ | ३८ | २१ |
| १०० | ६१·९३ | १९·८६ | १५·०७ | १·८४ | ०·०६ | ०·८० | ०·४४ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन:२०६८

आवासीय घरको छानाको बनौट हेर्दा कुल परिवारले बसोबासका लागि प्रयोग गरिरहेका घरहरू मध्ये ४२.४० प्रतिशतको जस्ता/टिनबाट, ३७.९७ प्रतिशतको खर/परालबाट, ११.४५ प्रतिशतको सिमेन्ट/ढलानबाट छाना बनेको देखिएको छ। त्यसैगरी बाँकी छाना अन्य सामग्रीको प्रयोगबाट बनेको देखिन्छ। बजार क्षेत्रका घरहरू सिमेन्ट/ढलानबाट बनेको देखिन्छ भने ग्रामीण क्षेत्रमा जस्ताबाट छाना निर्मित घर तथा खर वा परालबाट बनेका छाना भएका घरहरूको बाहुल्यता रहेको देखिन्छ।

**तालिका २.८.५ : घरको छाना अनुसार परिवार संख्या**

| जम्मा | घर/आवासीय इकाइको छाना | | | | | |
|---|---|---|---|---|---|---|
| | खर वा पराल | जस्ता पाता | टायल वा स्लेट | ढलान | अन्य | नखुलेको |
| ४७७८ | १८१४ | २०२६ | ३५९ | ५४७ | १ | २२ |
| १०० | ३७९७ | ४२·४० | ७५१ | ११·४५ | ००२ | ०·४६ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

### २.८.३ परिवारले पिउने पानीको मुख्य स्रोत

राष्ट्रिय जनगणना २०६८ मा देशभित्रका हरेक परिवारले पिउने पानीको मुख्य स्रोत सम्बन्धी विवरण सङ्कलन गरिएको थियो। सो गणनाको नतिजाअनुसार यस ईच्छाकामना गाउँपालिकामा कुल ४ हजार ७७८ परिवार मध्ये ९२.७८ प्रतिशत परिवारले धारा/पाइप, ट्युववेल/हाते पम्पबाट ०.६७ प्रतिशत, ढाकिएको इनार/कुवाबाट ०.२७ प्रतिशत, ४.२९ प्रतिशतले खुला इनार/कुवाबाट पिउने पानी मुख्यरूपमा आपूर्ति गर्ने गरेको पाइएको छ। मूल धारा, नदी/खोला र अन्य स्रोतबाट पिउने पानी आपूर्ति गर्ने परिवारहरू कुल परिवारको क्रमशः ०.५४ , १.१३ र ०.०२ प्रतिशत रहेका छन्।

**तालिका २.८.६ : खानेपानीको स्रोत अनुसार परिवार संख्या**

| जम्मा | पिउने पानीको स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | धारा वा पाइप | ट्युबबेल वा हाते पम्प | ढाकिएको इनार वा कुवा | नढाकिएको इनार वा कुवा | मूल धारा | नदी वा खोला | अन्य | नखुलेको |
| ४७७८ | ४४३३ | ३२ | १३ | २०५ | २६ | ५४ | १ | १४ |
| १०० | ९२.७८ | ०.६७ | ०.२७ | ४.२९ | ०.५४ | १.१३ | ०.०२ | ०.२९ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

### २.८.४ परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन

राष्ट्रिय जनगणना २०६८ को नतिजाले यस गाउँपालिकाका कुल परिवार मध्ये अधिकांश परिवारले खाना पकाउन अक्सर काठ तथा दाउरा प्रयोग गर्ने गरेको देखाएको छ। कुल परिवारको ८२.४० प्रतिशतले खाना पकाउन अक्सर काठ तथा दाउरा प्रयोग गर्ने गरेको देखिन्छ। विगत जनगणनामा एल.पि. ग्यास प्रयोग गर्ने परिवारहरू भन्दा यस जनगणनामा उल्लेख्य वृद्धि भएको छ। त्यस्तै खाना पकाउन अक्सर एल.पि. ग्यास प्रयोग गर्नेको हिस्सा १६.०१ प्रतिशत रहेको छ ।

**तालिका २.८.७ : खाना पकाउन प्रयोग इन्धन अनुसार परिवार संख्या**

| जम्मा | खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | काठ/दाउरा | मटितेल | एल पि ग्यास | गुईठा | गोबर ग्याँस | बिजुली | अन्य | नखुलेको |
| ४७७८ | ३९३७ | २० | ७६५ | ४ | २३ | २ | १३ | १४ |
| १०० | ८२.४० | ०.४२ | १६.०१ | ०.०८ | ०.४८ | ०.०४ | ०.२७ | ०.२९ |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

### २.८.५ परिवारमा वत्ति बाल्न अक्सर प्रयोग गरिने साधन

यहाँका धेरै घरपरिवारहरूले आफू बसोबास गरेको घर/आवासीय इकाइमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ। जनगणना २०६८ अनुसार बिजुली प्रयोग गर्ने परिवार ४५.६० रहेको छ । बत्ती बाल्नका लागि अक्सर मटितेल प्रयोग गर्ने परिवार २१.०३ प्रतिशत देखिएको छ। बत्ती बाल्नका लागि अक्सर सोलार र अन्य इन्धन प्रयोग गर्ने परिवार क्रमश: १९.७२ र १३.३१ प्रतिशत रहेको देखिन्छ। गोबरग्याँस प्रयोग गर्ने परिवारहरू केवल ०.०६ प्रतिशत मात्र रहेका छन् ।

**तालिका २.८.८ : अक्सर बत्ती बाल्ने स्रोत अनुसार परिवार संख्या**

| जम्मा | अक्सर बत्ती बाल्ने स्रोत | | | | |
|---|---|---|---|---|---|
| | बिजुली | मट्टितेल | वायोग्याँस | सौर्य | अन्य | नखुलेको |
| ४७७८ | २१७९ | १००५ | ३ | ९४२ | ६३६ | १३ |
| १०० | ४५.६० | २१.०३ | ०.०६ | १९.७२ | १३.३१ | ०.२७ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

### २.८.६ परिवारले प्रयोग गर्ने शौचालयको सुविधा

यस गाँउपालिकाका १०.६७ प्रतिशत परिवारहरूसग आफू बस्ने घरमा अझै पनि शौचालयको सुविधा नभएको तथ्याङ्क राष्ट्रिय जनगणना २०६८ को नतिजाले देखाएको छ। हाल ५१.३० प्रतिशत परिवारहरूले सेप्टिक ट्याङ्कमा जोडिएको फ्लस भएको आधुनिक शौचालय प्रयोग गर्ने गरेको पाइएको छ । त्यसैगरी साधारण शौचालय प्रयोग गर्ने परिवारहरूको संख्या ३७.७४ प्रतिशत देखिएको छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट प्राप्त रेकर्डका आधारमा यो जिल्ला खुला दिसामुक्त घोषणा भएको छ।

**तालिका २.८.९ : चर्पीको सुविधा अनुसार परिवार संख्या**

| जम्मा | चर्पी नभएका घरपरिवार | चर्पी भएका जम्मा घरपरिवार | आधुनिक चर्पी भएका घरपरिवार | साधारण चर्पी भएका घरपरिवार | नखुलेको |
|---|---|---|---|---|---|
| ४,७७८ | ५१० | ४,२५४ | २,४५१ | १,८०३ | १४ |
| १०० | १०.६७ | ८९.०३ | ५१.३० | ३७.७४ | ०.२९ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

### २.८.७ परिवारले प्रयोग गर्ने सुविधाको पहुँच

यस ईच्छाकामना गाउँपालिकामा १५.२२ प्रतिशत परिवारहरूसँग अझै पनि एकपनि सुविधा नभएको तथ्याङ्क राष्ट्रिय जनगणना २०६८ को नतिजाले देखाएको छ। टि.भि. प्रयोग गर्ने परिवारको संख्या १८.०२ प्रतिशत छ। हाल ५५.४० प्रतिशत परिवारहरूले मोबाइलको प्रयोग गर्ने गरेको पाइएको छ। त्यसैगरी साइकल प्रयोग गर्ने परिवारहरूको संख्या ९.०० प्रतिशत देखिन्छ। यहाका ४.०८ प्रतिशत परिवारहरुले मात्र टेलिफोनको सुविधा उपभोग गरेको देखिन्छ। केवल ०.९२ प्रतिशत परिवारसँग इन्टरनेटको पहुँच देखिन्छ। ४.७१ प्रतिशत परिवारहरुले मोटरसाइकलको सुविधा लिएको देखिन्छ।

**तालिका २.८.१० :सुविधाको पहुँच अनुसार परिवार संख्या**

| जम्मा | एकवटा पनि सुविधा नभएका | कम्तिमा एकवटा सुविधा भएको | रेडियो | टि.भि. | केबुल टि.भि. | कम्प्यूटर | इन्टरनेट |
|---|---|---|---|---|---|---|---|
| ४,७७८ | ७२७ | ३,९४० | २,९९५ | ८६१ | ८३३ | १३५ | ४४ |
| १०० | १५.२२ | ८२.४६ | ६२.६८ | १८.०२ | १७.४३ | २.८३ | ०.९२ |
| **फोन** | **मोबाइल** | **मोटर** | **मोटरसाइकल** | **साइकल** | **अन्य** | **फ्रिज** | **नखुलेको** |
| १९५ | २,६४७ | ३६ | २२५ | ४३० | १० | ३०९ | १११ |
| ४.०८ | ५५.४० | ०.७५ | ४.७१ | ९.०० | ०.२१ | ६.४७ | २.३२ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

### २.८.८ उमेर समूह अनुसारको जनसंख्या

जनसङ्ख्याको उमेरगत संरचनालाई ५ वर्षको उमेर समूहमा विभाजन गरी अध्ययन गर्दा १० देखि १४ वर्ष उमेर समूहमा कुल जनसङ्ख्याको सर्वाधिक अंश रहेको देखिन्छ। यो उमेर समूहमा

कुल जनसङ्ख्याको १४.३५ प्रतिशत हिस्सा रहेको देखिन्छ। यसलाई १२.६८ प्रतिशत जनसङ्ख्यासहित ५ देखि ९ वर्ष उमेर समूहले पछ्याएको छ। पुरूषको हकमा कुल पुरूष जनसङ्ख्याको सबैभन्दा धेरै १० देखि १४ वर्ष उमेर समूहमा र महिलातर्फ पनि कुल महिलाको सबैभन्दा धेरै सोही उमेर समूहका व्यक्तिहरूमा रहेको देखिन्छ। ७५ वा सोभन्दा माथि वर्षको उमेर समूहमा कुल जनसङ्ख्याको हिस्सा २.१८ प्रतिशत छ। ० देखि ४ वर्षका वालवालिकाहरुको जनसंख्या १०.९३ प्रतिशत रहेको छ। १० देखि १४ वर्ष पछि उमेर समूह वढ्दै जाँदा जनसङ्ख्याको प्रतिशत पनि कम हुदै गएको देखिन्छ।

**तालिका २.८.११ : उमेर समुह अनुसार जनसंख्या**

| उमेर समुह | ०-४ | ५-९ | १०-१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०-४४ | ३५-३९ | ४०-४४ | ४५-४९ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल जनसंख्या | २,७३२ | ३,१७० | ३,५८९ | २,८८२ | २,०५५ | १,७४८ | १,५१० | १,४५९ | १,१५१ | १,०८३ |
| प्रतिशत | १०·९३ | १२·६८ | १४·३५ | ११·५३ | ८·२२ | ६·९९ | ६·०४ | ५·८४ | ४·६० | ४·३३ |
| पुरूष | १,३४३ | १,५९७ | १,८७६ | १,४५७ | ९२४ | ७३९ | ७५६ | ७१३ | ५८१ | ५७४ |
| महिला | १,३८९ | १,५७३ | १,७१३ | १,४२५ | १,१३१ | १,००९ | ७५४ | ७४६ | ५७० | ५०९ |
| उमेर समुह | ५०-५४ | ५५-५९ | ६०-६४ | ६५-६९ | ७०-७४ | ७५ वा माथि | | | | |
| जम्मा | ८६९ | ६५१ | ६५० | ४८२ | ४२६ | ५४५ | | | | |
| प्रतिशत | ३·४८ | २·६० | २·६० | १·९३ | १·७० | २·१८ | | | | |
| पुरूष | ४४७ | ३६१ | ३३३ | २४६ | २२७ | २८६ | | | | |
| महिला | ४२२ | २९० | ३१७ | २३६ | १९९ | २५९ | | | | |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

## २.८.९ जातजाति अनुसार जनसंख्याको संरचना

वि.सं.२०६८ को राष्ट्रिय जनगणना अनुसार यस गाउँपालिकामा बसोवास गर्दै आएका मुख्य जातजातीहरूमा क्रमश चेपाङ्ग ८,३५७ (३३.३४%), गुरुङ्ग ६,६९४ (२६.७०%), मगर ३,००५ (११.९९%),ब्राम्हण पहाडी १,२१० (४.८३%), क्षेत्री १११३२ (४.५२%), तामाङ्ग ९८९ (३.९५%), कामी ७९४ (३.१७%) नेवार ७८२ (३.१२%), घर्ती ७५३ (३.००%),, दमाई ३२८ (१.३१%) आदी रहेका छन्। करिब १० प्रतिशत बाहुन, क्षेत्री आदी, ८३ प्रतिशत जनजातिहरु, ४.५ प्रतिशत दलित जनसंख्या रहेको छ। जनजातिमा मुख्य गरी चेपाङ्ग, गुरुङ्ग, मगर, तामाङ्ग, नेवार, घर्ती आदी पर्दछन् भने दलित तर्फ कामी, साकी, दमाई आदि छन्। यहाँको विस्तृत जातजातिको तुलनात्मक तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.८.१२ : जाजजाति अनुसार जनसंख्या**

| क्र.सं. | जातजाती को नाम | जनसंख्या | प्रतिशत | क्र.सं. | जातजाती को नाम | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | चेपाङ्ग | ८,३५७ | ३३·३४ | २ | गुरुङ्ग | ६,६९४ | २६·७० |
| ३ | मगर | ३,००५ | ११·९९ | ४ | ब्राम्हण | १,२१० | ४·८३ |
| ५ | क्षेत्री | १,१३२ | ४·५२ | ६ | तामाङ्ग | ९८९ | ३·९५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | कामी | ७९४ | ३।१७ | ८ | नेवार | ७८२ | ३।१२ |
| ९ | घर्ती | ७५३ | ३।०० | १० | दमाई | ३२८ | १।३१ |
| ११ | सन्यासी | १९३ | ०।७७ | १२ | मुसलमान | १५८ | ०।६३ |
| १३ | थकाली | १०९ | ०।४३ | १४ | थारु | ५२ | ०।२१ |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

## २.८.१० स्थानीय तहका निर्वाचित पदाधिकारी

**तालिका २.८. १३ स्थानीय निर्वाचन २०७४ निर्वाचित उम्मेद्वार**

| सि.नं. | उम्मेदवार | वडा | पद | लिङ्ग | राजनितिक दल | प्राप्त मत |
|---|---|---|---|---|---|---|
| १ | गीता कुमारी गुरुङ्ग | | अध्यक्ष | महिला | नेपाली काँग्रेस | ३,२५४ |
| २ | कृति कुमार श्रेष्ठ | | उपाध्यक्ष | पुरुष | नेपाली काँग्रेस | ३,३८९ |
| ३ | नन्दलाल गिरी | १ | वडाध्यक्ष | पुरुष | ने.क.पा (एमाले) | ४१९ |
| ४ | पंच बहादुर प्रजा | २ | वडाध्यक्ष | पुरुष | ने.क.पा (एमाले) | ४५९ |
| ५ | गोवर्धन अधिकारी | ३ | वडाध्यक्ष | पुरुष | ने.क.पा माओवादी केन्द्र | ५६२ |
| ६ | होम बहादुर रानामगर | ४ | वडाध्यक्ष | पुरुष | नेपाली काँग्रेस | ४४० |
| ७ | मोदराज सिलवाल | ५ | वडाध्यक्ष | पुरुष | नेपाली काँग्रेस | ५७३ |
| ८ | भुपेन्द्र प्रजा | ६ | वडाध्यक्ष | पुरुष | ने.क.पा (एमाले) | ५६३ |
| ९ | बम बहादुर रानामगर | ७ | वडाध्यक्ष | पुरुष | नेपाली काँग्रेस | ९१८ |
| १० | अञ्जु चेपाङ्ग | १ | महिला सदस्य | महिला | ने.क.पा (एमाले) | ४१४ |
| ११ | मैया गुरुङ्ग | २ | महिला सदस्य | महिला | ने.क.पा (एमाले) | ४५९ |
| १२ | डम्बर कुमारी प्रजा | ३ | महिला सदस्य | महिला | ने.क.पा माओवादी केन्द्र | ५७३ |
| १३ | सावित्री गुरुङ्ग | ४ | महिला सदस्य | महिला | नेपाली काँग्रेस | ४५४ |
| १४ | निर्मला श्रेष्ठ | ५ | महिला सदस्य | महिला | नेपाली काँग्रेस | ६१६ |
| १५ | पार्वती गुरुङ्ग | ६ | महिला सदस्य | महिला | ने.क.पा (एमाले) | ५७८ |
| १६ | फूलमती गुरुङ्ग | ७ | महिला सदस्य | महिला | नेपाली काँग्रेस | ८९७ |
| १७ | उम्मेदवारी नपरेको | १ | - | - | - | - |
| १८ | मैया वि.क. | २ | द.महिला सदस्य | महिला | ने.क.पा (एमाले) | ४४३ |
| १९ | मन कुमारी सुनार | ३ | द.महिला सदस्य | महिला | ने.क.पा माओवादी केन्द्र | ५६४ |
| २० | सीता सुनार | ४ | द.महिला सदस्य | महिला | नेपाली काँग्रेस | ४३० |
| २१ | मन कुमारी कामी | ५ | द.महिला सदस्य | महिला | नेपाली काँग्रेस | ६२१ |
| २२ | परिमाया कामी | ६ | द.महिला सदस्य | महिला | ने.क.पा (एमाले) | ५७१ |
| २३ | सुकमाया सुनार | ७ | द.महिला सदस्य | महिला | नेपाली काँग्रेस | ८९२ |
| २४ | बिक्रम चेपाङ्ग | १ | सदस्य | पुरुष | ने.क.पा (एमाले) | ३९२ |
| २५ | प्रेम बहादुर प्रजा | १ | सदस्य | पुरुष | ने.क.पा (एमाले) | ४१२ |
| २६ | बुद्धिमान गुरुङ्ग | २ | सदस्य | पुरुष | ने.क.पा (एमाले) | ४४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७ | खिर बहादुर प्रजा | २ | सदस्य | पुरुष | ने.क.पा (एमाले) | ४४७ |
| २८ | डिल बहादुर प्रजा | ३ | सदस्य | पुरुष | ने.क.पा माओवादी केन्द्र | ५५७ |
| २९ | गोरे गुरुङ्ग | ३ | सदस्य | पुरुष | ने.क.पा माओवादी केन्द्र | ५६७ |
| ३० | मुक्तिनाथ सिलवाल | ४ | सदस्य | पुरुष | नेपाली काँग्रेस | ४२१ |
| ३१ | बाबुकाजी त्रिपाठी | ४ | सदस्य | पुरुष | ने.क.पा माओवादी केन्द्र | ४१९ |
| ३२ | युवराज गुरुङ्ग | ५ | सदस्य | पुरुष | नेपाली काँग्रेस | ६०५ |
| ३३ | बलराम त्रिपाठी | ५ | सदस्य | पुरुष | नेपाली काँग्रेस | ६३८ |
| ३४ | कृष्णराज गुरुङ्ग | ६ | सदस्य | पुरुष | ने.क.पा (एमाले) | ५७४ |
| ३५ | राम बहादुर घर्ती | ६ | सदस्य | पुरुष | ने.क.पा (एमाले) | ५६६ |
| ३६ | टेक बहादुर गुरुङ्ग | ७ | सदस्य | पुरुष | नेपाली काँग्रेस | ८६६ |
| ३७ | मनिराम प्रजा | ७ | सदस्य | पुरुष | नेपाली काँग्रेस | ८८४ |

## तालिका २.८.१४ स्थानीय निर्वाचन २०७४ मतदाता संख्या

| वडा नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ६७० | ४४० | १११० |
| २ | ८८० | ६१३ | १४९३ |
| ३ | १०३९ | ९६७ | २००६ |
| ४ | ८९० | ८६४ | १७५४ |
| ५ | ८९५ | ९०९ | १८०४ |
| ६ | ८४० | ७७३ | १६१३ |
| ७ | १०३१ | ८४३ | १८७४ |

स्रोतः जिल्ला निर्वाचन कार्यालय, चितवन

## तालिका २.८.१५ : आ.व.२०७३/७४ सामाजिक सुरक्षा भत्ता पाउने संख्या

| क्र.सं. | विवरण | संख्या | क्र.सं. | विवरण | संख्या |
|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक दलित | ५८ | २ | आंशिक अशक्त | ६९ |
| ३ | जेष्ठ नागरिक अन्य | ८७५ | ४ | पूर्ण अशक्त | २५ |
| ५ | एकल तथा विधवा महिला | ४२६ | ६ | दलित वालवालिका | १०९ |

स्रोतः जिल्ला समन्वय समिति, चितवन

## तालिका २.८.१६ गाउँपालिकाको वन क्षेत्रको विवरण

| विवरण | संख्या | क्षेत्रफल हे. | लावान्वित घरधुरी |
|---|---|---|---|
| सामुदायिक वन | १७ | २,४७३.२५ | १,३०६ |
| कबुलियति वन | २०२ | ८१९.२६ | १,४८२ |
| निजी वन | ८ | | |

स्रोतः जिल्ला वन कार्यालय, चितवन

# खण्ड ३
# जिल्लाको जनसंख्या

### ३.१ जनसख्या वितरण

नेपालमा औपचारिक रुपमा जनसंख्या लिने काम पहिलो जनगणनाबाट विक्रम सम्मत १९६८ सालबाट शुरु भएको हो। त्यस समयमा नेपालको कुल जनसंख्या ५६ लाख रहेको थियो। त्यसपछि करीब १० वटा जनगणना सम्पन्न भइसकेका छन्। पछिल्लो समयमा विक्रम सम्मत २०६८ सालमा जनगणना सम्पन्न भएको थियो। राष्ट्रिय जनगणना २०६८ का अनुसार चितवन जिल्लाको कूल जनसंख्या ५७९९८४ छ र यसमध्ये महिला ३००,८९७ तथा ७९,०८७ पुरुष छन्। जिल्लाका १ गाउँपालिका., ५ नगरपालिका तथा १ महानगरपालिकाहरुको जनसंख्या सम्वन्धि तथ्याङ्क तल प्रस्तुत गरिएको छ। चितवन जिल्लाको जनसांख्यिक अवस्थालाई हेर्दा जिल्लाको तथ्यांक लिने कार्य आधिकारीक रुपमा २०२८ सालबाट शुरु भएको देखिन्छ।

**तालिका ३.९.१ : २०२८ सालदेखि हालसम्मको जनसंख्या विवरण**

| वर्ष (वि.सं.) | घरसंख्या | जनसंख्या | | | प्रति घरधुरी | वृद्धिदर | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | जनसंख्या | | |
| २०२८ | | १८३६४४ | ९४४०४ | ८९२४० | ९.९५ | १.०६ | |
| २०३८ | ४१४१४ | २६०५७१ | १३३३४९ | १२७२२२ | ६.२९ | ३.४६ | १.०५ |
| २०४८ | ६५१४७ | ३५४४८८ | १७५६५६ | १७८८३२ | ५.४४ | ३.१२ | ०.९८ |
| २०५८ | ९४३१९ | ४७०७१३ | २३३०४४ | २३७६६९ | ४.९९ | २.८६ | ०.९८ |
| २०६८ | १३२४६२ | ५७९९८४ | २७९०८७ | ३००८९७ | ४.३८ | २.०६ | ९२.७५ |

स्रोत: जनगणनाहरु र के.त.वि. का प्रकाशन

### ३.२ जनसंख्याको अवयव (Component) विश्लेषण

वि.सं १९७८ मा चितवनमा जम्मा २०,५२० जनसंख्या र जनघनत्व ९.१७ व्यक्ति प्रति वर्ग कि.मी रहेको थियो। २०५८ को जनगणनाको नतिजा अनुसार चितवन जिल्लाको जनसंख्या ४,७२,०४८ थियो जस मध्ये महिला २,३६,९६४ र पुरुष २,३५,०८४ थिए। जनगणना २०६८ प्रतिवेदन अनुसार चितवनमा कुल ५,७९,९८४ जनसंख्या रहेको छ। २०४८ र २०५८ का विच चितवनको जनसंख्या वृद्धिदर २.८६ प्रतिशत थियो जुन नेपालको औषत वृद्धिदर २.२५ भन्दा बढी हो। राष्ट्रिय जनगणना २०६८ का अनुसार चितवनमा कुल जनसंख्याको ५१.८ प्रतिशत महिला र ४८.२ प्रतिशत पुरुष रहेका छन्। कुल घरपरिवारको संख्या १,३२,४६२ रहेको छ। प्रति परिवारको आकार २०५८ (५.०८) बाट घटेर २०६८ (४.३८) हुन पुगेको छ भने जनघनत्व २६१ व्यक्ति प्रति वर्ग मिटर रहेको छ।

**चित्र १**
**चितवन जिल्लाको जनसंख्या वितरण**




**चित्र २**
**दशक अन्तरालको जनसंख्या वृद्धिदर**



**चित्र ३**
**जनघनत्व विवरण**




### ३.२.१ गाउँपालिका तथा नगरपालिका अनुसार जनसांख्यिक सूचकहरुको अवस्था

जनसंख्याको आधारमा जिल्लामा सवभन्दा वढी जनसंख्याको चाप भएको स्थानीय तह भरतपुर महानगरपालिका हो भने सवभन्दा कम चाप भएको इच्छाकामना गाउँपालिका हो। यसको जनसंख्या २५,००२ रहेको छ। भरतपुर महानगरपालिकाको जनसंख्या २,८०,५०२ (२,८५,१६७ संस्थागत समेत) छ। सबैभनदा कम जनसंख्या भएको नगरपालिका माडी हो जसको जनसंख्या ३७,६८३ छ।

जनसंख्याको वितरण विविधता देखिनुमा स्थानीय तहको क्षेत्रफलमा विविधता, उब्जाऊ भूमी, शहरीकरण तथा यातायात जस्ता भौतिक पूर्वाधारको सुविधामा देखिएको विविधताले पनि प्रभाव पारेको देखिन्छ।

**तालिका ३.२ : गाउँपालिका र नगरपालिका जनसंख्या विवरण**

| गाउँपालिका र नगरपालिका | घरपरिवार संख्या | जम्मा जनसंख्या | पुरुषको संख्या | महिलाको संख्या |
|---|---|---|---|---|
| भरतपुर महा न.पा. | ६९,०३५ | २,८०,५०२ | १,३४,००१ | १,४६,५००१ |
| रत्ननगर न.पा. | १६,०७० | ६९,८५१ | ३३,२५६ | ३६,५९५ |
| खैरहनी न.पा. | १२,३३१ | ५६,०९४ | २६,०७५ | ३०,०१९ |
| कालिका न.पा. | ९,११६ | ४२,४९३ | २०,२१८ | २२,२७५ |
| राप्ती न.पा. | १२,०५५ | ५८,१०७ | २७,७२९ | ३०,३७८ |
| माडी न.पा. | ८,९६० | ३७,६८३ | १६,८७६ | २०,८०७ |
| इच्छाकामना गाउँपालिका | ४,७७८ | २५,००२ | १२,४६० | १२,५४२ |

स्रोत: राष्ट्रिय जनगणना, २०६८

### ३.२.२ घरधूरी तथा परिवार संख्या विश्लेषण

यस जिल्लाको वि.सं. २०३८ पछिको तथ्याङ्क हेर्दा जनसंख्याको वृद्धि संगै घरसंख्यामा पनि वृद्धि हुँदै गएको देखिन्छ, र यसको वृद्धिदर जनसंख्या वृद्धिदरभन्दा उच्च छ। वि.सं. २०३८ देखि २०५८ सम्मको जनसंख्या वृद्धिदर क्रमश: वृद्धि हुदै गएता पनि वि.सं. २०६८ को जनगणनामा वृद्धिदर केही कमी छ। जनगणनाअनुसार यस जिल्लाभित्र जम्माजम्मी १,३२,४६२ परिवारहरू बसोबास गरेको देखिएको छ, जसमध्ये १,३२,३४५ परिवारहरू व्यक्तिगत घरपरिवारको रूपमा बसोबास गरेको र बाँकी ११७ परिवारहरु संस्थागतरूपमा बसोबास गरेको पाइएको छ। दश वर्षअघि अर्थात वि.सं. २०५८ मा कुल परिवार संख्या ९२,८६३ थियो। यसप्रकार जिल्लामा विगत १० वर्षभित्र ३९,५९९ परिवारहरू थप भएको देखिन्छ।

वि.सं. २०६८ मा ग्रामीण क्षेत्रमा १,३२,४६२ परिवार मध्ये गाउँपालिका क्षेत्रमा ४,७७८ अर्थात ३.६१ प्रतिशत र नगरपालिका क्षेत्रमा १,२७,६८४ अर्थात ९६.३९ प्रतिशत परिवारहरू बसोबास गरेको देखिन्छ जबकी २०५८ सालमा ग्रामिणतर्फ ४५,०१५ र शहरीतर्फ ४७,८४८ परिवारहरु बसोबास गरेका थिए। त्यसैगरी स्थानीय तहगत परिवार सङ्ख्यातर्फ दृष्टिगत गर्दा भरतपुर महा न.पा. मा सबैभन्दा धेरै ६९,०३५ परिवारहरू र इच्छाकामना गाउँपालिका सबैभन्दा कम ४,७७८ परिवारहरू बसोबास गर्दछन्। दश वर्षमा हरेक परिवारमा बसोबास गर्ने सरदर सदस्य संख्यामा केही कमी देखिएको छ। यस जिल्लामा राष्ट्रिय जनगणना २०६८ अनुसार एक परिवारमा औसत ४.३८ जना सदस्य संख्या रहेका छन् जुन संख्या २०५८ मा ५.०४ जना थियो। विगत १० वर्षको अवधिमा औषत परिवार संख्या घटेको देखिन्छ।

**चित्र ४**
**घरधुरी तथा परिवारसंख्या विवरण**



**चित्र ५**
**परिवारको औसत आकार**




### ३.२.३ लिंग र उमेर अनुसारको जनसंख्या

जनसङ्ख्याको उमेरगत संरचनालाई ५ वर्षको उमेर समूहमा विभाजन गरी अध्ययन गर्दा १० देखि १४ वर्ष उमेर समूहमा कुल जनसङ्ख्याको सर्वाधिक अंश रहेको देखिन्छ। यो उमेर समूहमा कुल जनसङ्ख्याको १२.३७ प्रतिशत हिस्सा रहेको देखिन्छ। यसलाई ११.८३ प्रतिशत जनसङ्ख्यासहित १५ देखि १९ वर्ष उमेर समूहले पछ्याएको छ। पुरूषको हकमा कुल पुरूष जनसङ्ख्याको सबैभन्दा धेरै र महिलातर्फ पनि कुल महिलाको सबैभन्दा धेरै १० देखि १४ वर्ष उमेर समूहकै व्यक्तिहरू रहेको देखिन्छ। ० देखि ४ वर्षका वालवालिकाहरुको जनसंख्या ७.३८ प्रतिशत रहेको छ। १० देखि १४ वर्ष पछि उमेर समूह वढ्दै जाँदा जनसङ्ख्याको प्रतिशत पनि कम हुँदै गएको देखिन्छ। ९५ वर्ष भन्दा माथिल्लो उमेर समूहमा सबै भन्दा कम जनसंख्या रहेको देखिन्छ जसमा ३११ जना छन्।

**तालिका ३.४ : उमेर समुह र लिंग अनुसारको जनसंख्या वितरण**

| उमेर समुह | जम्मा जनसंख्या | जनसंख्या प्रतिशत | पुरुष जनसंख्या | महिला जनसंख्या | लैंगिक अनुपात |
|---|---|---|---|---|---|
| ०-४ वर्ष | ४२८०१ | ७३८ | २२३९३ | २०४०८ | १०९.७ |
| ५-९ वर्ष | ५६४८३ | ९.७४ | २९२२० | २७२६३ | १०७२ |
| १०-१४ वर्ष | ७१७२४ | १२.३७ | ३६७५६ | ३४९६८ | १०५.१ |
| १५-१९ वर्ष | ६८५९५ | ११.८३ | ३४०१६ | ३४५७९ | ९८.४ |
| २०-२४ वर्ष | ५९२७५ | १०.२२ | २६६०७ | ३२६६८ | ८१.४ |
| २५-२९ वर्ष | ४९१७९ | ८.४८ | २०६११ | २८५६८ | ७२१ |
| ३०-३४ वर्ष | ४१३६६ | ७१३ | १७७९४ | २३५७२ | ७५.५ |
| ३५-३९ वर्ष | ३७८१९ | ६.५२ | १६५६४ | २१२५५ | ७७९ |

| उमेर समूह | जम्मा जनसंख्या | जनसंख्या प्रतिशत | पुरुष जनसंख्या | महिला जनसंख्या | लैंगिक अनुपात |
|---|---|---|---|---|---|
| ४०-४४ वर्ष | ३२८९९ | ५.६७ | १५३७२ | १७५२७ | ८७७ |
| ४५-४९ वर्ष | २८२०८ | ४.८६ | १३८३५ | १४३७३ | ९६.३ |
| ५०-५४ वर्ष | २३७९१ | ४१ | १२०४९ | ११७४२ | १०२६ |
| ५५-५९ वर्ष | १७९२० | ३०९ | ९१७५ | ८७४५ | १०४.९ |
| ६०-६४ वर्ष | १५६ | २.७ | ७६९० | ७९९८ | ९६.१ |
| ६५-६९ वर्ष | १२२९७ | २१२ | ६१३० | ६१६७ | ९९.४ |
| ७०-७४ वर्ष | ८८४७ | १.५३ | ४४७३ | ४३७४ | ९८.३ |
| ७५-७९ वर्ष | ६४६३ | १११ | ३२३१ | ३२३२ | १०२३ |
| ८०-८४ वर्ष | ३७६५ | ०.६५ | १८६२ | १९०३ | १०००० |
| ८५-८९ वर्ष | १७५९ | ०.३ | ८४५ | ९१४ | ९७८ |
| ९०-९४ वर्ष | ७९४ | ०१४ | ३४८ | ४४६ | ९२५ |
| ९५ वर्ष र सो भन्दा बढि | ३११ | ०.०५ | ११६ | १९५ | ७८.० |

स्रोत: राष्ट्रिय जनगणना, २०६८

### ३.२.४ लैंगिक अनुपात

चितवन जिल्लामा पनि अन्य जिल्लामा जस्तै महिलाको संख्या पुरुषको संख्याभन्दा वढी छ। यस जिल्लाको विभिन्न सालमा रहेको लैङ्गीक अनुपात तल देखाईएको छ, जस अनुसार यस जिल्लामा वि.सं. २०३८ साल सम्म महिला भन्दा पुरुषकै संख्या वढी थियो, तर वि.सं. २०४८ साल पछि महिलाको संख्या नै वढी छ ।

वि.सं. २०४८ साल अगाडि महिला भन्दा पुरुषको संख्या वढी हुनुमा यस जिल्ला तर्फ हुने वसाइंसराईको क्रममा पहिला पुरुषहरु कै आगमन हुनेहुनाले हुनुपर्दछ। त्यस्तै हालैको जनगणना २०६८ मा यो अनुपात झन घटेर गएको छ ।

**तालिका ३.५ : लैंगिक अनुपात**

| वर्ष (वि.सं.) | जम्मा | जनसंख्या | | लैङ्गीक अनुपात |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| २०२८ | १८३६४४ | ९४४०४ | ८९२४० | १०५.८ |
| २०३८ | २६०५७१ | १३३३४९ | १२७२२२ | १०४.८ |
| २०४८ | ३५४४८८ | १७५६५६ | १७८८३२ | ९८.२ |
| २०५८ | ३३६८९९ | २३१८५७ | २३६८४२ | ९९.१ |
| २०६८ | ५७९९८४ | २७९०८७ | ३००८९७ | ९२.७५ |

स्रोत: राष्ट्रिय जनगणना, २०२८, ३८, ४८, ५८ र २०६८

## ३.३ प्रजनन्

उमेर समुहगत जनसंख्या अनुसार यस जिल्लाको जनसंख्या ०-१४ वर्ष उमेर समुहमा धेरै र उमेर समुह वढ्दै जादा जनसंख्या क्रमश: घट्दै गएको प्रवृतिले यहां जनसंख्या वृद्धिदर (वा प्रजनन दर) वढी भएको तथ्यतर्फ ईंगित गर्दछ ।

वृहत उमेर समूहको जनसांख्यीक विवरण अनुसार यस जिल्लाको जनसंख्यामा केटाकेटीको समूहले ठूलो ठाउँ ओगटेको छ। यस अनुसार, यस जिल्लाको प्रजनन् शक्ति अझ वढ्न सक्ने संकेत देखिएको छ। वि.सं. २०४८ को भन्दा वि.सं. २०५८ मा र वि.सं. २०५८ भन्दा वि.सं. २०६८ मा यो मात्रा क्रमश: घट्दै गएको भए पनि यसको मात्रा हाराहारी ४० प्रतिशतमा नै छ, जसले यस जिल्लाको प्रजनन् दर उच्च भएको प्रमाणित गर्दछ। त्यस्तै ६५ वर्ष माथिको उमेर समुहका वृद्धहरुको संख्यामा पनि वृद्धि हुँदै जानुले स्वास्थ्य स्थितिमा भएको सुधारको संकेत हुन सक्छ। जे भए पनि यो पक्षले पनि जनसंख्या वृद्धिलाई नै सघाउ पुऱ्याउदछ।

जिल्लाको प्रजनन् दरमा पर्न सक्ने असरलाई अझ विस्तृत रुपमा हेर्नको लागि माथि तालिकामा प्रस्तुत जनसंख्याको उमेरगत विवरणको सारांशलाई वि.सं. २०४८ मा प्रजनन् योग्य उमेर समूह (१४-४९) मा ४७.८ प्रतिशत महिला जनसंख्या थियो भने, वि.सं. २०५८ मा ४९ प्रतिशत छ र वि.सं. २०६८ मा उक्त समूहमा कूल महिला जनसंख्याको आधाभन्दा धेरै भाग (५७.३४ प्रतिशत) हुने देखिन्छ। यस तथ्याङ्कअनुसार, उक्त उमेर समूहका महिलाहरुको संख्यामा वि.सं. २०४८ को तुलनामा वि.सं. २०५८ मा १.२० प्रतिशतले वृद्धि भएको देखियो भने, वि.सं. २०५८ को तुलनामा वि.सं. २०६८ मा १.६० प्रतिशतले बढेको देखिएको छ।

**तालिका ३.६ : प्रजनन् योग्य उमेर समूहका महिलाहरु**

| विवरण | वि.सं. २०४८ | वि.सं. २०५८ | वि.सं. २०६८ |
|---|---|---|---|
| जम्मा महिला संख्या | १७८८३२ | २३७६६९ | ३००८९७ |
| १५-४९ उमेरका महिला संख्या | ८५४८२ | ११६४५८ | १७२५४२ |
| प्रजनन्योग्य महिलाको प्रतिशत | ४७.८० | ४९.०० | ५७.३४ |
| वृद्धि प्रतिशत | | १.२० | १.६० |

स्रोत: राष्ट्रिय जनगणना, २०४८, ५८ र २०६८

### ३.३.१ शिशु-महिलाको अनुपात (Child Women Ratio)

जनसांख्यिक गतिशिलताको विश्लेषण गर्दा शिशु-महिलाको अनुपातले प्रजनन् योग्य उमेरका महिलाहरुले गर्भधारण गर्ने प्रक्रिया (incidence) लाई जनाउँदछ, र यसले एउटा पूर्ण जनसंख्या भित्र महिलाहरुको संख्याको अनुपातमा रहेका वच्चाहरुको संख्यालाई जनाउँदछ। यद्यपी पूर्ण रुपमा नभए पनि, प्रजनन् दरको मापन गर्ने यो पनि एउटा उपाय हो।

प्रजनन्योग्य उमेरका कूल महिलाहरुको संख्याले छ वर्ष मुनिका उमेरमा रहेका केटाकटीको कूल संख्यालाई भाग गरेर आउने परिणाम नै हरेक महिलाकोलागि वच्चाको अनुपातको रुपमा लिईन्छ। यसलाई १००० ले गुणन गरी यो अनुपातलाई प्रति हजार महिलामा व्यक्त गर्ने गरिन्छ। चितवन

जिल्लाकोलागि तालिकाहरुको आधारमा यो अनुपात निम्न तालिका वमोजिम देखाउन सकिन्छ।

**तालिका ३.७ : शिशु–महिला अनुपात**

| विवरण | वि.सं. २०४८ | वि.सं. २०५८ | वि.सं. २०६८ |
|---|---|---|---|
| १५-४९ उमेरका महिला संख्या | ८५४८२ | ११६४५८ | १७२५४२ |
| ०-४ उमेरका वालवालिका संख्या | ५४०४५ | ६७५२२ | २०४०८ |
| शिशु-महिला अनुपात | ६३२.२४ | ५७९.८० | ४९४.९६ |

स्रोत: राष्ट्रिय जनगणना, २०४८, ५८ र २०६८,

उपरोक्त तालिका अनुसार यस जिल्लाको शिशु-महिला अनुपात क्रमिक रुपमा घट्दै गईरहेको छ। वालवालिकाको जनसंख्या प्रतिशत घट्ने क्रमसंगै यो अनुपात पनि घटदै गएको छ।

## ३.४ अपाङ्गता भएका व्यक्तिहरूको विवरण

जिल्लाका कुल जनसङ्ख्याको २.२३ प्रतिशत हिस्सामा वा १२,९३७ जनामा कुनै एक वा वढि प्रकारको अपाङ्गता रहेको देखिएको छ। शारीरिक अपाङ्गता भएका कुलव्यक्तिहरू ३,९०६ मध्ये २,३७४ पुरूष र बाँकी १,५३२ महिला रहेको देखिन्छ। अपाङ्गता भएका व्यक्तिहरूमध्ये ३०.१९ प्रतिशतमा शारीरिक अपाङ्गता, २४.१० प्रतिशतमा दृष्टिसम्बन्धी अपाङ्गता, १५.५३ प्रतिशतमा सुनाइसम्बन्धी अपाङ्गता, २.१४ प्रतिशतमा श्रवण दृष्टिबिहिनता, १३.९० प्रतिशतमा स्वर बोलाइसम्बन्धी अपाङ्गता, ७.०२ प्रतिशतमा मानसिक अपाङ्गता, ३.५९ प्रतिशतमा बौद्धिक अपाङ्गता र १०.३७ प्रतिशतमा बहुअपाङ्गता भएको पाइएको छ।

**तालिका ३.८ : अपाङ्गता भएका व्यक्तिहरूको विवरण**

| अपाङ्गताको प्रकार | पुरूष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| शारीरिक अपाङ्गता | २,३७४ | ३४.०५ | १,५३२ | २५.६९ | ३,९०६ | ३०.१९ |
| दृष्टिसम्बन्धी अपाङ्गता | १,५३७ | २२.०४ | १,५८१ | २६.५१ | ३,११८ | २४.१० |
| सुनाईसम्बन्धी अपाङ्गता | १,०१२ | १४.५१ | ९९७ | १६.७२ | २,००९ | १५.५३ |
| श्रवण तथा दृष्टि सम्बन्धी अपाङ्गता | ११६ | १.६६ | १६१ | २.७० | २७७ | २.१४ |
| स्वर/बोलाई सम्बन्धी अपाङ्गता | ७४६ | १०.७० | ६३५ | १०.६५ | १,३८१ | १०.६७ |
| मानसिक अपाङ्गता | ४१६ | ५.९७ | ४०३ | ६.७६ | ८१९ | ६.३३ |
| बौद्धिक अपाङ्गता | २२४ | ३.२१ | १८४ | ३.०९ | ४०८ | ३.१५ |
| बहुअपाङ्गता | ५४८ | ७.८६ | ४७१ | ७.९० | १,०१९ | ७.८८ |
| जम्मा | ६,९७३ | १००.०० | ५,९६४ | १००.०० | १२,९३७ | १००.०० |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

महिला तथा बालबालिका कार्यालय, चितवनका अनुसार २०७२०७३ सम्म ३,७३८ वटा अपाङ्गता परिचय वितरण गरिएकोमा सबैभन्दा बढी "ख" वर्गको १,५८८, दोश्रोमा "ग" वर्गको १,०३४ र तेश्रोमा "क" वर्गको ५७७ तथा "घ" वर्गको ५३९ वटा वितरण गरेको पाईन्छ। २०७३ चैत्र सम्म वितरण गरिएका जेष्ठ नागरिक परिचयपत्र पाउने व्यक्ति जम्मा २,५९१ जना मध्ये पुरुष १,३८५ तथा महिला १,२०६ रहेका छन्।

**तालिका ३.९ : अपाङ्गता भएका व्यक्तिहरूको विवरण**

| अपाङ्गताको प्रकार | पुरूष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| " क " वर्गको अपाङ्गता | २१९ | १४·३ | ३५८ | १६·३ | ५७७ | १५·४ |
| " ख " वर्गको अपाङ्गता | ६६६ | ४३·४ | ९२२ | ४१·९ | १,५८८ | ४२·५ |
| " ग " वर्गको अपाङ्गता | ४२९ | २७९ | ६०५ | २७५ | १,०३४ | २७७ |
| " घ " वर्गको अपाङ्गता | २२१ | १४·४ | ३१८ | १४·४ | ५३९ | १४·४ |
| | १,५३५ | १००·० | २,२०३ | १००·० | ३,७३८ | १००·० |

स्रोत: महिला तथा वालवालिका कार्यालय, चितवन

## ३.५ वसाइँसराइ

वसाइंसराइले जनसंख्याको आकार, बनावट तथा वितरणमा परिवर्तन ल्याउछ।वसाइंसराइ र विकासको घनिष्ट सम्बन्ध रहन्छ, वसाइंसराइले मानव विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउछ।चितवन जिल्लाको वसाइंसराइको प्रकृति हेर्दा यहाँवाट वाहिर जाने (out-migration) भन्दा वाहिरवाट यस जिल्ला तर्फ आउने (in-migration) को वाहुल्यता छ।

### ३.५.१ आन्तरिक बसाईसराइ

वाहिरवाट यस जिल्लातर्फ आउने प्रक्रियाको वारेमा पनि कुनै वैज्ञानिक ढंगले अनुशन्धान वा खोज नभएतापनि त्यसको वारेमा तथ्याङ्कहरु जनगणनाबाट प्राप्त भएका छन्। वसाइंसराइको प्रकृतिलाई हेर्दा यो एक वहु आयामिक प्रक्रिया भएको स्पष्ट हुन्छ यसमा धेरै तत्वहरुको प्रभाव रहेको हुन्छ।

वि.सं. २०१३ साल भन्दा अघि औलोको कारण यस जिल्लामा आदिवासीहरु वाहेक अन्य समुदायको खासै उपस्थिति थिएन, तर राप्ती दून विकास कार्यक्रम लागू भई औलो नियन्त्रँण भए पछि यस जिल्ला तर्फ आप्रवासीहरुको ओईरो लाग्न थाल्यो। पहाडवाट यस जिल्लामा आउने प्रथम चरणका समूदायहरु (वि.सं २०११ र २०१२ सालको वाढी पहिरोवाट पिडितहरु) को प्रमुख उद्देश्य आधारभूत आवश्यकता पूर्ति गर्ने वा कृषि उत्पादनका लागि खेतियोग्य भूमिको चाहना तर्फ केन्द्रित थियो भने दोश्रो चरणमा आउनेहरुको मूख्य उदेश्य वढी अवसरको खोजि गर्नु वा शहरी वस्तीको चाहना रहेको थियो। त्यसैले सुरुसुरुमा भर्नेहरुको लागि आ-आफ्नो उद्‌गमस्थानका कारणहरु (Push Factor) वढी प्रभावकारी थिए भने हालमा पहाडवाट वसाइ सर्नेहरुका लागि चितवनको आकर्षण (Pull Factor) बढी प्रभावकारी भएको देखिन्छ। त्यसैले आन्तरिक वसाइसराइमा वृद्धि भएको देखिन्छ भने पहाडी

क्षेत्रका धेरै व्यक्तिहरू खेती योग्य भूमि, स्वास्थ्य, शिक्षाका सुविधाको पहुच भएकोले चितवनप्रति आकर्षित भएको देखिन्छ। यस जिल्लाको शहरीकरणको प्रभावबाट पनि पहाडी जिल्लामा मानिसहरुमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । जिल्लाको जनसंख्यामा अरु जिल्लाबाट आउनेको संख्याको बढी हुने जिल्लाहरु मध्ये चितवन तेस्रो स्थानमा पर्दछ, पहिलो काठमाडौ र दोश्रो ललितपुर पर्दछन्। यस जिल्लाको जनसंख्याको ३२ प्रतिशत अन्य जिल्लाबाट आउनेहरु रहेका छन्। अन्य जिल्लाबाट झर्नेहरु मध्ये गोर्खाबाट आउनेको १४ प्रतिशत, नवलपरासीबाट ८.८, तनहुबाट ७.४, धादिङ्गबाट ६.९ र लमजुङ्गबाट ६.५ प्रतिशत रहेको छ। यस जिल्लाबाट अन्य जिल्लामा बसाईसरी जानेको संख्या ५४,७९८ र अन्य जिल्लाबाट बसाइ सरी यस जिल्लामा आउनेको संख्या १,८६,२१४ छ। खुद बसाईसराइ २२.७ प्रतिशत देखिन्छ।

### तालिका ३.१० बसाईसराईको अवस्था

| जनसंख्या | संख्या | | प्रतिशत | | जम्मा जनसंख्याको प्रतिशत | | Net migration |
|---|---|---|---|---|---|---|---|
| | Out-migrants | In migrants | Out-migrants | In-migrants | Out-migrants | In-migrants | |
| ५,७९,९८४ | ५४,७९८ | १८६२१४ | १.४ | ४.९ | ९.४ | ३२.१ | २२.७ |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

यस जिल्लामा बसोवास गर्ने मध्येमा स्वदेशमा जन्मेका ९६.२७ प्रतिशत र विदेशमा जन्मेका २.८१ प्रतिशत देखिन्छ। स्वदेशमा जन्मेका मध्ये यस जिल्लामा जन्मेका ६५.५१ प्रतिशत र अन्य जिल्लामा जन्म भई यस जिल्लामा बसोबास गरेका ३४.४९ प्रतिशत देखिएको छ। लैङ्गिकरुपमा हेर्दा अर्को जिल्लाबाट जन्म भई यस जिल्लामा बसाई सरी आउनेमा महिला ३६.२५ र पुरुष ३२.५४ प्रतिशत देखिन्छ। यसरी अन्य जिल्लाबाट बसाई सरी आउनुको प्रमुख कारणमा विवाहमा १६.३८ प्रतिशत, आश्रितमा २९.८९ प्रतिशत तथा कृषि गर्नका लागि २३.२३ प्रतिशत रहेको छ। विवाहमा पनि खासगरी महिलाको प्रतिशत २८.९६ रहेको छ भने कृषि गर्नका लागि पुरुषको २८.७३ र महिला १८.७८ प्रतिशत देखिन्छ। बसाई सरी आएपछि १० वर्षभन्दा बढी बस्ने ५०.७२ प्रतिशत, १-५ वर्ष बस्ने २३.३४ प्रतिशत तथा ६-१० वर्ष बस्ने १६.१९ प्रतिशत जनगणनाबाट प्राप्त नतिजाले देखाएको छ।

### तालिका ३.११ जन्मस्थानको आधारमा जनसंख्या

| जन्मस्थान | दुवै | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| स्वदेश | ५४८,४७३ | ९६.२७ | २५९,८१५ | ९६.०१ | २८८६५९ | ९६.५० |
| उही जिल्ला | ३५९३१४ | ६५.५१ | १७५२८३ | ६७.४६ | १८४०३१ | ६३.७५ |
| अर्को जिल्ला | १८९१५९ | ३४.४९ | ८४५३२ | ३२.५४ | १०४६२८ | ३६.२५ |
| विदेश | १६,००७ | २.८१ | ८,३८७ | ३.१० | ७६२० | २.५५ |
| नखुलेको | ५,२५१ | ०.९२ | २,४१३ | ०.८९ | २८३८ | ०.९५ |
| जम्मा | ५६९,७३२ | १००.०० | २७०,६१५ | १००.०० | २९९११७ | १००.०० |

**तालिका ३.१२ जिल्लामा बसाइ सरी आउनुको मुख्य कारण अनुसार जनसंख्या**

| बसाइ सर्नुको कारण | दुवै | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कृषि | ४३९३३ | २३.२३ | २४२८८ | २८.७३ | १९६४४ | १८.७८ |
| व्यवसायय | ८५११ | ४.५० | ५९०७ | ६.९९ | २६०४ | २.४९ |
| नोकरी | १३१६२ | ६.९६ | १११४९ | १३.१९ | २०१३ | १.९२ |
| अध्ययन | १६७३१ | ८.८४ | ९१४५ | १०.८२ | ७५८६ | ७.२५ |
| विवाह | ३०९८४ | १६.३८ | ६८२ | ०.८१ | ३०३०२ | २८.९६ |
| आश्रित | ५६५४६ | २९.८९ | २३८३८ | २८.२० | ३२७०८ | ३१.२६ |
| द्वन्द | ६९३ | ०.३७ | ३४३ | ०.४१ | ३५० | ०.३३ |
| अन्य | ९७९४ | ५.१८ | ५२१४ | ६.१७ | ४५८० | ४.३८ |
| उल्लेख नभएको | ८८०७ | ४.६६ | ३९६७ | ४.६९ | ४८४० | ४.६३ |
| जम्मा | १८९,१५९ | १००.०० | ८४,५३२ | १००.०० | १०४,६२८ | १००.०० |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

**तालिका ३.१३ बसाई सरी आएर बसेको अवधि अनुसार जनसंख्या**

| बसाई अवधि | दुवै | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ वर्ष भन्दा कम | ८२२२ | ४.३५ | ३७०५ | ४.३८ | ४,५१७ | ४.३२ |
| १-५ वर्ष | ४४१४६ | २३.३४ | १९६८१ | २३.२८ | २४४६५ | २३.३८ |
| ६-१० वर्ष | ३०६३२ | १६.१९ | १२८३० | १५.१८ | १७८०२ | १७.०१ |
| १० वर्ष भन्दा बढी | ९५९४६ | ५०.७२ | ४४४१९ | ५२.५५ | ५१५२७ | ४९.२५ |
| नखुलेको | १०२१३ | ५.४० | ३८९७ | ४.६१ | ६३१६ | ६.०४ |
| जम्मा | १८९१५९ | १००.०० | ८४५३२ | १००.०० | १०४,६२७ | १००.०० |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

## ३.६ सामाजिक स्थिति

### ३.६.१ धर्मको आधारमा जनसंख्याको संरचना

नेपाललाई धर्म निरपेक्ष राज्य घोषणा गरिएतापनि हिन्दु धर्म मान्नेको बाहुल्यता छ। नेपाल हिन्दूको अतिरिक्त वौद्ध, जैन किरात, इस्लाम, वहई, शिख आदि धर्महरू अस्तित्वमा रहेका छन्। विभिन्न धर्म र धर्मालम्वीहरुको स्थल भए तापनि यहाँ धार्मिक सहिष्णुता परापूर्वकालदेखि रहिआएको छ। नेपालमा जसरी विभिन्न धर्म तथा धर्मालम्वी रहेका छन्, त्यसरी नै चितवनमा पनि विभिन्न धर्म मान्ने मानिसहरू रहेका छन्। वि.सं.२०६८ को राष्ट्रिय जनगणना अनुसार जिल्लाभित्र विभिन्न १० वटा धर्म मान्ने व्यक्तिहरू रहेको देखाएको छ। यसअनुसार हिन्दु धर्माबलम्बी ८१.४० प्रतिशत पुगेको छ। वौद्ध धर्मावलम्वीहरू कुल जनसङ्ख्याको १३.०२ प्रतिशत रहेका छन्। ईस्लाम धर्म मान्ने जनसंख्या १.१६ प्रतिशत तथा क्रिश्चियन धर्म मान्ने ३.३८ प्रतिशत रहेको छ। अन्य धर्माबलम्बीहरु

नगन्य रहेका छन् । गत जनगणनामा यस जिल्लाभित्र हिन्दु ८२.७५, बौद्ध १५.४८ प्रतिशत धर्माबलम्बी देखिएका थिए। जसअनुसार हिन्दु धर्माबलम्बी १.३५ प्रतिशतले घटेको पाईएको छ भने क्रिश्चियन धर्माबलम्बी ०.७७ बाट बढेर ३.३९ प्रतिशत पुगेको देखिन्छ। साथै ईस्लाम धर्माबलम्बी ०.७७ बाट बढेर १.१६ प्रतिशत पुगेको देखिन्छ ।

**तालिका ३.१४ धर्म अनुसार जनसंख्या**

| सि. नं. | धर्म | रा. ज. ग. २०६८ | | | | रा. ज. ग. २०५८ | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
| | | ५७९,९८४ | २७९,०८७ | ३००,८९७ | १०० | ४७२,०४८ | १०० |
| १ | हिन्दु | ४७२,१०३ | २२६,६८१ | २४५,४२२ | ८१·४ | ३९०,६१६ | ८२·७५ |
| २ | बौद्ध | ७५,५०९ | ३५,८१७ | ३९,६९२ | १३·०२ | ७३,०६२ | १५·४८ |
| ३ | ईस्लाम | ६,७४१ | ४,०४२ | २,६९९ | १·१६ | ३,६३६ | ०·७७ |
| ४ | किरात | २२५ | १०५ | १२० | ०·०४ | २०२ | ०·०४ |
| ५ | क्रिश्चियन | १९,६८२ | ९,२५५ | १०,४२७ | ३·३९ | ३,६१४ | ०·७७ |
| ६ | प्रकृति | ३,७६५ | १,८६४ | १,९०१ | ०·६५ | ० | ०·०० |
| ७ | बोन | ४८ | १८ | ३० | ०·०१ | ० | ०·०० |
| ८ | जैन | ५ | ३ | २ | ० | ० | ०·०० |
| ९ | बराई | १० | ४ | ६ | ० | २० | ०·०० |
| १० | शिख | ७ | ३ | ४ | ० | १०४ | ०·०२ |
| ११ | नखुलेको | १,८८९ | १,२९५ | ५९४ | ०·३३ | ७९४ | ०·१७ |

श्रोत : राष्ट्रिय जनगणना २०६८, २०५८

### ३.६.२ जाति अनुसार जनसंख्याको संरचना

यहाँ २००७-२०१३ सालसम्म विभिन्न किसिमका राष्ट्रिय तथा अन्तराष्ट्रिय परियोजनाहरू सञ्चालन गरी अनुपयुक्त क्षेत्रलाई उपयुक्त क्षेत्रको रूपमा रूपान्तरण गर्ने कार्यक्रमहरू सञ्चालन गरिएको थियौ। उपयुक्त क्षेत्रको रूपमा रूपान्तरण गर्ने कार्यक्रमहरू सञ्चालन गर्नाले यहाँ पहाडवाट वसाई-सराई गर्नेहरुको संख्या तिव्रता आयो र विभिन्न स्थानमा विभिन्न जनजातिहरू वसोवास गरेका छन्। पहाडी क्षेत्रमा गुरुङ्ग, मगर, चेपाङ्ग तथा तामाङहरू आदिमकालदेखि वसोवास गरेको पाइन्छ। यसरी नै थारु जाति आदिमकालदेखि चितवनक राप्ती उपत्यकामा वसोवास गरेको पाइन्छ। यहाँ वोटे, कुमाल, दराई जातिहरू पनि पुराना जातिहरूको रूपमा परिचित भएका छन्। २०१३ सालदेखि पहाडी क्षेत्रवाट वसाईसराई गर्नेको संख्या तीव्रता आएकोले ब्राह्मण, क्षेत्री, नेवार, गुरुङ आदि जातिहरूले आ-आफ्नो वसोवास स्थल कायम गरेका छन् ।

वि.सं.२०६८ को राष्ट्रिय जनगणना अनुसार जिल्लामा बसोवास गर्दै आएका मुख्य जातजातिहरूमा क्रमश ब्राम्हण पहाडी (२८.५६%), क्षेत्री (११.३६%) थारु (१०.९२%), तामाङ्ग (७.९७%), गुरुङ्ग (६.७५%), नेवार (५.२२%), चेपाङ्ग (५.००%)कामी (४.८८%), मगर (४.८३%) दमाई (२.०९%),

कुमाल (१.६०%), दराई (१.३८%), सार्की (१.२४%), मुसलमान (१.१७%) आदी रहेका छन् भने विगतको राष्ट्रिय जनगणना २०५८ अनुसार यस जिल्लामा ब्राम्हण पहाडी (२९.३१%), थारु (१२.७४%), क्षेत्री (१०.९५%), तामाङ्ग (७.३६%), गुरुङ्ग (६.७३%), नेवार (५.४३%), कामी (४.४५%), चेपाङ्ग (४.५०%), मगर (४.१६%) दमाई (२.२४%), कुमाल (१.६०%), दराई (१.५३%), सार्की (१.१६%) आदी रहेका थिए।

## तालिका ३.१५ प्रमुख जातजाति अनुसार जनसंख्या

| क्र.सं. | जातजाति | २०५८ | | २०६८ | | वृद्धि दर |
|---|---|---|---|---|---|---|
| | | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | |
| १ | ब्राह्यमण पहाड | १३८,३७४ | २९.३१ | १६५,६५२ | २८.५६ | १.८० |
| २ | क्षेत्री | ५१,६८५ | १०.९५ | ६५,८९४ | ११.३६ | २.४३ |
| ३ | थारु | ६०१२१ | १२.७४ | ६३,३५९ | १०.९२ | ०.५२ |
| ४ | तामाङ्ग | ३४७३७ | ७३६ | ४६११८ | ७९७ | २.८५ |
| ५ | गुरुङ्ग | ३१७८९ | ६.७३ | ३९१५५ | ६.७५ | २.०८ |
| ६ | नेवार | २५६२७ | ५.४३ | ३०२५६ | ५.२२ | १.६६ |
| ७ | चेपाङ्ग | २१२४६ | ४.५ | २८९८९ | ५ | ३११ |
| ८ | कामी | २१०१८ | ४.४५ | २८३१८ | ४.८८ | २.९८ |
| ९ | मगर | १९६४३ | ४१६ | २७९८५ | ४.८३ | ३.५४ |
| १० | दमाई | १०५९४ | २.२४ | १२१०१ | २.०९ | १.३३ |
| ११ | कुमाल | ७५३९ | १.६ | ९३०२ | १.६ | २१० |
| १२ | दराई | ७२१७ | १.५३ | ८०११ | १.३८ | १.०४ |
| १३ | सार्की | ५४८० | ११६ | ७२१८ | १.२४ | २.७५ |
| १४ | मुसलमान | ३६३१ | ०.७७ | ६७८० | ११७ | ६.२४ |
| १५ | घर्ती | ३३४१ | ०७१ | ४४३० | ०.७६ | २.८२ |
| १६ | राई | ३२५७ | ०.६९ | ३९६२ | ०.६८ | १.९६ |
| १७ | सन्यासी | ३६९४ | ०.७८ | ३७१६ | ०.६४ | ०.०६ |
| १८ | ठकुरी | २६८० | ०.५७ | ३४८८ | ०.६ | २.६४ |
| १९ | वोटे | २५७१ | ०.५४ | ३०९४ | ०.५३ | १.८५ |
| २० | तेली | ९६५ | ०.२ | १५५१ | ०.२७ | ४.७५ |
| २१ | काठबनियान | ९४२ | ०.२ | १४२० | ०.२४ | ४१० |
| २२ | घले | ० | ० | १२५४ | ०.२२ | |
| २३ | कलवार | ८३७ | ०१८ | १२५२ | ०.२२ | ४.०३ |
| २४ | दनुवार | ४०२ | ०.०९ | १११० | ०१९ | १०१६ |
| २५ | यादव | ६६५ | ०१४ | १०९९ | ०१९ | ५.०२ |
| २६ | कानु | ५७९ | ०१२ | १०६२ | ०१८ | ६.०७ |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

### ३.६.३ भाषाअनुसार जनसंख्याको संरचना

भाषा संचारको एक माध्यम हो, जसले व्यत्तिहरुका बिच विचारहरूको आदान-प्रदान गराउछ र समूह, समूदाय तथा समाजका सवै तहका व्यक्तिहरूका व्यवहारलाई परिचित गराउँछ। त्यस्तै मानवीय इच्छा, आकँक्षा तथा आवश्यकताहरू मुखरत गर्ने, पूरा गर्न आवाज बुलन्द गराउने माध्यम नै भाषा हो। हाम्रो देश विविध जनजाति भएको देश हुनाले विभिन्न मातृभाषाहरू स्थानीय भाषाको रूपमा प्रयोग गरिएकाछन्। यस्तै विभिन्न जनजातिका आआफ्नै भाषा रहेको हुँदा भाषामा विविधता रहेको पाइन्छ। नेपालको राष्ट्रभाषा नेपाली हो, जहाँ दुई तिहाइ भन्दा वढी मानिसहरू नेपाली भाषा नै प्रयोग गरेका छन्। राष्ट्रभाषा नेपालीको अतिरिक्त राष्ट्रिय भाषाहरू रहेका छन्। यहाँका धेरैजसो भाषाहरू जातिगत भाषाका रूपमा विकसित भएको पाइन्छ।

राष्ट्रिय जनगणना २०६८ ले जिल्लाभित्र अक्सर बसोबास गर्ने व्यक्तिहरूले बोल्ने मातृभाषाको संख्या जम्माजम्मी १३ वटा रहेको देखाएको छ। गत २०५८ सालको जनगणनामा जस्तै यस पटकको जनगणनाको नतिजाले पनि मातृभाषा नेपाली हुने व्यक्तिहरूको सर्वोच्च हिस्सा रहेको देखाएको छ। यसअनुसार नेपाली भाषा मातृभाषा हुनेहरू विगत २०५८ सालको ६८.९६ प्रतिशतबाट ७०.१४ प्रतिशतमा बढेको देखिन्छ। नेपाली पछि थारु मातृभाषा हुनेहरू १०.१६ प्रतिशत हिस्सासहित दोस्रो बाहुल्यतामा छन् जुन २०५८ सालमा १२.१५ प्रतिशत थियो। यसैगरी तेश्रो स्थानमा देखिएको भाषा तामाङ्ग हो जसको प्रतिशत ५.२४ बट घटेर ४.९२ प्रतिशत पुगेको छ। त्यसपछिको भाषा चेपाङ्ग हो जुन २.५६ प्रतिशतबाट बढेर ३.७१ पुगेको देखिन्छ। गुरुङ्ग मातृभाषा हुनेहरूको संख्या २.८३ प्रतिशत, भोजपुरी मातृभाषा हुनेहरूको संख्या १.६७ प्रतिशत, मगर मातृभाषा हुनेहरूको संख्या १.६१ प्रतिशत, नेवार मातृभाषा हुनेहरूको संख्या १.५८ प्रतिशत, दराई मातृभाषा हुनेहरूको संख्या १.१४ प्रतिशत साथै अन्य भाषाहरुमा मैथिली वोटे, हिन्दि आदि हुन्।

**तालिका ३.१६ भाषा अनुसारको जनसंख्या**

| सि. न. | रा. ज. ग. २०६८ | | | | | रा. ज. ग. २०५८ | |
|---|---|---|---|---|---|---|---|
| | मातृभाषा | जम्मा | पुरुष | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
| १ | नेपाली | ४०६७८२ | १९३६०५ | २१३१७७ | ७०१४ | ३२५५३४ | ६८९६ |
| २ | थारु | ५८९१३ | २७४३६ | ३१४७७ | १०१६ | ५७३७५ | १२१५ |
| ३ | तामाङ्ग | २८५४१ | १३९४५ | १४५९६ | ४९२ | २४७४७ | ५.२४ |
| ४ | चेपाङ्ग | २१५३६ | १०८८८ | १०६४८ | ३७१ | १२०९८ | २५६ |
| ५ | गुरुङ्ग | १६३८९ | ७४३५ | ८९५४ | २८३ | १३७४४ | २९१ |
| ६ | भोजपुरी | ९६६८ | ६४३९ | ३२२९ | १६७ | ३४८७ | ०७४ |
| ७ | मगर | ९३२१ | ४२७६ | ५०४५ | १६१ | ७२९५ | १.५५ |
| ८ | नेवार | ९१७४ | ४३९७ | ४७७७ | १.५८ | १०८०१ | २२९ |
| ९ | दराई | ६६२५ | ३१०८ | ३५१७ | ११४ | ५७७३ | १.२२ |